## श्रीगणेशचतुर्थी-पूजाविधिः

तद्यथा मध्याह्नव्यापिनी कार्या। प्रातः शुक्लतिलैः स्नात्वा मध्याह्ने पूजयेदिति निर्दिष्टत्वान्मध्याह्नव्यापिन्यामेव कार्यमिति। मध्याह्ने यथाविधिः स्नात्वा पूजास्थाने उपविश्य कुशहस्तो भक्तियुक्तः पुरुष आचम्य सङ्कल्पं कुर्यात्–ॐ तत्सत् २ ॐ विष्णुः २ पूर्वसङ्कल्पसिद्धिरस्तु ममेह जन्मनि जन्मान्तरे वा पुत्र-पौत्र-धन-विद्या-जय-यशः स्त्रीकामाऽऽयुष्याभिवृद्ध्यर्थं श्रीसिद्धिविनायकप्रीत्यर्थं यथाज्ञानं पुरुषसूक्तं पुराणोक्तमन्त्रैर्वा ध्यानावाहनादि षोडशोपचारैः, अस्यां मूर्तौ श्रीसिद्धिविनायकपूजनमहं करिष्ये। सिद्धिमूर्तिपूजने प्राणप्रतिष्ठादिकं न भवति, पार्थिवमूर्तिपक्षे प्राणप्रतिष्ठादिकं कर्तव्यम्। तद्यथा–पार्थिवमूर्तौ देवस्थापनम्। ॐ हेरम्बाय नमः इति मृदाहरणम्। ॐ सुमुखाय नमः इति सङ्घट्टनम्। ॐ गौरीसुताय नमः इति स्थापनम्। एवं क्रमेण संस्थाप्य ततः प्राणप्रतिष्ठां कुर्यात्–ॐ अस्य प्राणप्रतिष्ठा मन्त्रस्य ब्रह्मा-विष्णु-महेश्वरा ऋषयः। ऋग्यजुःसामाथर्वच्छन्दांसि। क्रियामयवपुः प्राणाख्योदेवता। आं बीजम्। ॐ आं ह्रीं क्रौं अं यं रं लं वं शं षं सं हं ळं क्षं अं अस्यां मूर्तौ प्राणाः प्रतिष्ठन्तु। पुनः पूर्ववत्–ॐ आं ह्रीं क्रौं

अं० अस्यां मूर्तौ जीवस्तिष्ठतु । पुनः पूर्ववत्–ॐ आं ह्रीं क्रौं अं० अस्यां मूर्तौ सर्वेन्द्रियाणि श्रोत्रत्वक्चक्षुर्जिह्वाघ्राणवाक्पाणिपादपायूपस्थानि इहैवागत्य सुखं चिरं तिष्ठन्तु स्वाहा इति प्राणप्रतिष्ठां विधाय दीपकलश-गणेशपूजनं च कृत्वा ध्यायेत्। ध्यानम्–ॐ एकदन्तं शूर्पकर्णं गजवक्त्रं चतुर्भुजम्। पाशाङ्कुशधरं देवं ध्यायेत् सिद्धिविनायकम् ॥ ध्यायेद्देवं महाकायं तप्तकाञ्चनसन्निभम्। दन्ताक्षमालापरशुपूर्णमोदकहस्तकम्। मोदकासक्तशुण्डं तमेकदन्तं विनायकम् ॥ आवाहनम्–ॐ सहस्रशीर्षेति०, ॐ आवाहयामि विघ्नेश सुरराजार्चितेश्वर ! अनाथनाथ सर्वज्ञ ! पूजार्थं गणनायक ॥ आसनम्–ॐ पुरुषऽएवेदमिति० । ॐ विचित्ररत्नरचितं दिव्यास्तरणसंयुतम् । स्वर्णसिंहासनं चारु गृहाण सुरपूजित ॥ पाद्यम्–ॐ एतावानस्येति० । ॐ सर्वतीर्थसमुद्भूतं पाद्यं गन्धादिसंयुतम्। विघ्नराज ! गृहाणेदं भगवन् भक्तवत्सल ॥ अर्घ्यम्–ॐ त्रिपादूर्ध्वमिति० । ॐ अर्घ्यं च फलसंयुक्तं गन्धपुष्पाक्षतैर्युतम्। गणाध्यक्ष ! नमस्तेऽस्तु गृहाण करुणानिधे ! ॥ मधुपर्कम्–ॐ ततोविष्वङ् इति। ॐ दध्याज्यमधुसंयुक्तं मधुपर्कं मयाहृतम्। गृहाण सर्वलोकेश ! गणनाथ ! नमोऽस्तु ते ॥ आचमनम्–ॐ ततोविराडिति० । ॐ विनायक नमस्तुभ्यं त्रिदशैरभिवन्दित ! गङ्गोदकेन शुद्धेन शीघ्रमाचमनं कुरु ॥ पंचामृतस्नानम्–ॐ तस्माद्यज्ञात्स-

वेंति। ॐ पयोदधिघृतं चैव शर्करा मधुसंयुतम्। पञ्चामृतेनस्नपनात् प्रीयतां गणनायक॥ स्नानम्—ॐ त-स्मादश्वा०। ॐ गङ्गादिसर्वतीर्थेभ्यः आनीतं तोयमुत्तमम्। भक्त्या समर्पितं तुभ्यं गृहाणाभीष्टदायक॥ वस्त्रम्—ॐ तंयज्ञंमिति। ॐ रक्तवस्त्रमिदं देव! दिव्यं काञ्चनसम्भवम्। सर्वप्रदं गृहाणेदं लम्बोदर हरात्मज। यज्ञोपवीतम्—ॐ यत्पुरुषमिति। ॐ राजतं ब्रह्मसूत्रं च काञ्चनं चोत्तरीयकम्। गृहाण चारु सर्वज्ञ! भक्तानां वरदो भव॥ सिन्दूरम्—ॐ उद्यद्भास्करसंकाशं सन्ध्यावदरुणं प्रभो! वीरालङ्करणं दिव्यं सिन्दूरं प्रति-गृह्यताम्॥ आभरणानि—ॐ नानाविधानि दिव्यानि नानारत्नोज्वलानि च। भूषणानि गृहाणेश! पार्वती-प्रियनन्दन॥ चन्दनम्—ॐ ब्राह्मणोस्येति। ॐ कस्तूरीकुंकुमं चैव घनसारसमन्वितम्। विलेपनं सुरश्रेष्ठ चन्दनं प्रतिगृह्यताम्॥ अक्षताः—ॐ चन्द्रमामनस इति। ॐ रक्ताक्षताश्च देवेश! गृहाण द्विरदानन!। ललाटपटले चन्द्रस्तस्योपर्यवधार्यताम्॥ पुष्पम्—ॐ नाभ्या इति। ॐ करवीरैर्जातिपुष्पैश्चम्पकैर्बकुलैः शुभैः। शतपत्रैश्च कह्लारैरर्चयेद्गणनायकम्॥ अङ्गपूजा—ॐ गणेश्वराय नमः पादौ पूजयामि। ॐ विघ्नराजाय नमः जानुनी पू०। ॐ आखुवाहनाय० उरू पू०। ॐ हेरम्बाय० कटिं पू०। ॐ कामारिसूनवे० नाभिं पू०। ॐ लम्बोदराय० उदरं पू०। ॐ गौरीसुताय० स्तनौ पू०। ॐ गणनायकाय० हृदयं पू०। ॐ स्थूलकर्णाय० कण्ठं

पू०। ॐ विघ्नहर्त्रे० ललाटं पू०। ॐ सर्वेश्वराय० शिरः पू०। पत्रपूजा—ॐ सुमुखाय नमः नलिनीपत्रं समर्पयामि। ॐ गणाधिपाय० भृङ्गराजपत्रम्०। ॐ उमापुत्राय० बिल्वप०। ॐ गजकर्णाय० तुलसीप०। ॐ वक्रतुण्डाय० शमीप०। ॐ गुहाग्रजाय० अपामार्गप०। ॐ विकटाय० करवीरप०। ॐ कपिलाय० अर्कप०। गजदन्ताय० अर्जुनप०। ॐ विघ्नराजाय० विष्णुक्रान्ताप०। ॐ बटवे० दाडिमप०। ॐ सुराग्रजाय० देवदारुप०। ॐ भालचन्द्राय० मरुप०। ॐ हेरम्बाय० अश्वत्थप०। ॐ चतुर्भुजाय० जातिप०। ॐ विनायकाय० केतकीप०। ॐ सर्वेश्वराय० अगस्तिप० ॥ २१॥ धूपम्—ॐ यत्पुरुषेणेति। ॐ दशाङ्गगुग्गुलं धूपं सुगन्धं च मनोहरम्। गृहाण सर्वदेवेश! उमापुत्र! नमोऽस्तु ते॥ दीपम्—ॐ सप्तास्येति। ॐ सर्वत्र सर्वलोकेश! त्रैलोक्यतिमिरापहः। गृहाण मङ्गलं दीपं रुद्रप्रिय नमोऽस्तु ते ॥ नैवेद्यम्—ॐ यज्ञेनयज्ञम०। ॐ ॐ नानाखाद्यमयं दिव्यं तुष्ट्यर्थं ते निवेदितम्। मया भक्त्या शिवापुत्र! गृहाण गणनायक! ॥ नैवेद्यान्ते पानीयम्—ॐ विनायकाय नमः इत्यादि क्रमेण उत्तरापो०, मुखप्रक्षालनं, करोद्वर्तनं च समर्पयेत्। एवं पूगीफलं, चामरं, दर्पणं च समर्पयेत्। मोदकार्पणम्—ॐ एकविंशतिसंख्याकान् मोदकान् घृतपाचितान्। नैवेद्यं सफलं दद्यान्नमस्ते विघ्ननाशिने॥ दक्षिणा—ॐ हिरण्यगर्भगर्भस्थं हेमबीजं विभावसो! अनन्तपुण्य-

फलदमतः शान्तिं प्रयच्छ मे। दूर्वा-ॐ दूर्वायुग्मं गृहाणेदं गन्धपुष्पाक्षतैर्युतम्। पूजयेत् सिद्धिविघ्नेशं प्रत्येकं पूर्वनामभिः॥ गणाधिप नमस्तेऽस्तु उमापुत्राऽघनाशन॥ विनायकेशपुत्रेति सर्वसिद्धिप्रदायक॥ एकदन्तेभवक्त्रेति तथा मूषकवाहन॥ कुमारगुरवे तुभ्यं पूजयामि प्रयत्नतः॥ नीराजनम्—ॐ चन्द्रादित्यौ च धरणी विद्युदग्निस्तथैव च। त्वमेव सर्वतेजांसि आर्तिक्यं प्रतिगृह्यताम्॥ प्रदक्षिणा—ॐ विघ्नेश्वर त्रिशालाक्ष सर्वाभीष्टफलप्रद। प्रदक्षिणा करोमि त्वां सर्वान् कामान् प्रयच्छ मे॥ नमस्कारः—ॐ नमस्ते विघ्नसंहर्त्रे नमस्ते ईप्सितप्रद। नमस्ते देवदेवेश नमस्ते गणनायक॥ पुष्पाञ्जलिः-ॐ विनायकेशपुत्रेति गणराज सुरोत्तम। देहि मे सकलान् कामान् वन्दे सिद्धिविनायकम्॥ ततः एकविंशतिमोदकेषु एकं मोदकं गणाधिपाय दद्यात्। दशमोदकान् स्वयं गृह्णीयात्। दशमोदकान् दशब्राह्मणाय फलदक्षिणासमन्वितान् कृत्वा दापयेदनेन मन्त्रेण—ॐ दशानां मोदकानां च फलदक्षिणया युतम्। विप्राय फलतुष्ट्यर्थं वायनं ते ददाम्यहम्॥ प्रतिमादानम्—ॐ विनायकस्य प्रतिमां वस्त्रयुग्मेन वेष्टिताम्। तुभ्यं सम्प्रददे देव! प्रीयतां मे गजानन॥ अथ प्रार्थना—ॐ विनायक! गणेशान! सर्वदेव! नमस्कृतः। पार्वतीप्रिय! विघ्नेश! मम विघ्नं विनाशय॥ इति विसर्जयेत्॥ इति गणेशचतुर्थीपूजाविधिः समाप्त॥

# श्रीगणेशचतुर्थी-व्रतकथा

नन्दिकेश्वर उवाच-शृणुष्वैकाग्रचित्तः सन् गणेश्वरव्रतं शुभम्। चतुर्थ्यां शुक्लपक्षे तु सदा कार्यं प्रयत्नतः ॥१॥
सनत्कुमार ! योगीन्द्र ! यदीच्छेच्छुभमात्मनः। नारी वा पुरुषो वापि यः कुर्याद् व्रतमुत्तमम् ॥२॥
मोचयत्याशु विप्रेन्द्र ! सङ्कष्टाद् व्रतिनं नरम्। अपवादहरञ्चैव सर्वविघ्नप्रणाशनम् ॥३॥
कान्तारे विपिने वापि गृहे राजकुले तथा। सर्वसिद्धिकरं चैव व्रतानामुत्तमोत्तमम्। ४॥

भाद्रशुक्ल गणेशचौथीको कथा प्रारम्भः ॥ कोही कालमा सनत्कुमार योगीले प्रश्न गरिएका नन्दिकेश्वर भन्दछन्–हे योगीन्द्र ! एकाग्र चित्तले गणेशजीको यो शुभ-व्रत सुन। यो व्रत शुक्लपक्षको चौथीका दिन सर्वदा प्रयत्नपूर्वक गर्नामा योग्य छ॥ १ ॥ हे सनत्कुमार ! हे योगीन्द्र ! नारी हवस् वा पुरुष हवस् यदि आफ्नू बढिया हवस् भन्ने इच्छा छ भने यो व्रत अवश्य गर्नू, यो बडो उत्तम व्रत छ ॥२॥ हेर यो व्रतको फल, हे विप्रेन्द्र ! यो व्रत गर्ने पुरुषका अनेक तरहका संकष्टको निवारण हुन्छ, सम्पूर्ण विघ्नको पनि नाश गर्दछ ॥ ३ ॥ फेरि यो व्रत कस्तो छ भने ठूलो भयानक जङ्गलमा परेका बखतमा अथवा घरमा विघ्न परेमा राजकार्यमा इत्यादि कस्तै बखतमा पनि विघ्न पर्न दिंदैन, सम्पूर्ण काममा सिद्धिदायक छ ॥४॥ हे ब्रह्मन् ! यो गजाननको अर्थात् गणेशजीको पूज्य औ तीनै लोकमा प्रसिद्ध भएको व्रत छ,

गजाननप्रसन्नार्थं त्रिषु लोकेषु विश्रुतम्। अतो न विद्यते ब्रह्मन् सर्वसङ्कष्टनाशनम् ॥५॥
नन्दिकेश्वर उवाच-चक्रे व्रतं जगन्नाथो वासुदेवः प्रतापवान्। आदिष्टं नारदेनैव वृथा लाञ्छनशान्तये ॥६॥
सनत्कुमार उवाच-वासुदेवो जगद्व्यापी प्राप्तवान् लाञ्छनं कथम्। एतदाश्चर्यमाख्याहि ब्रूहि त्वं नन्दिकेश्वर ॥
नन्दिकेश्वर उवाच—भुवो भारावतारार्थं वसुदेवसुतावुभौ। रामकृष्णौ समुत्पन्नौ पद्मनाभहलायुधौ ।८॥
जरासन्धभयात्कृष्णो द्वारकां समकल्पयत्। विश्वकर्माणमाहूय पुरीं हाटकनिर्मिताम् ॥९॥
तत्र षोडशसाहस्रं स्त्रीणां चैव वराधिकम्। भवनानि मनोज्ञानि तेषां मध्ये व्यकल्पयत् ॥१०॥

यस कारण संकट नाश गर्नामा यो व्रतदेखि बढेर अर्को छैन ॥५॥ पहिले यस्ता प्रकारले फल भनेर फेरि भन्दछन्—हे योगीन्द्र ! बड़ा प्रतापी जगत्का नाथ वासुदेव श्रीकृष्णजीले पनि नारदजीका उपदेशले वृथा आफूलाई लागेको कलङ्कको शान्तिका लागि यो व्रत गर्नुभयो ॥ ६ ॥ यस्ता नन्दिकेश्वरजीको वचन सुनेर सनत्कुमार भन्दछन्—हे नन्दिकेश्वर ! जगद्व्यापी वासुदेवलाई कुन प्रकारले कलङ्क लाग्यो, बड़ो आश्चर्य छ। यसको इतिहास विस्तारपूर्वक भन्नुहवस् भनेर प्रश्न गर्दा भए र तहाँ उप्रान्त नन्दिकेश्वर भन्दछन्– ॥७॥ पृथ्वीको भार उतार्नाका निम्ति राम-कृष्ण यी दुइ जो छन् वसुदेवका पुत्र भएर यस पृथ्वीलोकमा उत्पन्न भए ॥८॥ जरासन्धका डरले विश्वकर्मालाई डाकेर सुवर्णकी द्वारिका पुरी बनाए ॥९॥ आफ्ना सोह हजार रानीहरूका निमित्त विशेष सुन्दर सोह हजार घर बनाए ॥१०॥ तिनैहरूका भोगका निमित्त स्वर्गबाट

पारिजाततरुश्चैव सुखाय च व्यकल्पयत् । यादवानां गृहास्तत्र षट्पञ्चाशत्तुकोटयः ॥११।
अन्येऽपि बहवो लोका वसन्ति विगतज्वराः । यत्किञ्चित् त्रिषु लोकेषु सुन्दरस्तत्र दृश्यते ॥१२॥
सत्राजितप्रसेनाख्यौ पुत्रावुग्रस्य विश्रुतौ । अम्बोधितीरमासाद्य तन्मनस्कतया च सः ॥१३॥
सत्राजितस्तपस्तेपे सूर्यमुद्दिश्य बुद्धिमान् । व्रतं निरशनं गृह्य सूर्यसम्बद्धलोचनः ॥१४॥
ततः प्रसन्नो भगवान् सत्राजित् पुरतः स्थितः । सत्राजितोऽपि तुष्टाव दृष्ट्वा देवं दिवाकरम् । १५॥
तेजोराशे, नमस्तेऽस्तु नमस्ते विश्वरूपिणे । काश्यपेय, नमस्तेऽस्तु हरिदश्व, नमोऽस्तु ते ॥१६॥
ग्रहराज, नमस्तेऽस्तु नमस्ते चन्द्ररोचिषे । वेदत्रय नमस्तेऽस्तु सर्वदेव नमोऽस्तु ते ॥१७॥

पारिजात पुष्पको वृक्ष पनि त्यहाँ ल्याएर राखे, अरू पनि यादवहरू आनन्दपूर्वक बसेका थिए, तीनै लोकमा जुन-जुन सुन्दर र उत्तम चीज थियो सो सम्पूर्ण त्यहाँ देखिन्थ्यो ॥११॥१२॥ त्यहाँका राजा उग्रसेनका दुइ पुत्र सत्राजित् र प्रसेन नाउँ गरेका थिए, सत्राजितले समुद्रका तीरमा गएर एकाग्र-चित्त भई ॥ १३ ॥ निरशन-व्रत लिएर सूर्यको तपस्या गरे ॥ १४ ॥ तहाँ उप्रान्त तिनका तपस्याले प्रसन्न भएर श्रीसूर्यनारायण ती सत्राजितका अगाडि आएर खडा हुनुभयो, सत्राजित्ले पनि स्तुति गर्दाभए ॥ १५ ॥ 'तेजोराशे ! नमस्तेऽस्तु' देखिन् 'प्रसीद पाहि देवेश ! भुक्त्या मां दिवाकर' यहाँसम्म यस्ता प्रकारले स्तुति गर्दाभए—यो स्तुतिले प्रसन्न हुनुभएका सूर्यजी ॥ १६ ॥ १७ ॥

प्रसीद पाहि देवेश ! सुदृष्ट्या मां दिवाकर ! स्निग्धगम्भीरमधुरं सत्राजितमुवाच ह ॥१८।
वरं ब्रूहि प्रसन्नोऽस्मि यत्त मनसि काङ्क्षितम्। सत्राजित! महाभाग! तुष्टोऽहं तव निश्चितम् ॥१९॥
सत्राजित उवाच—स्यमन्तकमणिं देहि परितुष्टोऽसि भास्कर! ददौ तस्मै च तद्रत्नं स्वकण्ठादवतार्य च ॥२०॥
सूर्य उवाच—भाराष्टकं शातकौम्भं स्रवतेऽसौ महामणिः। शुचिष्मता सदा धार्यं रत्नमेतन्महोत्तमम् ॥२१॥
सत्राजित! क्षणेनैतदशुचिं हन्ति मानवम्। इत्युक्त्वान्तर्दधे देवो तेजोराशिर्दिवाकरः ॥२२॥
तत्कण्ठरत्नज्वलमानरूपी पुरीं स कृष्णस्य विवेश सत्वरम्।
दृष्ट्वा तु लोका मनसा दिवाकरं सञ्चिन्तयन्तः स्तिमिताक्षदृष्टयः ॥२३॥

॥१८॥ गम्भीरतासाथ सत्राजित्सँग बोल्नुभयो–हे सत्राजित् ! हे महाभाग ! तिमीदेखि म सन्तुष्ट भएको छु, निश्चय जान, तस्मात् इच्छा बमोजिमको वर माग ॥१९॥ यस्तो श्रीसूर्यको आज्ञा सुनेर सत्राजित् विन्ती गर्दछन्–हे भास्कर ! मदेखि प्रसन्न हुनुहुन्छ भने स्यमन्तक मणि बक्सनुहवस्, यस्तो वर जब तिनले मागेथे श्रीसूर्यले पनि आफ्नू कण्ठपाट त्यो मणि उतारी सत्राजित्लाई दिएर ॥ २० ॥ फेरि यो पनि आज्ञा गर्नुभयो कि आठ भारी सुन नित्य यो रत्नले तिमीलाई दिनेछ। सर्वदा पवित्र भएर धारण गरे ॥ २१ ॥ हे सत्राजित् ! यो मणि अपवित्र भएर धारण गर्नाले मनुष्य मर्दछ, यति भनेर सूर्य अन्तर्धान हुनुभयो ॥ २२ ॥ त्यहाँ उप्रान्त त्यो रत्न धारण गर्नाले बडा शोभाय-

समागतोऽयं हरिदश्वदीधितिर्जनार्दनं द्रष्टुमसंशयेन ।
नायं सहस्रांशुरितीह लोकाः सत्राजितोऽयं मणिकण्ठमण्डलः ॥२४॥
स्यमन्तकं महारत्नं दृष्ट्वा तत् कण्ठमण्डले । स्पृहाञ्चक्रे जगन्नाथो न जहार मणिं ततः ॥२५॥
सत्राजितो जातभयो याचयिष्यति मां हरिः । प्रसेनाय ददौ भ्रात्रे धार्योऽयं शुचिना त्वया ॥२६।
एकदा कण्ठदेशे तु क्षिप्त्वा तं मणिमुत्तमम् । मृगयाक्रीडनार्थाय ययौ कृष्णेन संयुतः ॥२७॥
अश्वारूढोऽशुचिश्चासौ हतः सिंहेन तत्क्षणात् । रत्नमादाय सिंहोऽपि गच्छन् जाम्बवता हतः ॥२८॥

मान भएका सत्राजित् द्वारकामा गए । तिनलाई देखेर त्यो मणिका तेजले हेर्न पनि नसक्ने द्वारकावासी मनुष्यहरू मनले सूर्य नै आए भन्ने ठानेर आश्चर्य मान्दा भए ॥२३॥ कोही यसो भन्नलागे कि श्रीकृष्णको दर्शन गर्नाका लागि सूर्य आए, कोही मनुष्यहरूले भने कि [सूर्य होइनन्, यी सत्राजित् हुन्, कण्ठमा लगाएको मणिको तेज हो, यस्ता हिसाबले ती सूर्यबाट मणि पाउँदा भए ॥ २४ ॥ श्रीकृष्णको पनि त्यो मणिमा इच्छा भयो, तथापि त्यो मणि त्यस बखतमा लिनुभएन ॥२५॥ सत्राजित्ले पनि श्रीकृष्णको इच्छा बुझेर अवश्य लिनेछन् भन्ने डरले आफ्ना भाइ प्रसेनलाई 'पवित्रतापूर्वक धारण गर्नू' भनी त्यो मणि दिंदाभए ॥२६॥ तहाँ उप्रान्त एक दिन ती प्रसेन मणि कण्ठमा धारण गरेर श्रीकृष्णजीका साथमा शिकार खेल्नाका निम्ति वनमा गएका थिए ॥ २७ ॥ घोडामा चढनाले अशुचि भएका ती प्रसेनलाई

नीत्वा स विवरे रत्नं ददौ पुत्राय जाम्बवान् । पुरीं विवेश कृष्णोऽपि स्वकैः सर्वैः समावृतः ॥२९॥
प्रसेनोऽद्यापि नायाति हतः कृष्णेन निश्चितम् । मणिलोभेन हा कष्टं! बान्धवः पापिना हतः ॥३०॥
द्वारिका वासिनः सर्वे जना ऊचुः परस्परम् । वृथाऽपवादसन्तप्तः कृष्णोऽपि नगराच्छनैः ॥३१॥
सहैव तैर्यथारण्यं दृष्ट्वा सिंहेन पातितम् । प्रसेनं वाहनयुतं तत्पादानुसरं गतः ॥३२॥
ऋक्षेण निहतं दृष्ट्वा कृष्णश्च तद्बिलं गतः । विवेश योजनशतमन्धकारं स्वतेजसा ॥३३॥

सोही बखत सिंहले मार्दोभयो । मारे उप्रान्त तिनका कण्ठको मणि लिएर जाने भएको सिंहलाई जाम्बवानले मारी ॥२८॥ त्यो मणि लिएर आफ्नो गुफामा प्राप्त भएर छोरालाई दिंदाभए । श्रीकृष्ण पनि आफ्ना सबै बन्धुहरू सहित भएर द्वारिकापुरी पाल्नुभयो ॥२९॥ ( फौज ज्यादा हुनाले श्रीकृष्णलाई पनि प्रसेन मरेको क्यै थाहा थिएन, श्रीकृष्णलाई मणि लिनाको इच्छा छ, भन्ने सम्पूर्ण द्वारिकावासीको मनमा थियो । जब प्रसेन आएनथे तब )-अहो! प्रसेन अइसम्म पनि आएनन्, मणिको लोभले कृष्णले अवश्य प्रसेनलाई मारे, बडो पापिष्ट रहेछन्! आफ्नो बन्धु हो, बडो कष्ट भयो! ॥३०॥ द्वारिकावासी मनुष्यहरू जति छन् तिनीहरूले आफू परस्परमा यै कुरा गर्दाभए— मणिका लोभले कृष्णले प्रसेनलाई मार्दाभए, भन्ने द्वारकाभरि फिंजियो, वृथा यो अपवाद लाग्नाले सन्तप्त भएर श्रीकृष्णजी पनि द्वारिका शहरवासी जनहरू-लाई समेत साथमा लिएर बनमा खोज्न भनी जानुभयो र ती ॥३१॥ जनहरूसँग क्यै नबोलेर बनमा घोडासहित ती प्रसेनलाई सिंहले मारेको देख्नुभयो, सोही सिंहका पाउको चिह्न हेर्दै जान लाग्नुभएको थियो ॥ ३२ ॥ केही टाढा गएपछि सिंहलाई ( ऋक्ष ) जाम्बवान्ले

निवारयन् ददर्शाग्रे प्रासादं बद्धभूमिकम् । कुमारं तस्य ऋक्षस्य दोलायाममितद्युतिम् ॥३४॥
माणिक्यं लम्बमानञ्च ददर्श भगवान् हरिः । रूपयौवनसम्पन्नां कन्यां जाम्बवतीं पुनः ॥३५॥
दोलां दोलायमानाश्च ददर्श कमलेक्षणः । विस्मयञ्च महच्चक्रे दृष्ट्वा तां चारुहासिनीम् ॥३६॥
सिंहः प्रसेनमवधीत् सिंहो जाम्बवता हतः । सुकुमारक ! मा रोदीस्तव ह्येष स्यमन्तकः ॥३७॥
मदनज्वरदाहार्ता दृष्ट्वा तं कमलेक्षणम् । उवाच ललितं वाक्यं गम्यतां गम्यतामिति ॥३८॥
रत्नं गृहीत्वा वेगेन यावच्छेते तु जाम्बवान् । इत्याकर्ण्य हसन् सौरिः शंखं दध्मौ प्रतापवान् ॥३९॥

मारेको देख्नुभयो, तिनको पनि पाइलाको चिह्न हेर्दै जाँदा गुफाभित्र भएको देख्नुभयो, सय योजन लामो बाटो भएको यस्तो बडो अन्धकारको त्यो गुफा थियो तापनि आफ्ना तेजले प्रकाश गराउँदै भगवान् कृष्णजी सोही गुफामा जानुभयो ॥ ३३ ॥ केही पर गएपछि असल सुन्दर घर रहेछ, त्यहाँ झुलनामा जाम्बवान्का अत्यन्त तेजले युक्त भएका कुमार र ॥३४॥ मणि पनि देख्नुभयो, फेरि बडी रूपवती औ युवती जाम्बवती नाउँ गरेकी कन्यासमेत श्रीकृष्णले देख्नुभयो ॥३५॥ झुलनामा झुल्न लागेकी सुन्दर हास्यले युक्त भएकी ती जाम्बवतीलाई देखेर अत्यन्त हर्षले युक्त भएर यो वचन बोल्नुभयो ॥३६॥ सिंहले प्रसेनलाई मान्यो, सिंहलाई जाम्बवान्ले मारे, हे कुमार ! यो मणि तिम्रो हो नरोऊ ॥३७॥ कमल जस्ता नेत्र भएका श्रीकृष्णलाई देखेर कामज्वरले युक्त भएकी ती जाम्बवतीले सुन्दर वचन गरेर भगवान्लाई जाउ जाउ भन्दी भइन् ॥३८॥ फेरि यो वचन पनि बोलिन् कि हे भगवन् ! जहाँसम्म निद्राबाट जाम्बवान् उठ्दैनन् तहाँसम्म चाँडो गरेर यो

आकर्ण्य सहसोत्थाय ऋक्षः संयुयुधे ततः । तयोर्युद्धमभूद् घोरं हरिजाम्बवतोस्तदा ॥४०॥
द्वारिका वासिनः सर्वे गतास्ते सप्तमे दिने । मृतः कृष्णो रक्षितो वा निस्सन्दिग्धं विचार्य च ॥४१॥
परलोकक्रियां चक्रुः परे तस्य तु ते तदा । एकविंशद्दिनं यावद्बाहुप्रहरणो विभुः ॥४२॥
युयुधे तेन ऋक्षेण युद्धकर्म्मणि तोषितः । जाम्बवान् प्राक्तनं स्मृत्वा दृष्ट्वा देवबलं महत् ॥४३॥
जाम्बवानुवाच-अजय्योऽहं सुरैः सर्वैं यक्षराक्षसदानवैः । त्वया जितोऽहं देवेश ! देवस्त्वमसि निश्चितम् ॥४४॥
जाने त्वां वैष्णवं तेजो नान्यथा बलमीदृशम् । इति प्रसाद्य देवेशं ददौ माणिक्यमुत्तमम् ॥४५॥

मणि समेत लिएर जाऊ, यस्ता ती जाम्बवतीका वचन सुनेर श्रीकृष्णजीले केही हाँसी आफ्नो पाञ्चजन्य शङ्ख बजाउनुभयो ॥ ३९ ॥ त्यो शङ्खको शब्द सुन्नाले मात्र जाम्बवान् उठेर श्रीकृष्णसँग युद्ध गर्न लागे, ती दुइको अघोर युद्ध हुन लाग्यो ॥ ४०॥ द्वारकाबाट भगवान्का साथमा आएका जति द्वारकावासीहरू थिए, तिनीहरू त्यो गुफाका बाहिरै बसेका थिए, सात दिनसम्म पनि भगवान् आउनु भएन र सातौं दिनका दिन निराश भई कृष्ण मरे कि भन्ने विचार गर्दै फर्केर द्वारकामा गई ॥४१॥ श्रीकृष्णका क्रिया आदि पनि गरे, उतातिर श्रीकृष्ण र जाम्बवान्को २१ दिनसम्म अघोर युद्ध भयो ॥ ४२ ॥ श्रीकृष्णको त्यो देव तुल्य बल देखेर आफ्नो पहिलेको वृत्तान्त सम्झी भगवान्का युद्ध-कर्मले खुशी भएर जाम्बवान्ले यो वचन बोल्दा भए ॥४३॥ हे देवेश ! देवता, यक्ष राक्षस, दानवहरूदेखि म अजेय हुँ, मलाई कसैले जित सक्तैनथे, हजूरले जित्नुभयो तस्मात् निश्चय हजूर ईश्वर हुनुहुन्छ ॥४४॥ किनभने अरूमा यस्तो बल हुन सक्तैन, हजूर

सुतां जाम्बवतीं चाऽथ भार्यार्थं वरवर्णिनीम् । पाणिं च ग्राहयामास देवदेवस्य जाम्बवान् ॥४६॥
मणिमादाय देवोऽपि जाम्बवत्याऽपि संयुतः । तद्वृत्तान्तं समाचष्टे द्वारिकावासिनं ततः ॥४७॥
सत्राजितस्य माणिक्यं दत्तवान् सदसि स्थितः। मिथ्यापवादसंशुद्धिं प्राप्तवान् मधुसूदनः ॥४८॥
सत्राजितोऽपि सन्त्रस्तः कृष्णाय प्रददौ सुताम् । सत्यभामां महाबुद्धिर्ददौ सर्वगुणान्विताम् ॥४९॥
शतधन्वाक्रूरमुखा यादवा दुष्टमानसाः । सत्राजितेन ते वैरं चक्रू रत्नाभिलाषिणः ॥५०॥

साक्षात् विष्णुको तेज हुनुहुन्छ, भैले जानें, यस्ता प्रकारले कृष्णको प्रार्थना गरेर त्यो स्यमन्तक मणि दिंदाभए ॥४५॥ फेरि अत्यन्त सुन्दरी आफ्नी जाम्बवती नामा कन्या पनि भार्याका निमित्त विवाह गरेर भगवान्लाई अर्पण गर्दा भए ॥ ४६ ॥ तहाँ उप्रान्त स्यमन्तक मणि र जाम्बवती सहित द्वारका गएर भगवान्ले पनि यो सबै वृत्तान्त द्वारकावासीहरूलाई सुनाउनु भयो ॥ ४७ ॥ फेरि त्यो मणि सत्राजित्लाई दिएर आफ्नो झूठो कलंकको शुद्धि गर्नुभयो अर्थात् कृष्णले प्रसेनलाई मारेर मणि लिए भन्ने जो सहरवासीहरूले मनेका थिए सो प्रत्यक्ष गराइदिनुभयो ॥४८॥ अविवाद आफूले दोष लगाएको फेरि यस्ता हिसाबले श्रीकृष्णजीले त्यो मणि ल्याइदिनुभयो, यसमा भगवान् मदेखि अवश्य रिसाउनुभएको छ भन्ने डरले युक्त भएर सत्राजितले पनि सम्पूर्ण गुणले युक्त भएकी सत्यभामा नामकी कन्या श्रीकृष्णजीलाई दिंदा भए ॥४९॥ तहाँ उप्रान्त सोही मणिका निमित्त शतधन्वा र अक्रूरले सत्राजितसँग विरोध गर्नलागे कि कुन रीतले यो मणि हात लगाउँ

दुरात्मा शतधन्वाऽपि गते कृष्णेऽपि कुत्रचित् । सत्राजितं निहत्याऽऽशु मणिं जग्राह पापधीः ॥५१॥
कृष्णस्य पुरतः सत्या समाचष्टे विचेष्टितम् । असन्तुष्टो बहिः कोपी कृष्णः कपटनायकः ॥५२॥
बलदेवः पुरो वाक्यमुवाच धरणीधरम् । हत्वा सत्राजितं दुष्टो मणिमादाय गच्छति ॥५३।
निहत्य शतधन्वानं गृहीत्वा रत्नमावयोः । मम भाग्यश्च तद्रत्नं भविष्यति न संशयः ॥५४।
एतच्छ्रुत्वा भयत्रस्तो शतधन्वाऽपि यादवः । आहूयाऽक्रूरनामानं माणिक्यं प्रददौ च सः ॥५५॥
आरुह्य वडवां वेगान्निर्गतो दक्षिणां दिशम् । रथस्थावनुगच्छेतां तदा राम-जनार्दनौ ॥५६॥

॥५०॥ यस्तो हिसावमा एक दिन भगवान् हस्तिनापुर जानुभएको थियो, सोही बखतमा अवसर पाएर त्यो दुष्टात्मा शतधन्वाले सत्राजितलाई मारेर त्यो मणि लिंदा भए ॥५१॥ जब भगवान्‌सित सत्यभामाले सत्राजितलाई शतधन्वाले मारेको विस्तार गरिथिन् तब कृष्णजी कपटीका नायक भएका अब ता त्यो मणि हातलाग्यो भन्ने हर्षले अन्तःकरणमा खुशी हुनुभयो, लोकलाई बुझाउनाका निम्ति बाहिर अत्यन्त रिसाएर ॥५२॥ बलदेवजीसँग यो वचन भन्नुभयो कि सत्राजितलाई मारेर शतधन्वाले मणि लिएर गएछ ॥ ५३ ॥ अब शतधन्वालाई मारौं तब त्यो मणि हाम्रो हुन्छ, यसमा केही सन्देह छैन ॥५४॥ यस्ता बात जब शतधन्वाले सुनेथ्यो डरले युक्त भएर अक्रूरलाई डाकी त्यो मणि दिएर ॥५५॥ घोड़ामा चढी शतधन्वा दक्षिण दिशातर्फ भाग्दोभयो, तहाँ उप्रान्त बलदेव र कृष्णजी पनि त्यसका पछाडि लागी लघार्दै गए

शतयोजनमात्रेण ममार वडवा तदा। पलायमानो हि तदा पदतिस्तु पदातिना ॥५७॥
रथस्थे बलदेवे तु हरिणा रत्नलोभिना। अदृष्टं तत्र तद्रत्नं बलदेवं पुरावदत् ॥५८॥
तदाकर्ण्य महारोषादुवाच वचनं बली। कपटी त्वं सदा कृष्ण लोभी पापी सुनिश्चितम् ॥५९॥
अर्थाय स्वजनं हंसि कस्त्वां बन्धुः समाश्रयेत्। अनेकशपथैः कृष्णो बलदेवमतोषयत् ॥६०॥
सोऽपि धिक्कष्टमित्युक्त्वा ययौ वैदर्भमण्डलम्। कृष्णोऽपि रथमारुह्य द्वारकां प्रययौ पुनः ॥६१॥
तथैवोचुर्जनाः सर्व न साधु कृतवान् हरिः। निष्कासितो रत्नलाभाज्ज्येष्ठो भ्राता बलो बली॥६२॥

॥५६॥ शतधन्वा शय योजन पर गएपछि घोडी मरी र पैदल भाग्न लागेका थिए त्यसै बेला मेट्ठाएर रथबाट उत्री कृष्णजीले शतधन्वालाई मार्नुभयो ॥५७॥ बलदेवजी रथैमा वस्नुभएको थियो, रत्नमा लुब्ध भएका कृष्णजीले त्यो शतधन्वाका शरीरमा मणि खोज्नुभयो, पाउनुभएन र बलदेवजीका अगाडि गएर मणि ता पाइएन भन्नुभयो ॥५८॥ यस्तो कृष्णको वचन सुनेर अत्यन्त क्रोधले युक्त भई बलदेवले यो वचन बोल्नुभयो–हे कृष्ण! तिमी सदैव लोभी, पापी र कपटले युक्त भएका छौ ॥५९॥ किनकि आफ्नो प्रयोजनका लागि बन्धुलाई मार्यौ, अब तिमीमा कुन बन्धु आएर आश्रय गर्ला! यस्तो बलदेवको वचन सुनेर श्रीकृष्णले अनेक शपथ (किरिया) हाल्नुभयो ॥६०॥ तैपनि बलदेवजी धिक्कार गरेर विदर्भतिर जानुभयो, श्रीकृष्णजी पनि रथमा चढेर फेरि द्वारिका आउनुभयो ॥६१॥ तहाँ उप्रान्त एक्लै भगवान् मात्र द्वारिका आएको देखेर—कृष्णजीले यो ठीक काम गरेनन् किनकि रत्नको लोभमा आफ्ना जेठा दाज्यूलाई निकाल्दा भए भन्ने बात द्वारिकावासीहरूले

तच्छ्रुत्वा दीनवदनः पापेनैव हि भाति च। वृथाभिशापसन्तप्तो बभूव स जगत्पतिः ॥६३॥
अक्रूरोऽपि विनिष्क्रम्य तीर्थयात्रानिमित्ततः। काशीं गत्वा सुखेनाऽसौ ईजे यज्ञपतिं प्रभुम् ॥६४॥
तोषमुत्पादयामास तेन द्रव्येण बुद्धिमान्। सुरालयगृहैश्चित्रैर्नगरं समकल्पयत् ॥६५॥
न दौर्भिक्षं न वै रोगा ईतयो न च विप्लवम्। शुचिना धार्यते तत्र मणिः सूर्यस्य निश्चितम् ॥६६॥
जानन्नपि हि सर्वज्ञो मानुषं भावमाश्रितः। लोकाचारं तथा मायामज्ञानञ्च समाश्रयः ॥६७॥
बन्धुवैरं समुत्पन्नं लाञ्छनं समुपस्थितम्। वृथापवादं बहुलं जायमानं कथं सहे ॥६८॥

कृष्णजीलाई भन्दाभए ॥६२॥ यस्तो नगरवासीहरूका वचन सुनेर जगत्पति भगवान् जो छन् सो वृथा मलाई कलंक लाग्यो भन्ने विचारले अत्यन्त दीन वदन हुनुभयो ॥६३॥ अक्रूरजी पनि त्यो मणि लिएर त्यहाँबाट निस्की तीर्थयात्राका छलले काशीमा आएर सुखपूर्वक यज्ञपति परमेश्वरको पूजा गर्दा भए ॥६४॥ फेरि त्यो मणि ता रोजको आठ भार सुवर्ण दिन्थ्यो, सोही धनले श्रद्धापूर्वक बुद्धिमान् भएका ती अक्रूरले चित्र-विचित्रपूर्वक देवालयहरू र शहर बनाउँदाभए ॥६५॥ अक्रूरजीले त्यो मणि धारण गर्दा न दुर्भिक्ष, न रोग, न पाप, न विप्लव, न खडेरी भयो, शुचिपूर्वक धारण गर्दा भए ॥ ६६ ॥ मनुष्यका भावमा प्राप्त भएका कृष्णजीलाई सम्पूर्ण ज्ञान थियो, परन्तु लोकाचार औ माया अज्ञानमा डुबे झैं गरेर ॥६७॥ आफ्नो बन्धुको वैररूपी कलंकले प्राप्त भएको यस्तो यो वृथापवाद कसरी सहुँ ॥ ६८ ॥ यस्ता प्रकारका चिन्ताले युक्त भएर भगवान् बस्नुभएको थियो, सोही बखतमा नारदजी आए, नारदजीको श्रीकृष्णजीले आतिथ्यपूर्वक पूजा गर्नुभयो,

इति चिन्तातुरं कृष्णं नारदं समुपस्थितः। गृहीत्वा तत्कृतां पूजां सुखासीनस्ततोऽब्रवीत् ॥६९॥
नारद उवाच—किमर्थं खिद्यसे देव! किं वा ते शोककारणम्।
यथावृत्तं समाचष्टे नारदाय च केशवः ॥७०॥ नारद उवाच—
जानामि कारणं देव! यदर्थं लाञ्छनं तव। त्वया भाद्रपदे शुक्ले चतुर्थ्यां चन्द्रदर्शनम् ॥७१॥
कृतं तेन समुत्पन्नं लाञ्छनं तु वृथैव हि ॥७२॥ श्रीकृष्ण उवाच—
वद नारद! मे शीघ्रं को दोषश्चन्द्रदर्शने। किमर्थं तु द्वितीयायां तस्य कुर्वन्ति दर्शनम् ॥७३॥
नारद उवाच-गणनाथेन सन्तप्तश्चन्द्रमा रूपदर्पितः। तद्दर्शनान्नराणां हि वृथा निन्दा भविष्यति ॥७४॥

भगवान्द्वारा पूजा गरिएका नारदजी आसनमा बसेर यो वचन बोल्दा भए ॥६९॥ हे देव! के कारणले खिन्न हुनुहुन्छ? हजूरका शोकको कारण के हो? यस्तो नारदको प्रश्न सुनेर भगवान्ले सम्पूर्ण पूर्ववृत्तान्त भन्नुभयो, कृष्णदेखि सारा वृत्तान्त सुनेर नारदजी बिन्ती गर्दछन्— ॥७०॥ हे देव! हे प्रभो! हजूरलाई जुन कारणले कलंक लाग्यो त्यो सम्पूर्ण मैले जानें, हजूरले भाद्रशुक्ल चतुर्थीका दिन चन्द्रमाको दर्शन ॥७१॥ गर्नुभयो, सोही कारणले यो वृथा कलंक लागेको हो ॥७२॥ यस्ता नारदका वचन सुनेर श्रीकृष्ण आज्ञा गर्नुहुन्छ—हे नारद! भाद्र शुक्ल चतुर्थीको चन्द्र-दर्शनमा दोष भएको कारण के हो? फेरि शुक्ल द्वितीयाका दिन सम्पूर्ण मानिसहरू चन्द्रमाको दर्शन किन गर्दछन्? यो सम्पूर्ण कारण मलाई भन्नोस् ॥७३॥ भगवान्को यस्तो आज्ञा सुनेर नारदजी बिन्ती गर्दछन्—हे भगवन्! म बडो रात्रो छु भन्ने घमण्डले

श्रीकृष्ण उवाच-किमर्थं गणनाथेन शप्तश्चन्द्रः सुधामयः। इदमाख्यानकं श्रेष्ठं यथावद्वक्तुमर्हसि ॥७५।
नारद उवाच-गणानामाधिपत्येन रुद्रेण ब्रह्मणा पुरा। अणिमा लघिमा चैव महिमा गरिमा तथा॥ ७६॥
प्राकाम्येशीवशित्वं च अर्थकामौ च शापिताः। भार्यार्थं प्रददौ देवौ गणेशस्य प्रजापतिः ॥७७॥
पूजयित्वा गणाध्यक्षं स्तुतिकर्तुं प्रचक्रमे ॥७८॥ ब्रह्मोवाच—
गजवक्त्र गणाध्यक्ष लम्बोदर वरप्रद। विद्याधीश च देवेश सृष्टिसंहारकारक!।७९॥
यः पूजयेद् गणाध्यक्षं मोदकाद्यः प्रयत्नतः। तेषां प्रजायते सिद्धिर्निर्विघ्नं नात्र संशयः ॥८०॥

युक्त भएका चन्द्रमालाई गणेशजीले यो श्राप दिनुभयो, त्यही कारणले चतुर्थीका दिन चन्द्रमाको दर्शनले मानिसलाई वृथा अपवाद लाग्दछ ॥७४॥ यस्तो नारदको वचन सुनेर भगवान् फेरि आज्ञा गर्नुहुन्छ–हे नारद! अमृतले युक्त भएका चन्द्रमालाई गणेशजीले किन श्राप दिए यसको बडो श्रेष्ठ वृत्तान्त यथार्थ भन्नामा योग्य छौ ॥७५॥ यस्तो भगवान्को आज्ञा सुनेर नारदजी विन्ती गर्दछन्–हे भगवन्! पहिले गणेश, रुद्र, ब्रह्मा यी तीनले अणिमा, महिमा, गरिमा, लघिमा ॥७६॥ प्राकाम्य, ईशित्व, वशित्व अरू अर्थ, काम यिनीहरूलाई श्राप दिए। गणेशजीलाई भार्याका निमित्त यी लेखिएका सम्पूर्ण सिद्धिहरू दिए ॥७७॥ तहाँ उप्रान्त गणेशजीको पूजा गरेर यस्ता प्रकारले स्तुति गर्दाभए ।७८॥ हे गजवक्त्र! हे गणाध्यक्ष! हे लम्बोदर! हे वरप्रद! हे विद्याधीश! हे देवदेवेश! हे सृष्टिसंहारकारक! औ पालन पनि गर्ने ॥७९॥ यस्ता हजूरकन यत्नपूर्वक लड्डु चढाएर जो पूजा गर्दछ त्यसलाई निर्विघ्नपूर्वक सिद्धि प्राप्त हुन्छ, यसमा केही सन्देह छैन ॥ ८० ॥

असम्पूज्य गणाध्यक्षं ये वाञ्छन्ति सुरासुराः। न तेषां जायते सिद्धिः कल्पकोटिशतैरपि ॥८१॥
तद्भक्त्या तु गणाध्यक्ष! विष्णुः पालयते सदा। रुद्रोऽपि संहरत्याशु त्वच्छक्त्यैवं करोम्यहम् ॥८२॥
इत्थं संस्तूयमानोऽसौ देवदेवो गजाननः। उवाच परमः प्रीतो ब्रह्माणं जगतां पतिम् ॥८३॥
श्रीगणेश उवाच—वरं ब्रूहि प्रदास्यामि यत्ते मनसि वर्तते ॥८४॥ ब्रह्मोवाच—
क्रियमाणस्य मे सृष्टिर्निर्विघ्नं जायतां प्रभो। एवमस्त्विति देवोऽसौ गृहीत्वा मोदकान् करे ॥८५॥
सत्यलोकात् समागच्छत् स्वेच्छया गगने शनैः। चन्द्रलोकं समासाद्य पतितो गणनायकः ॥८६॥

हजूरको पहिले पूजा नगरीकन जुन देव, दैत्य, मनुष्यहरू सिद्धिको इच्छा गर्दछन् तिनीहरूलाई कल्पमा पनि सिद्धि मिल्दैन ॥ ८१ ॥ हे गणनाथ! हजूरका भक्तिले विष्णु जगत्को पालन गर्दछन्, रुद्र जगत्को नाश गर्दछन्, म हजूरकै शक्तिले यो जगत्को सृष्टि गर्छु ॥ ८२ ॥ नारदजी भन्दछन्–हे भगवन्! यस्ता प्रकारले स्तुति गरिएका गजानन देवताका पनि देव भएका खुशी भएर जगत्का मालिक भएका ब्रह्मालाई यो वचन बोल्दाभए ॥८३॥ हे ब्रह्मन्! वर माग, तिमीलाई इच्छा बमोजिमको वर दिन्छु ॥ ८४ ॥ यस्तो गणेशजीको वचन सुनेर ब्रह्माजी बोल्दछन्–हे प्रभो! गरिएको मेरो अथवा गरिने यो सृष्टि जो छ सो निर्विघ्नपूर्वक रहोस्, म यै वर माग्दछु भन्दाभए र तहाँ उप्रान्त तिमीले जो भन्यौ सो होला भनेर वरदान दिई ब्रह्माले चढाएको लड्डू हातमा लिएर ॥ ८५ ॥ आफ्ना इच्छाले सुस्त-सुस्त आकाश-

अथ हासम्महच्चक्रे सोमो रूपमदान्वितः । तं दृष्ट्वा कोपताम्राक्षो गणनाथः शशाप ह ॥८७॥
दर्शनीयस्वरूपोऽहं सुन्दरश्चाहमित्यथ । गर्वितोऽसि शशाङ्कस्त्वं फलं प्राप्स्यसि सत्वरम् ॥८८॥
अद्य प्रभृतिलोकास्त्वां न हि पश्यन्ति पापिनाम् । ये पश्यन्ति प्रमादेन त्वां नरा मृगलाञ्छनम् ॥८९॥
मिथ्याभिशापसंयुक्ता भविष्यन्ति हि वै ध्रुवम् । हाहाकारो महाञ्जातः श्रुत्वा शापश्च भीषणम् ॥९०॥
अत्यन्तम्लानवदनश्चन्द्रो वारि समाविशत् । कुमुदं कुमुदीनाथं स्थाप्य तत्र कृतालयः ॥९१॥
ततो देवर्षिगन्धर्वा निराशा दीनमानसाः । तुरासाहं पुरोधाय जग्मुस्ते तु पितामहम् ॥९२॥

मार्गले सत्यलोकदेखि आउँदा-आउँदा गणेशजी चन्द्रलोकमा पुगी लड्दा भए ॥८६॥ लडेको गणेशलाई देखेर राम्रो छु भन्ने घमण्डले युक्त भएका चन्द्रमाले ठूलो स्वरले हाँसे, आफूलाई देखेर चन्द्रमाले हास्य गरेको जानी क्रोधले अत्यन्त युक्त हुनाले लाल नेत्र गराएर गणेशजीले श्राप दिए ॥८७॥ दर्शनीय स्वरूपको छु, अत्यन्त राम्रो छु भन्ने अभिमानले युक्त भएका रहेछौ, हे चन्द्रमा! यसको फल पनि चाँडै नै पाउनेछौ ॥८८॥ हेर त, आजदेखि मानिसहरू पापरूप भएका तिम्रो दर्शन गर्नेछैनन् औ प्रमादले यदि जो दर्शन गर्नन् (हे मृगलाञ्छन!) ॥८९॥ ती पुरुषहरू मिथ्यापवादले युक्त भएका हुनन् । यस्तो भयानक श्राप सुनेर त्यस बखतमा बडो हाहाकार मच्चियो ॥ ९० ॥ तहाँ उप्रान्त श्रापले युक्त भएका चन्द्रमा अत्यन्त मलीन वदन गराएर जलमा पसी कमलिनीमा घर बनाएर बसे ॥९१॥ तहाँ उप्रान्त देव, ऋषि,

दृष्ट्वा पितामहं देवं शशंसुश्चन्द्रचेष्टितम्। दत्तशापो गणेशेन कथयामासुरादरात् ॥९३॥
विचार्य भगवान् ब्रह्मा तान् सुरानिदमब्रवीत्। गणेशशापो देवेन्द्र! शक्यते केन वान्यथा ॥९४॥
कर्तुं रुद्रेण न मया विष्णुना वापि निश्चितम्। तमेव देवदेवेशं व्रजध्वं शरणं सुराः ॥९५॥
स एव पापमोक्षं च करिष्यति न संशयः ॥९६॥ देवा ऊचुः—
केनोपायेन वरदो गजवक्त्रो गणेश्वरः। पितामह महाप्राज्ञ! तदस्माकं वद प्रभो! ॥९७॥
पितामह उवाच—चतुर्थ्यां देवदेवोऽसौ पूजनीयः प्रयत्नतः। कृष्णपक्षे विशेषेण नक्तं कुर्याच्च तोषयेत् ॥९८॥

गन्धर्वहरू निराश औ दीन मन भएका इन्द्रलाई अगाडि लगाएर ब्रह्माजीकहाँ जाँदाभए ॥ ९२ ॥ तहाँ गएर ब्रह्माजीलाई चन्द्रमाको चेष्टा र गणेशजीले चन्द्रमालाई दिएको श्राप समेत आदरपूर्वक सुनाउँदाभए ॥ ९३ ॥ देवताहरूका मुखबाट चन्द्रमाको त्यो हाल सुनेर एकछिन विचार गरी ती इन्द्रादि देवताहरूलाई ब्रह्माजीले यो वचन बोल्नुभयो—हे देवता हो! गणेशजीले दिएको श्राप कसले अन्यथा गर्न सक्छ ॥९४॥ इन्द्रले पनि त्यो श्राप अन्यथा गर्न सक्तैनन् औ विष्णु तथा रुद्रले पनि अन्यथा गर्न अवश्य सक्तैनन्, यो निश्चय जान, तस्मात् हे देवता हो! गणेशजीका शरणमा प्राप्त हौ ॥९५॥ गणेशजीले त्यो श्राप मोक्ष गरिदिने छन् ॥९६॥ यस्ता ब्रह्माजीका वचन सुनेर देवताहरूले ब्रह्माजीसँग यो बिन्ती गर्दाभए—हे पितामह! हे महाप्राज्ञ! कुन उपायले गणेशजीले हामीहरूलाई वर दिनेछन् सो आज्ञा हवस् ॥९७॥ देवताहरूका यस्ता वचन सुनेर ब्रह्माजी आज्ञा गर्नुहुन्छ—चतुर्थी तिथिका दिन व्रत गरेर देवताका पनि देव भएका गणेशजीको

अपूपैर्घृतसंयुक्तैर्मोदकैः परितोषयेत् । मधुरान्नं हविष्यं च स्वयं भुञ्जीत कामतः ॥९९॥
स्वर्णरूपं गणेशस्य दातव्यं द्विजसत्तमम् । शक्त्या च दक्षिणां दद्याद्वित्तशाठ्यं न कारयेत् ॥१००॥
एवं समेत्य ते सर्वे प्रेषयामास गीष्पतिम् । स गत्वा कथयामास वचो ब्रह्मोदितं तु तत् ॥१०१।
व्रतं चक्रे ततश्चन्द्रो यथोक्तं ब्रह्मणा पुरा । आविर्बभूव भगवान् गणेशो व्रततोषितः ॥१०२॥
तं क्रीडमानं गणनायकश्च तुष्टाव दृष्ट्वा तु कलानिधानः ।
त्वं कारणं कारणकारणानां वेत्तासि वेद्यश्च विभो ! प्रसीद ॥१०३॥

यत्नपूर्वक पूजा सर्वदा गर्नामा योग्य छ, त्यसमा पनि विशेषले ता कृष्णपक्षको चतुर्थीका रात्रिमा गरेको पूजा गणेशजीको अत्यन्त प्रीतिदायक छ ॥९८॥ घिउमा पकाएको पुवा औ लड्डूहरूले गणेशजीलाई सन्तुष्ट गराउनू, मधुर औ हविष्य अन्न आफूले खानू ॥९९॥ गणेशको सुनको प्रतिमा बनाएर ब्राह्मणलाई दिनू ॥१००॥ जब ब्रह्माजीले त्यस्ता प्रकारको युक्ति सिकाउनु भएथ्यो तब सबै देवताहरू जम्मा भएर बृहस्पतिलाई चन्द्रमा भएका ठाउँमा पठाए, बृहस्पति गएर ब्रह्माजीले आज्ञा भएको चन्द्रमालाई विस्तारपूर्वक कहँदा भए ॥१०१॥ चन्द्रमाले पनि ब्रह्माजीबाट आज्ञा भए बमोजिम गणेशजीको व्रत औ पूजा गर्दाभए, त्यो व्रतका प्रभावले अत्यन्त खुशी भएर गणेशजी चन्द्रमाका अगाडि प्रादुर्भाव हुनुभयो ॥१०२॥ आफ्ना अगाडि आएर आनन्दपूर्वक क्रीडा गर्नु भएको गणेशजीलाई देखेर चन्द्रमा स्तुति गर्न लाग्दा

प्रसीद देवेश! जगन्निवास! गणेश! लम्बोदर! वक्रतुण्ड।
विरञ्चिनारायणपूज्यमान क्षमस्व मे गर्वकृतञ्च हास्यम् ॥१०४॥
ये त्वामसम्पूज्य गणेश नूनं वाञ्छन्ति मूढा विदितार्थसिद्धिम्।
ते दैवनष्टा भृशमेव लोके ज्ञातो मया ते सकलप्रभावः ॥१०५॥
ये चाप्युदासीननरास्तु पापास्ते यान्ति पापान्नरके सदैव ॥१०६॥
एवं संस्तूयमानोऽसौ चन्द्रेणाथ गजाननः।
गणेश उवाच—तुष्टोऽहं तव दास्यामि वरं ब्रूहि निशाकर ॥१०७॥

भए—हे विभो! हजूर कारणका पनि कारण औ सम्पूर्ण वेत्ता र वेद्य भएका हजूरलाई नमस्कार छ ॥ १०३ ॥ हे देवेश! हे जगन्निवास! हे गणेश! हे लम्बोदर! हे वक्रतुण्ड! ब्रह्मा, विष्णुहरूले पनि पूजा गरिने हे भगवन्! प्रसन्न हुनुहवस्, मैले गरेको गर्व औ हास्य जो छ सो क्षमा गर्नोस् ॥१०४॥ हे गणेशजी! जो कोई मूढ मनुष्यहरू हजूरको पूजा नगरीकन आफ्नू कार्य-सिद्धिको इच्छा गर्दछन् ती मानिसहरू बडा अभागी हुन्, यो प्रभाव मैले निश्चय जानें ॥१०५॥ जो मानिसहरू हजूरमा उदासीन रहन्छन्, हजूरको पूजा नगरीकन सिद्धिको इच्छा गर्छन्, ती पापी हुन्; मरेपछि सर्वदा नरकमा जान्छन् ॥१०६॥ यस्ता प्रकारले जब चन्द्रमाले स्तुति गरेथे, गणेशजीले खुशी भएर आज्ञा गर्नुभयो—हे निशाकर! हे चन्द्रमा! म तिमीदेखि खुशी भएँ तदर्थ वर माग ॥ १०७ ॥ यस्तो गणेशजीको आज्ञानुसार चन्द्रमा चिन्ती

चन्द्र उवाच-लोकानां दर्शनीयोऽहं भवामि पुनरेव हि। विपापोऽहं विशापोऽहं त्वत्प्रसादाद्गणेश्वर ॥१०८॥
श्रीगणेश उवाच-वरमन्यत्प्रदास्यामि नैतद्देयं मया तव। विपापं कुरु देवेश! प्रार्थयामो वयं तव ॥१०९॥
विपापमकरोच्चन्द्रं कमलासनगौरवात्। शुक्लपक्षे चतुर्थ्यां ये त्वां पश्यन्ति सदैव हि ॥११०॥
मिथ्यापवादमायान्तं ते प्राप्स्यन्ति न संशयः। मासादिपूर्वमेवं त्वां ये पश्यन्ति सदा जनाः ॥१११॥
भद्रायां शुक्लपक्षस्य तेषां दोषो न जायते। तदा प्रभृतिलोकं ऽयं द्वितीयायां कृतादरः ॥११२॥

गर्दछन्-हे गणेश्वर! सम्पूर्ण लोकमा दर्शनीय औ पाप श्रापले रहित भएको हजूरको प्रसादले म हुँ ॥१०८॥ यस्तो वर चन्द्रमाले मागेको सुनेर गणेशजी फेरि आज्ञा गर्नुहुन्छ-हे चन्द्रमा! यो वर ता तिमीलाई दिन्न; अर्कै वर माग म दिन्छु भन्ने आज्ञा गर्नुभयो। तहाँ उप्रान्त यस्तो गणेशजीको आज्ञा सुनेर-हे देवेश! म हजूरको प्रार्थना गर्दछु, मलाई पापले रहित भएको गराइबक्सनु हवस् भनेर चन्द्रमाले फेरि बिन्ती गर्दा भए र ॥१०९॥ ब्रह्माजीका गौरवले गणेशजीले चन्द्रमालाई पापदेखि मोक्ष गराएर फेरि यो आज्ञा गर्नुभयो कि शुक्लपक्षको चतुर्थीका दिन जो कोही मनुष्य तिम्रो दर्शन गर्लान् ॥११०॥ मिथ्या अपवाद अवश्य तिनीहरूलाई लाग्ला यसमा केही सन्देह छैन औ जो कोही मासका आदिमा पहिले तिम्रो दर्शन गर्ला ॥१११॥ औ शुक्लपक्षको द्वितीयाका दिन दर्शन गर्नेलाई दोष हुने छैन भनेर गणेशजीले चन्द्रमालाई वर बक्सनुभयो। तहाँदेखि सम्पूर्ण लोकहरू आएर शुक्लपक्षको द्वितीयाका चन्द्रमाको दर्शन गर्नलागेका छन् ॥ ११२ ॥

चन्द्रस्य दर्शनार्थाय गणनाथेन भाषितम्। भाद्रशुक्लचतुर्थ्यां तु यस्त्वां पश्यति पापधीः ॥११३॥
मिथ्यापवादमलिनमावर्षं तस्य जायते। पुनरेव तु पप्रच्छ कलावान् गणनायकम् ॥११४॥
केनोपायेन देवेश ! तुष्टो भवसि तद्वद ॥११५॥ श्रीगणेश उवाच—
सदा कृष्णचतुर्थ्यां तु मोदकाद्यैः प्रपूज्य माम्। रोहिणीसहितं मां च समभ्यर्च्य विधानतः ॥११६॥
यथाशक्त्या च मद्रूपं स्वर्णेन परिकल्पितम्। दत्वा द्विजाय भुक्त्वाथ कथां श्रुत्वा विधानतः ॥११७॥
सदा तस्य करिष्यामि संकटस्य निवारणम्। भाद्रशुक्लचतुर्थ्यां तु मृण्मयी प्रतिमा शुभा ॥११८॥

चन्द्रमाको दर्शन गर्नाको लागि गणेशजीले यो आज्ञा गर्नुभयो कि भाद्रशुक्ल चतुर्थीका दिन पापबुद्धि भएका जो कोही मानिस तिम्रो दर्शन गर्छन् ॥११३॥ त्यस मानिसलाई मिथ्या अपवाद लाग्छ। एक वर्षसम्म मलीन हुन्छ। यस्तो गणेशजीको वचन सुनेर; हजुर के गर्नाले प्रसन्न होइबक्सिन्छ सो आज्ञा हवस् भनी चन्द्रमाले बिन्ती गर्दा गणेशजी आज्ञा गर्नुहुन्छ ॥११४॥११५॥ सम्पूर्ण कृष्णपक्षका चतुर्थीका दिन रोहिणी सहित मलाई लड्डु चढाएर विधानपूर्वक पूजा गर्नु ॥११६॥ यथाशक्ति मेरो सुनको प्रतिमा बनाई ब्राह्मणलाई भोजन गराएर दान देओस् र आफुले गरोस्; विधिपूर्वक कथा श्रवण गरोस् ॥ ११७ ॥ यति गर्‍यो भने सर्वदा त्यसको संकट नाश हुन्छ औ भाद्रशुक्ल चतुर्थीमा ता ॥११८॥ सुवर्णको प्रतिमा बनाउन् नसक्नेले माटोको प्रतिमा बनाएर नाना प्रकारका पुष्पहरूले मेरो पूजा गरेर ब्राह्मणलाई

हेमाभावे तु कर्तव्या नानापुष्पैः प्रपूज्य माम् । ब्राह्मणान् भोजयेत् पश्चात् जागरं च विशेषतः॥११९॥
स्थापयेदव्रणं कुम्भं धान्यस्योपरि शोभितम् । यथाशक्त्या तु मद्रूपं शातकुम्भेन निर्मितम् ॥१२०॥
वस्त्रद्वयसमाच्छन्नं मोदकाद्यैः प्रपूज्य माम् । रक्ताम्बरधरो मर्त्यो ब्रह्मचर्यरतः शुचिः ॥१२१॥
रोहिणीसहितं मां च पूजां प्रस्थाप्य मत्पुरः । रजतस्य तु शूर्पं तु यथाशक्त्या विनिर्मितम् ॥१२२॥
वस्त्रं शिवप्रियायेति गणाधिप नमोऽस्तु ते । गन्धं लम्बोदरायेति पुष्पं सिद्धिप्रदाय च ॥१२३॥
धूपं गजमुखायेति दीपं मूषकवाहने । विघ्ननाथाय नैवेद्यं फलं सर्वार्थसिद्धिदे ॥१२४॥
ताम्बूलं कामरूपाय दक्षिणां धनदाय च । इक्षुदण्डैस्तदा पूज्य नाम्ना शोभाकरं शुभम् ॥१२५॥

भोजन गराएर विशेषपूर्वक रात्रिमा जागरण गर्नु ॥११९॥ धानको माथी नचुहुने कुम्भ ऊपर स्थापना गरेर यथाशक्ति सुवर्णको प्रतिमा बनाई त्यो कुम्भमाथि स्थापना गरी ॥१२०॥ दुइ वस्त्रले ढाकेर लड्डुहरू चढाई मेरो पूजा गर्नु। रक्तवस्त्र धारण गरेर शुद्धतासाथ ब्रह्मचर्यमा रही ॥१२१॥ पूजासामग्री अगाडि राखेर रोहिणीले सहित मलाई पूजा गरी यथाशक्ति चाँदीको सूर्प ( नाङ्लो ) बनाएर चढाउन् ॥१२२॥ त्यहाँपछि मेरो पूजा गर्दा यस क्रमले गर्नु—वस्त्रं शिवप्रियाय नमः, गन्धं लम्बोदराय०, पुष्पं सिद्धिप्रदाय० ॥ १२३ ॥ धूपं गजमुखाय०, दीपं मूषकवाहनाय०, नैवेद्यं विघ्ननाथाय०, फलं सर्वसिद्धिदा० ॥१२४॥ ताम्बूलं कामरूपाय०, दक्षिणां धनदाय०, इक्षुदण्डं शोभाकराय० इत्यादि नामले पूजा गर्नू ॥१२५॥ तहाँ उप्रान्त सम्पूर्ण सिद्धिविनायकका विसर्जनको समारम्भ गर्नू। यस्ता हिसाबले गणेशजीको पूजा

विसर्जनसमारम्भैः सर्वसिद्धिप्रदायकम् । एवं सम्पूज्य विघ्नेशं कथां श्रुत्वा विधानतः ॥१२६॥
मन्त्रेणानेन तत्सर्वं ब्राह्मणाय निवेदयेत् । दानेनानेन देवेश ! प्रीतो भव गणेश्वर ! ॥
सर्वत्र सर्वदा देव ! निर्विघ्नं कुरु सर्वदा ॥१२७॥
मानोन्नतिं च राज्यं च पुत्र-पौत्रान् प्रदेहि मे । गावो धान्यं च वासांसि दद्यात्सर्वं स्वशक्तितः ॥१२८॥
दत्वा तु ब्राह्मणे सर्वं स्वयं भुञ्जीत कामतः । मोदकापूपमधुरं लवणं क्षारवर्जितम् ॥१२९॥
एवं करोति यश्चन्द्र ! तस्याऽहं सर्वदा जयम् । सिद्धिं च धनधान्यं च ददामि विपुलां प्रजाम् ॥१३०॥
इत्युक्त्वान्तर्दधे देवो गणनाथो विनायकः । तद्व्रतं कुरु कृष्ण ! त्वं ततो शुद्धिमवाप्स्यसि॥१३१॥

गरेर विधानपूर्वक कथा श्रवण गर्नु ॥१२६॥ फेरि यस मन्त्रले सम्पूर्ण सामग्री ब्राह्मणलाई दिनु—हे गणेश्वर ! हे देवेश ! यस दानले प्रसन्न भएर सबै कार्यमा सर्वदा निर्विघ्न गरिबक्सनुहवस् ॥१२७॥ अरू मान, उन्नति, राज्य, पुत्र, पौत्र बक्सनुहवस् भनेर प्रार्थना गरी गाई, धान, वस्त्र ब्राह्मणहरूलाई यथाशक्ति देओस् ॥१२८॥ यस्ता हिसाबले सबै ब्राह्मणलाई दिएर और भोजनसमेत गराएर पछिबाट लड्डु मधुर चीज औ लवण क्षार यिनले वर्जित भएको हविष्य आफूले पनि खान् ॥१२९॥ हे चन्द्रमा ! यस्ता प्रकारले यो व्रत जो गर्दछ त्यसलाई म सर्वदा जय, सिद्धि, धन, प्रजा अत्यन्त दिन्छु ॥१३०॥ यति आज्ञा गरेर गणेशजी अन्तर्ध्यान हुनुभयो ; हे कृष्ण ! तपाईं पनि यो व्रत गर्नुहवस् अनि यो मिथ्यापवाददेखि शुद्ध हुनुहोला ॥२३१॥ भन्ने यस्तो नारददेखि यस व्रतको प्रभाव सुनेर श्रीकृष्णजीले पनि विधानपूर्वक व्रत

नारदेनैवमुक्तश्च व्रतं चक्रे हरिः स्वयम् । मिथ्यापवादसंशुद्धिं द्वितीयं कृष्णयाचितम् ॥१३२॥
ये शृण्वन्ति तवाख्यानं स्यमन्तकमणीयकम् । चन्द्रस्य चरितं सर्वं तेषां दोषो न जायते ॥१३३॥
भाद्रशुक्लचतुर्थ्यां तु चन्द्रस्य दर्शनं क्वचित् । जातं तत्परिहारार्थं श्रोतव्यं सर्वमेव तु ॥१३४॥
यदा यदा मनः कष्टं मन्देहमुपजायते । तदा तदा च श्रोतव्यमाख्यानं कष्टनाशनम् ॥१३५॥
एवमुक्त्वा गतो देवो गणेशः कृष्णतोषितः ॥

यदा यदा पश्यति कार्यमुत्थितं नारी नरश्चाथ करोति सद्व्रतम् ।

गरी मिथ्या अपवाददेखि शुद्ध हुनुभयो । तहाँ उप्रान्त गणेशजीसँग लोकको उपकारका निमित्त श्रीकृष्णजीले यो वर पनि माग्नुभयो र ॥१३२॥ गणेशजी आज्ञा गर्नुहुन्छ–हे कृष्ण ! सुन जो कोही मनुष्य स्यमन्तक मणिको यो तिम्रो आख्यान चन्द्रमाको सम्पूर्ण चरित श्रवण गर्दछ त्यसलाई दोष लाग्नेछैन ॥१३३॥ भाद्रशुक्ल चतुर्थीका चन्द्रमाको कदाचित् दर्शन भैगो भने पनि त्यो दोष निवृत्तिका लागि यो कथा सर्वथा श्रवण गर्नू ॥१३४॥ जहिले-जहिले मनुष्यलाई कष्ट उत्पन्न हुन्छ तहिले-तहिले यो संकष्ट नाशन आख्यान श्रवण गर्नू । यस्ता हिसावले श्रीकृष्णजीलाई वर दिएर गणेशजी प्रसन्नतापूर्वक अन्तर्ध्यान हुनुभयो भन्ने कथा सनत्कुमारलाई सुनाएर फेरि नन्दिकेश्वर भन्नुहुन्छ– ॥१३५॥ जब-जब स्त्री वा पुरुषले कुनै कार्यको सिद्धिको इच्छाले यो व्रत गरोस् ता सम्पूर्ण यथार्थ इच्छा बमोजिमको फल तिनीहरूलाई

सिद्ध्यन्ति कार्याणि समीप्सितानि किं दुर्लभं विघ्नहरे प्रसन्ने ॥१३६॥
श्रावणस्यासिते पक्षे चतुर्थ्यामेकभुग्व्रती । व्रतं कुर्याद्गणेशस्य यावन्मासचतुष्टयम् ॥१३७॥

इति श्रीस्कन्दपुराणे स्यमन्तकोपाख्यानं समाप्तम् ।

मिल्दछ किनकि विघ्नको नाश गर्ने गणेशजी प्रसन्न हुनाले कै कुरा दुर्लभ छ, केही पनि छैन ॥ १३६ ॥ श्रावण कृष्णपक्षको चतुर्थीदेखि प्रारम्भ गरेर एक छाक खाई गणेशजीको व्रत चार महीनासम्म गरोस् तब सम्पूर्ण फल मिल्दछ भन्ने. यो कथा नन्दिकेश्वरले सनत्कुमारलाई बताएको यहाँ यथामति विस्तार गरियो ॥१३७॥

इति श्रीस्कन्दपुराणान्तर्गतं स्यमन्तकोपाख्यानं समाप्तम् ।

## कोजागरलक्ष्मी-पूजाविधिः

तत्रादौ सङ्कल्पं कुर्यात् ॥ तद्यथा–ॐ अद्येहेत्यादिपूर्वसङ्कल्पसिद्धिरस्तु मम सकलमनोरथसिद्धि-पूर्वकलक्ष्मीलोकप्राप्तये दीप-कलश-गणेशपूजनपूर्वक-लक्ष्मीपूजनमहं करिष्ये ॥ अङ्गन्यासादिकं विधाय दीप-कलश-गणेशादींश्च सम्पूज्य ध्यात्वा सुवर्णप्रतिमायां आवाहयेत् ॥

आवाहनम्–ॐ आलयं ते हि कथितं कमलं कमलालये। विमले कमले ह्यस्मिन् स्थितिं त्वं कृपया कुरु ॥

आसनम्–ॐ कमले! पाहि मे देवि! स्वर्णसिंहासनं शुभम्। गृहाणेदं मया दत्तमासनं प्रतिगृह्यताम् ॥

अर्घ्यम्–ॐ इन्दिरे! जगदाधारे! जगत्पूज्ये! हरिप्रिये!। गृहाणार्घ्यं मया दत्तं कल्याणं कुरु मां सदा ॥

आचमनीयम्–ॐ आचम्य जगदाधारे सिद्धिलक्ष्मि जगत्प्रिये! चपले देवि! ते दत्तं तोयमेतद्गृहाण मे ॥

पञ्चामृतम्–ॐ पयो दधि घृतं क्षौद्रं सितया च समन्वितम्। स्नानं पञ्चामृतेनाद्य कुरु देवि! दयानिधे ॥

स्नानम्–ॐ इदं तुभ्यं महालक्ष्मि! कर्पूरागुरुमिश्रितम् ॥ तीर्थेभ्यः सुसमानीतं स्नानार्थं प्रतिगृह्यताम् ॥

वस्त्रम्—ॐ सूक्ष्मतन्तुभवं वस्त्रं निर्मितं विश्वकर्मणा। लोकलज्जाहरं देवि! गृहाण सुरसत्तमे!॥

ततो नाना सौभाग्यद्रव्याणि च—'ॐ महालक्ष्म्यै नमः' इति मन्त्रेण समर्पयेत्॥

चन्दनम्—ॐ मलयाचलसम्भूतं घनसारं मनोहरम्। शीतलं बहुलामोदं चन्दनं प्रतिगृह्यताम्॥

तिलाक्षताः०—ॐ महालक्ष्म्यै नमः॥

पुष्पम्—ॐ नीलोत्पलं महामोदं मत्तालिकुलसंकुलम्॥ आनन्दिनन्दनोत्पन्नं पद्ममेतत् प्रगृह्यताम्॥

नामपूजा—ॐ श्रियै नमः। ॐ लक्ष्म्यै०। ॐ वरदायै०। ॐ विष्णुपत्न्यै०। ॐ क्षीरसागरवासिन्यै०। ॐ हिरण्यरूपायै०। ॐ सुवर्णमालिन्यै०। ॐ पद्मवासिन्यै०। ॐ मुक्तालंकारिण्यै०। ॐ तुर्यायै०। ॐ चन्द्राननायै०। ॐ विश्वमूर्त्यै०। ॐ मुक्त्यै०। ॐ मुक्तिदात्र्यै०। ॐ ऋद्ध्यै०। ॐ समृद्ध्यै०। ॐ तुष्ट्यै० ॐ पुष्ट्यै०। ॐ धनेश्वर्यै०। ॐ श्रद्धायै०। ॐ भोगिन्यै०। ॐ भोगदायै०। ॐ धात्र्यै०॥ एवं नामपूजां विधाय ऐरावतं इन्द्रं कुबेरं चन्द्रं च स्वस्वनाममन्त्रेण चतुर्थ्यन्तपदेन पञ्चोपचारेण पूजां कुर्यात्॥

धूपम्—ॐ गन्धसारसमुद्भूतं कस्तूरीमोदसम्भवम्॥ सुरासुरमनोहारि धूपं देवि! गृहाण मे॥

दीपम्— ॐ मार्तण्डमण्डलाखण्ड चन्द्रबिम्बाग्नितेजसाम्। निधानं देवि! दीपोऽयं निर्मितस्तव भक्तितः॥

नैवेद्यम्—ॐ देवतालयपातालभूतलाधारधान्यजम् ॥ षड्रसं शाकसहितं नैवेद्यं ते नमः सदा ॥
आचमनीयम्—ॐ स्नानादिकं विधीयन्ते यनः शुद्धिः प्रजायते। एतदाचमनीयं च महालक्ष्मि विधीयताम् ॥
करोद्वर्तनार्थे जलं समर्पयामि—ॐ महालक्ष्म्यै नमः इति करोद्वर्तनम् ॥
ताम्बूलम्—ॐ पातालतलसम्भूतं वदनाम्भोजभूषणम् ॥ नानागुणसमाकीर्णं ताम्बूलं प्रतिगृह्यताम् ॥
दक्षिणा—ॐ हिरण्यगर्भगर्भस्थं हेमबीजं विभावसोः ॥ अनन्तपुण्यफलदमतः शान्तिं प्रयच्छ मे ॥
नीराजनम्—ॐ आज्यं च वर्तिसंयुक्तं वह्निना योजितं मया ॥ नीराजनं च दास्यामि गृहाण कमले रमे ॥
पुष्पाञ्जलिम्—ॐ शारदेन्दुकलाकान्तिः स्निग्धनेत्रा चतुर्भुजा ॥ पद्मयुग्मा च भयदा करव्यग्रकराम्बुजा ॥
ऐरावतसमारूढा कमलासनसंस्थिता ॥ प्रसीद मम कार्येषु महालक्ष्मि! नमोऽस्तु ते ॥
प्रार्थना—ॐ विष्णोर्वक्षसि पद्मे च शंखे चक्रे गदाधरे॥ लक्ष्मि देवि यथासि त्वं मयि नित्यं तथा भव ॥

एवं पूजां विधाय भोज्यदक्षिणादिभिः ब्राह्मणान् सन्तोष्य स्वर्णतन्तुनिर्मितान् षोडश दीपाँश्च ब्राह्मणाय दत्वा नारिकेलजलभक्षणपूर्वकं बन्धुवर्गादींश्च भोजयित्वा स्वयं च भुञ्जीयात्। ततोऽर्धरात्रौ जल-फल-चन्दन दूर्वासमन्वित शङ्खार्घ्यं चन्द्रमसे दद्यात् ॥ यथा—

ॐ नमोऽस्तु ते निशानाथ! लक्ष्मीभ्रातर्नमोऽस्तु ते ॥ व्रतं सम्पूर्णतां यातु गृहाणार्घ्यं नमोऽस्तु ते ॥

ततः कथाश्रवणपूर्वकं नानाकौतुक-मङ्गल-नृत्य-गीत-तूर्य-भेरीवादकद्यूतक्रीडनादिभिः रात्रौ जागरणं कुर्यात् ॥ प्रातःकाले स्नानसन्ध्यादिकं विधाय विसर्जनं कुर्यादनेन मन्त्रेण–

ॐ पङ्कजं देवि! सन्त्यज्य मम वेश्मनि संविश ॥ यथा सपुत्रभृत्योऽहं सुखी स्यां त्वत्प्रसादतः ॥

आश्विनपौर्णमासी परा ग्राह्या ॥ अश्वयुजि कर्मणि पूर्वाह्णव्यापिनी देवकर्मत्वाद् ग्राह्या। अत्र कोजागरव्रते बहुव्यापिनी रात्रौ लक्ष्मीपूजनाक्षक्रीडाप्रधानत्वाद्रात्रिव्यापिन्येव कार्या ॥

इति पूजाविधि समाप्ता ॥

# कोजागरलक्ष्मी-व्रतकथा

ऋषय ऊचुः—कार्तिकस्य उपाङ्गानि व्रतानि कथयन्तु नः। कृतेषु येषु भवति सम्पूर्णं कार्तिकव्रतम् ॥१॥
बालखिल्या ऊचुः—आश्विने शुक्लपक्षे तु भवेद्या चैव पूर्णिमा। तत्रादौ पूजनं कुर्याच्छ्रियो जागृतिपूर्वकम् ॥२॥
नारिकेलोदकं पीत्वा अक्षक्रीडां समारभेत्। निशीथे वरदा लक्ष्मीः को जागर्तीति भाषिणी ॥३॥
जगत्प्रभ्रमति तस्यां लोकचेष्टावलोकिनी। तस्मै वित्तं प्रयच्छामि यो जागर्ति महीतले ॥४॥
सर्वथैव प्रकर्तव्यं व्रतं दारिद्र्यभीरुभिः। एतद्व्रतप्रभावेण वलितोऽपि धनान्वितः ॥५॥

कोही कालमा बालखिल्य नाउँ गरेका ऋषिहरूले यो प्रश्न गरे कि कार्तिक मासका अरू उपाङ्ग व्रत हामीहरूलाई कथन गर्नुहवस्, किनकि जुन व्रत गर्नाले कार्तिकको व्रत पूर्ण हुन्छ ॥१॥ यस्तो ऋषिहरूको प्रश्न सुनेर बालखिल्यहरू भन्दछन्—हे ऋषि हो! सुन। आश्विन मैह्नाको जो शुक्ल पूर्णिमा छ त्यस दिन दिवाव्रत गरेर रात्रिमा जागरणपूर्वक लक्ष्मीको पूजा गर्नु ॥२॥ नरिवलको उदक (पानी) पान गरेर जुआ खेल्नु, तब आधा रात्रिका बखतमा लक्ष्मी जो छन् वरदा वर दिने भएकी 'को जागा छ' भन्दै ॥३॥ लोकको चेष्टा हेर्दै जगत् घुम्दै जो जागा छ त्यसलाई धन दिन्छु भन्दै आउनुहुन्छ अर्थात् जो जागरण गरेर बसेको छ त्यसलाई धनले परिपूर्ण गराइदिनुहुन्छ ॥ ४ ॥ तस्मात् दारिद्र्यदेखि डराउनेहरूले सर्वदा यो व्रत गर्न योग्य छ, यै व्रतका प्रभावले वलित नाउँ गरेका ब्राह्मण पनि धनवान् भएका छन्

ऋषय ऊचुः—वलितः प्रोच्यते कोऽसौ लब्धवान् स कुतो व्रतम्। एतद्विस्तरतो ब्रूथ बालखिल्यास्तपोधनाः॥
बालखिल्या ऊचुः—ब्राह्मणो वलितो नाम मागधः कुशसम्भवः। नानाविद्याप्रवीणोऽसौ सन्ध्यास्नानपरायणः
याचनं मरणं तुल्यं मन्यते स द्विजोत्तमः। गृहागतं स गृह्णाति नान्यद् याचयते क्वचित् ॥८॥
तस्य भार्या महाचण्डी नित्यं कलहकारिणी। मद्भगिन्यः स्वर्णरौप्यालङ्कारादिविभूषिताः ॥९॥
नानामाल्याम्बरधरा दृश्या देवाङ्गना इव। अहं दरिद्रस्य गृहे पतितास्मि दुरात्मनः ॥१०॥
लज्जा मां बाधतेऽत्यन्तं ज्ञातीनां मुखदर्शने। धिगस्तु चैव विद्यायां निर्धनस्य कुलस्य च ॥११॥

॥५॥ यो वचन सुनेर ऋषिहरूले फेरि प्रश्न गर्दा भए–हे बालखिल्य! हे तपोधन! वलित भनेका को हुन्? व्रत कहाँबाट पाए? यो हामीहरूलाई विस्तारपूर्वक आज्ञा गर्नुहवस् ॥६॥ यस्तो प्रश्न सुनेर बालखिल्यहरू भन्दछन्—मगध देशका कुश नामा ब्राह्मणदेखि जन्मेका, वलित नाउँ गरेका, सम्पूर्ण विद्यामा पार भएका, स्नान-सन्ध्यादि कर्ममा तत्पर भएका थिए ॥७॥ फेरि ती कस्ता थिए भने माग्नु मर्नु हो भन्ने सम्झी ती ब्राह्मण घरमा कसैले ल्याइदिएको मात्र ग्रहण गर्दथे; नत्र माग्न जाँदैनथे ॥८॥ तिनकी भार्या महाचण्डी औ नित्य कलह-कारिणी थिइन्। मेरा बैहीहरू सुन र चाँदी आदिका अलङ्कारहरूले भूषित ॥९॥ औ नाना प्रकारका असल वस्त्र मालाहरू धारण गरेका अप्सरा हुन् कि भने जस्ता देखिन्छन् ॥१०॥ दुष्टमति भएका यस्ता दरिद्रीका घरमा म परें, ती दिदी-बैहीहरूका अगाडि मुख देखाउन

एवं वदति लोकेषु न करोति पतीरितम्। संकल्पं कृतवत्येकं यद्यद्भर्ता वदिष्यति ॥१२॥
विपरीतं करिष्यामि यावल्लक्ष्मीः प्रसीदति। भर्तः पाषाणबुद्धे! त्वं चौर्यं कुरु नृपालये ॥१३॥
आनीयतां धनं भूरि नोचेत्त्वन्ताडयाम्यहम्। क्षणं रोदिति नाश्नाति कदाचिद्बहु खादति ॥१४॥
सा कपालं ताडयत्येवं हि क्लेशयते पतिम्। दृष्ट्वा तस्यास्तु चरितं याचने दुःखभीतितः ॥१५॥
नोवाच वचनं किञ्चिद्यथा लाभेन तोषितः। एकस्मिन् श्राद्धपक्षे तु ह्यद्विग्नोऽभूद्द्विजोत्तमः॥१६॥
एतस्मिन् वत्सरे सर्वं श्राद्धसामग्रिकं गृहे। वर्तते गृहिणी चेयं न करिष्यति किञ्चन ॥१७॥

पनि मलाई ता लाज हुने भयो ॥ ११ ॥ यस्ता निर्धनी कुल र यस्तो विद्यालाई पनि राकधि छ, यस्ता प्रकारले अरूसँग भनि-भनि हिंड्दथिन् औ रिसले आफ्ना पतिले अह्राएको पनि गर्दिनथिन् ॥१२॥ तहाँ उप्रान्त एक दिन तिनले यस्तो प्रतिज्ञा गरिन्–जहाँसम्म लक्ष्मी प्रसन्न हुन्नन् तहाँसम्म पतिले जो भन्नन् त्यो सम्पूर्ण विपरीत (उल्टा) गरूँला भन्ने प्रतिज्ञा गरिन् ॥ १३ ॥ आफ्ना पतिका नगीच गएर यो वचन बोल्नलागिन्–हे पाषाणबुद्धे ! मूर्ख ! राजाका घरमा गई चोरी धेरै धन लिएर आऊ, नत्र तिमीलाई म कुट्तछु ॥ १४ ॥ यस्तो वचन बोली कहिले हाँस्ने, कहिले धेरै खाने, कहिले खाँदै नखाने र कहिले आफ्ना कपालमा आफैले हान्ने इत्यादि प्रकारले पतिलाई दुःख दिन-लागिन् ॥१५॥ ती वलित ब्राह्मणले पनि माग्नाका दुःखले डराएर तिनको त्यो दुष्टतालाई सहँदा भए, केही बोलेनन्, याचना नगरीकन जो लाभ हुन्थ्यो त्यसैमा सन्तोष गरेर बसेका थिए ॥१६॥ एक दिन श्राद्ध-पक्ष प्राप्त भएमा तो ब्राह्मण अत्यन्त खेदले युक्त भएर मनमा

इत्युद्विग्नमना विप्रो न भाषयति किञ्चन। चिन्तयाविष्टमेवं तमाययौ मित्रमुत्तमम् ॥१८॥
नाम्ना गणपतिख्यातं तस्मिन्नभ्यागते सति। नोवाच पूर्ववद्वार्तां मित्रो वचनमब्रवीत् ॥१९॥
भो भो वलित! चित्तं ते किमर्थं चिन्तयान्वितम्। अवश्यं स्वधिया कृत्वा चिन्तां ते निर्हराम्यहम् ॥२०॥
वलित उवाच—अधुना पितृपक्षे तु पितुः श्राद्धं समागतम्। सामग्रिकं चास्ति गृहे विपरीतकरी प्रिया॥२१॥
कथं सम्पाद्यते श्राद्धमतिचिन्तायुतोऽस्म्यहम्।
गणपतिरुवाच—धन्योऽसि कृतकृत्योऽसि भार्या यस्येदृशी गृहे ॥२२॥

विचार गर्नलागे—सबै सामग्री घरमा तयार छ ॥१७॥ यो घरकी गृहिणी भनाउँदी यस्ती छ, यसले केही गर्नेछैन, यस्ता हिसावले उद्विग्न मन भएका ती ब्राह्मण तैपनि कसैसँग केही भन्दाभएनन् ॥१८॥ यस्तो चिन्तामा परेर बसेका बखतमा गणपति नाउँ गरेका तिनका एक मित्र आउँदा भए ॥१९॥ अभ्यागत आएपछि पनि तो वलितले पहिले झैं केही वार्तालाप गरेनन्, यस कारण ती गणपतिले सोधे—हे वलित! के कारणले चिन्तायुक्त भयौ? भन, म पनि बुद्धिले पुगेसम्म तिम्रो चिन्ता हरण गरूँला ॥ २० ॥ यस्ता गणपतिका वचन सुनेर वलित भन्दछन्—मुनासिब हो, तपाईंले भन्नुभएको, तर तपाईं मित्र हुनाले सोध्नुभयो र म भन्दछु, यस बखत यस घरको चाला हेर्नुहवस्, बाबुको श्राद्ध आइपुग्यो, सम्पूर्ण सामग्री घरमा तयार छ, तर के गरौं सम्पूर्ण उल्टो गर्ने भार्या छ, तस्मात् यो श्राद्ध कसरी मैले गर्ने हो भनी यही चिन्ताले युक्त भएको छु ॥२१॥ यस्ता ती वलितका वचन सुनेर गणपति भन्दछन्—अहो! तिमी धन्य रहेछौ, यस्ता हिसावकी तिम्री भार्या

ब्रूहि त्वं वैपरीत्येन भार्या कार्यं करिष्यति। वलितस्तु तथेत्युक्त्वा सायं भार्यामभाषत ॥२३॥
अनर्थकारके चण्डि! परश्वः श्राद्धकं पितुः। न स्थापितं धनं यस्माद् यदर्थं तैस्तु पातकैः॥२४॥
तस्मान्न शीघ्रं पाकं त्वं कुरु दुष्टे! करोसि चेत्। ब्राह्मणाः ये द्यूतकराः शौचाचारविवर्जिताः ॥२५॥
निमन्त्र्यास्ते त्वया भद्रे! नोत्तमास्तु कदाचन। इति भर्तृवचः श्रुत्वा संभारस्तु महान् कृतः॥२६॥
निमन्त्रितास्तु सद्विप्राः काले पाकः कृतस्तथा। विपरीतै रेववाक्यैः श्राद्धं सम्पादितं तया ॥२७॥
पिण्डदानं ततः कृत्वा भार्यां वचनमब्रवीत्। विसृज्य पिण्डान्नीत्वा त्वं क्षिप गङ्गाजले शुभे॥२८॥

रहिछन्, शोक किन गर्नुपर्‍यो, उल्टो अह्राइदेउ, सबै काम सुल्टा गर्नेछन् ॥२२॥ यस्ता ती गणपतिका वचन सुनेर 'हुन्छ' भनी बेलुका आफ्नी भार्यालाई बोलाएर यो वचन बोल्दाभए ॥२३॥ हे अनर्थकारे! उल्टो गर्ने चण्डि! पर्सी मेरा पिताको श्राद्ध छ; तस्मात् चाँडो नगरेस्, मीठो-मीठो वस्तुहरू नपकाएस्, हे दुष्टे! यदि गरिस् भने जूआ खेल्ने औ शौच आचारले भ्रष्ट भएका ब्राह्मणहरूलाई ॥ २४ ॥ तैँले निमन्त्रण गर्न्, उत्तम ब्राह्मणहरूलाई निमन्त्रण नगरेस्। यस्ता आफ्ना पतिका वचन सुनेर बहुत बढिया तवरसँग श्राद्धको सामग्री गरिन्, मिष्ट मिष्ट वस्तु पकाइन् ॥२५॥२६॥ विद्वान् ब्राह्मणहरूलाई निमन्त्रण गरिन्, वखतमा पकाइन्। यस्तै विपरीत तवरसँग श्राद्धको सम्पादन भयो ॥२७॥ तहाँ उप्रान्त ती वलितले पिण्डदान गरेर तिनै आफ्नी गृहिणीलाई बोलाई 'यो पिण्ड गङ्गाजीमा सेलाएर आइज'

पिण्डान्नीत्वा तथेत्युक्त्वा शौचकूपे व्याचिक्षिपत्। तच्छ्रुत्वा वलितो दुःखी बभूवाकुलिताननः ॥२९॥
क्रोधाद्विनिर्ययौ गेहात् संकल्पं कृतवानिति। लक्ष्मीर्यदि प्रसन्ना स्यात्तदान्नं भक्षयाम्यहम् ॥३०॥
इति संकल्प्य स विप्रो गहने निर्जने वने। एको धर्मनदीतीरे वृक्षवल्कलधारकः ॥३१॥
त्रिंशद्दिनानि च गतान्यागताश्विनपूर्णिमा। कालीवंशसमुद्भूता नागकन्याः सुलोचनाः ॥३२॥
निवसन्ति वने तस्मिन् व्रतं चक्रू रमापते। श्वेतीकृतं तु सुधिया गृहं चन्द्रगृहोपमम् ॥३३॥
मण्डलानि विचित्राणि नानापिष्टैः कृतानि च। पञ्चामृतानि रत्नानि दर्पणाच्छादनानि च ॥३४॥

भन्दाभए ॥२८॥ त्यहाँ त आफ्ना पतिले उल्टो अह्राएनन्, ती चण्डीको पालो चर्पीमा लगेर त्यो पिण्ड सेलाई आइन्। यो हाल सुनेर अतीव दुःखले आकुल भएका ती वलित ॥२९॥ क्रोधले युक्त भएर घरबाट निस्की यो प्रतिज्ञा गर्दा भए कि जहाँसम्म लक्ष्मी मेरा उपर प्रसन्न हुन्नन् तहाँसम्म अन्न-पानी खान्न र घरमा पनि आउन्न ॥३०॥ यस्तो सङ्कल्प मनमा गरेर ती वलित ब्राह्मण निर्जन वनमा गएर एउटी धर्मा नाउँ गरेकी नदीका तीरमा वृक्षको बोक्रा धारण गरेर बस्ताभए ॥३१॥ ती ब्राह्मण त्यहाँ बसेका तीस दिनमा कोजागर पूर्णिमा आइपुग्यो, तब त्यहाँ कालीयनागका वंशमा उत्पन्न भएका सुन्दर-सुन्दर नाग-कन्याहरू ॥३२॥ बस्तथे र लक्ष्मी प्राप्तिका लागि व्रत गर्दाभए। कस्ता प्रकारले गरे भने सम्पूर्ण घर चूनले पोती मानू चन्द्रमाको मण्डल हो कि भने जस्तै गराएर ॥ ३३ ॥ नाना प्रकारका मण्डल सुन्दर-सुन्दर पिष्टहरूको बनाई तदनन्तर पञ्चामृत, रत्न, दर्पण, वस्त्र, पुष्प, फल इत्यादि ॥३४॥ स्थापन गरेर यत्नपूर्वक लक्ष्मी-पूजा गरी तिनीहरूले एक

स्थापयित्वेन्दिरापूजा कृता ताभिः प्रयत्नतः। एवं तु प्रथमो यामो बालाभिर्नीत एव हि ॥३५॥
प्रारब्धं च ततो द्यूतं तूर्यतास्तु न लेभिरे। चतुर्भिस्तु विनाक्षाणां क्रीडनं नैव जायते ॥३६॥
तस्मान् मृग्यस्तु विचरन् विचार्यैव पुनर्गता। कन्यका तु नदीतीरे ददर्श वलितं द्विजम् ॥३७॥
ज्ञात्वा तं साधुचरितं वलितं च मुखाकृतेः। उवाच वचनं चारु द्विज! कोऽसि समागतः ॥३८॥
याह्यद्य क्रीडितुं द्यूतं लक्ष्म्याः प्रीतिकरं परम्। इत्थं तद्वचनं श्रुत्वा वलितो वाक्यमब्रवीत् ॥३९॥
वलित उवाच—द्यूतेन क्षीयते लक्ष्मीर्द्यूताद्धर्मो विनश्यति। वृथैतद्वदसे किं त्वं कथं लक्ष्मीः प्रसीदति ॥४०॥

प्रहर रात्रि बिताउँदा भए ॥३५॥ तहाँ उप्रान्त जूआ खेल्न प्रारम्भ गरे, तर तीन जना मात्र आफूहरू थिए, चार जना नभइकन कसरी खेलौं, तीन जनाले मात्र ता जूवा खेल्न हुँदैन ॥३६॥ तस्मात् एक जनालाई खोज्नु पर्दछ भन्ने सल्लाह गरेर एक कन्या जूवा खेल्ने साथी खोज्न लागिन्, त्यसै बखतमा ती कन्याले तिनै वलित ब्राह्मणलाई नदीका किनारमा देखिन् ॥३७॥ चिन्ताले युक्त भएका, साधु आचरण भएका हुनन् भन्ने तिनका मुखैका आकृतिले जानेर सुन्दर वचन बोल्दी भइन्—हे ब्राह्मण! तिमी को हौ, कहाँबाट आयौ ? ॥ ३८ ॥ आऊ, आज लक्ष्मीको बड़ो प्रीतिकर जूवा खेलौं। यस्ता ती नागकन्याको वचन सुनेर ती वलित ब्राह्मण भन्दछन् ॥३९॥ तिमी यो बात भन्दछयौ, तर जूवाले लक्ष्मीको नाश हुन्छ औ धर्मको पनि नाश हुन्छ, वृथा नै तिमी भन्दछयौ, जूवाले लक्ष्मी कहीं प्रसन्न हुन्छिन् ॥ ४० ॥ यस्ता ती

कन्योवाच-भाषसे त्वं पण्डितवत् कर्म तेऽस्ति तु मूर्खवत्। इषस्य शुक्लपूर्णायां द्यूताल्लक्ष्मीः प्रसीदति ॥४१॥
द्यूतक्रीडां तु कृत्वैवं कौतुकं पश्य चैन्दिरम्। इत्युक्त्वाऽसौ तयानीतो क्रीडार्थं स्वस्य मन्दिरे॥४२॥
दत्वा तस्मै नारिकेलजलं भक्ष्यादिकं तथा। आरब्धं च तथा द्यूतं श्रीलक्ष्मीः प्रीयतामिति॥४३॥
स्थापितानि च रत्नानि कन्याभिर्ब्राह्मणेन तु। कौपीनं लपितं स्वीयं ताभिर्निर्जितमेव तत्॥४४॥
ब्राह्मणः क्रोधसंयुक्तः किं कर्तव्यं मयाधुना। उपवीतं लापयित्वा ततः स्वीयं कलेवरम्॥४५॥
लापयिष्ये विनिश्चित्य ह्यपवीतं ललाप सः। ताभिर्जितं च तदपि शरीरं लापितं स्वकम्॥४६॥

वलितका वचन सुनेर कन्या भन्दछिन्–हे ब्राह्मण! पण्डितको जस्तो बोल्दछौ औ कर्म ता तिम्रो मूर्खको छ किनकि आश्विनशुक्ल पूर्णिमाका रात्रिमा जूवा खेल्नाले लक्ष्मी प्रसन्न हुन्छिन् ॥४१॥ हेर, जूवा खेल्नाले लक्ष्मीको प्रसन्नता अधिबाट विचार नगरीकन के भन्दछौ। यति भनेर खेल्नाका निम्ति ती कन्याले आफ्ना घरमा वलितलाई लगिन् ॥४२॥ तहाँ उप्रान्त नरिवलको जल औ नैवेद्यहरू खान दिई श्रीलक्ष्मी प्रसन्न हुनुहवस् भनेर खेल गर्दाभए ॥४३॥ ती कन्याले अनेक प्रकारका रत्नहरू बाजीमा थापे, ब्राह्मण ता के थापुन्, अरू केही चीज वस्तु साथमा थिएन, एक लँगौटी थियो, सोही थापिदिंदा भए। ती कन्याहरूले लँगौटी पनि जिते ॥४४॥ जब त्यो जितेथे क्रोधले युक्त भएर अब मैले यस बखतमा के गर्ने हो भन्ने विचार गरेर जनै बाँकी छ यै थाप्छु, यहाँपछि पनि थाप्नु पर्‍यो भने शरीरै पनि ॥४५॥

ततोऽर्द्धरात्रे सञ्जाते लक्ष्मीनारायणावुभौ। आगतौ लोकचरितं द्रष्टुं विप्रं ददर्शतुः ॥४७॥
हीनोपवीतकौपीनं चिन्तया विवशीकृतम्। उवाच वचनं विष्णुः शृणु त्वं पद्मलोचने ॥४८॥
तव व्रतकरो विप्रः कथं जातः सचिन्तकः। तस्मादेनं कुरु क्षिप्रं लक्ष्मीवन्तं सुखान्वितम् ॥४९॥
इति विष्णुवचः श्रुत्वा पद्मयाऽसौ कटाक्षितः। बालाचित्तहरो जातस्तत्कालं मदनोपमः ॥५०॥
ततः कामेन संविद्धस्तास्तु या नागकन्यकाः। विप्राय वचनं प्रोचुः शृणु विप्र! तपोधन! ॥५१॥

थापुँला भने निश्चय गरेर जनै थापिदिए। जब जनै जितेथे शरीर पनि ती ब्राह्मणले थापिदिए ॥४६॥ तहाँ उप्रान्त आधारातको समय भएको थियो। प्रभु, मालिक भएका, लक्ष्मी-नारायण दुइ जना लोकको चरित्र हेर्नाका निमित्त पाल्नुभएको थियो, त्यसै वखतमा ती बलित नामा ब्राह्मणलाई देख्दा भए ॥४७॥ कस्ता ती ब्राह्मण भनेदेखि लँगौटी र जनैले पनि हीन भएका र चिन्ताले अत्यन्त दुब्लो भएको देखी अत्यन्त करुणाले युक्त भएर भगवान् विष्णु आज्ञा गर्नुहुन्छ—हे लक्ष्मी! तिमी सुन ॥४८॥ तिम्रो व्रत गर्ने यी ब्राह्मण कसरी चिन्ताले युक्त भए? तिम्रो व्रत गर्ने पुरुषहरू पनि कहीं दुःखी हुन्छन्! तस्मात् यिनको दुःख छुटाइदेऊ र धनवान् गराइदेऊ ॥४९॥ यस्ता विष्णुका वचन सुनेर लक्ष्मीले ती ब्राह्मण उपर कटाक्षले हेर्नुभयो। लक्ष्मीले हेर्नासाथ मात्र सोही वखतमा ती ब्राह्मण बाला सुन्दरी स्त्रीहरूका चित्त हरण गर्ने कन्दर्प जस्ता राम्रा हुँदाभए ॥५०॥ तहाँ उप्रान्त कन्दर्पले पीडित भएका ती नागकन्याहरूले ती ब्राह्मणलाई यो वचन

यद्यस्माभिर्जितस्त्वं च भर्ताऽस्माकं वचोऽनुगः। वयं त्वया निर्जिताश्चेद्यथेच्छसि तथा कुरु ॥५२॥
इति तद्वचनं श्रुत्वा तथा मेने स च द्विज। क्रीडनाद्या जिताः कन्या गान्धर्वेण विवाहिताः॥५३॥
तासां रत्नानि ताश्चापि गृहीत्वा स्वगृहं ययौ ॥५४॥
प्राप्तं चण्डीतिरस्कारान् मयेदं भाग्यमुत्तमम्। तस्मात्सम्मानिता चण्डी सापि प्रीता बभूव ह ॥५५॥
चकार स्वामिनश्चाज्ञामित्थं लक्ष्मीव्रतं त्विदम्। बहुरात्रिव्यापिनी सा सात्र पूर्णा विशिष्यते।।५६॥
तत्राराध्यं महालक्ष्मीमिन्द्रमैरावतस्थितम्। उपवासं प्रकुर्वीत दीपान् दद्याच्च भक्तितः॥५७॥

बोल्न लागे—हे ब्राह्मण! हे तपोधन! ॥५१॥ यदि तपाईंलाई हामीहरूले जित्यौं भने तपाईंले हाम्रा पति हुनु, हामीहरूलाई तपाईंले जित्नुभयो भने तपाईंको दिलमा जस्तो आउँछ सो गर्नु होला ॥५२॥ तिनको यस्ता कुरा सुनी ती वलित विप्रले पनि 'हुन्छ' भनी खेल्दाभए। ती कन्याहरूलाई वलित विप्रले जिते। तहाँ उप्रान्त गन्धर्व विधिले ती कन्याहरूसँग बिवाह गरे ॥ ५३ ॥ र रत्नले सहित ती कन्याहरूलाई समेत लिएर घर गए ॥५४॥ चण्डीका तिरस्कारले मलाई यो भाग्य प्राप्त भयो भनेदेखि त्यसलाई पनि मान्नुपर्दछ भनी आफ्नी भार्यालाई पनि मान्दा भए, ती पनि खुशी भइन् ॥५५॥ स्वामीको आज्ञा पनि जस्ता हिसाबले गर्नु पर्ने गर्न लागिन्, यस्तो यो लक्ष्मीको व्रत छ। धेरै रात्रि व्यापिनी पूजा गर्नू, उपवास गरेर भक्तिपूर्वक ॥५६॥ लाख, त्यसको आधा, १० हजार, एक हजार अथवा एक सय नै भए

लक्षं तदर्द्धमयुतं सहस्रं शतमेव वा। घृतेन दीपयेद्दीपाँस्तिलतैलेन वा व्रती ॥५८॥
रात्रौ जागरणं कुर्यात् नृत्यगीतपुरःसरम्। यथा विभवतो देयाः पुरवीथीषु दीपकाः ॥५९॥
देवतायतने चैव आरामेषु गृहेषु च। ततः प्रभाते सुस्नातः सम्पूज्य च शतक्रतुम् ॥६०॥
ब्राह्मणं भोजयेत् क्षीरं घृतशर्करपायसैः। वासोभिर्दक्षिणाभिश्च सवस्त्रान् पूजयेद्द्विजान् ॥६१॥
यथाशक्ति च दातव्या दीपाः स्वर्णविनिर्मिताः। एवं विधिं विनिर्वर्त्य ततः पारणमाचरेत् ॥६२॥
व्रतस्यास्य प्रभावेण कल्पसंख्या वसेद्ध्रुवम्। अप्सरोभिः परिवृतः स्वर्गलोके महीयते ॥६३॥

पनि घिउ या तिलका तेलमा ॥५७॥ बत्ती बाल्नु रात्रिमा नाच-गान जुवा गरेर जागरण गर्नू ॥ ५८ ॥ फेरि आफ्ना धन अनुसार शहर, मार्ग, देवालय, बगैंचा र घरहरूमा पनि बत्ती बाल्नु ॥५९॥ तहाँ उप्रान्त प्रातःकाल भएपछि स्नान सन्ध्या गरी इन्द्रको पूजा गरेर घृत, चीनी र दूधहरूले ब्राह्मणहरूलाई भोजन गराएर ॥६०॥ असल वस्त्र दक्षिणाहरूले ब्राह्मणको पूजा गर्नू ॥ ६१ ॥ यथाशक्ति सुवर्णको बत्ती बनाएर ब्राह्मणलाई दान दिनू। यस्ता प्रकारको विधि गरेर व्रतको पारण पनि गर्नू ॥ ६२ ॥ तब यस व्रतका प्रभावले अनेक कल्पसम्म अप्सराहरूले सहित भएर स्वर्गमा पूज्य हुन्छ ॥६३॥ यहाँ पनि आयुष्मान् औ आरोग्य पुत्र-पौत्र र लक्ष्मीले युक्त भएको हुन्छ। यस्ता

इह चायुष्यमारोग्यं पुत्रपौत्रादिसम्पदः । एवं लक्ष्मीव्रतं कृत्वा न दरिद्री न दुःखभाक् ॥६४॥
कथां श्रुत्वा विधानेन व्रतस्यापि फलं लभेत् ॥

इति सनत्कुमारसंहितायां कोजागर-व्रत-कथा समाप्ता ।

प्रकारको यो लक्ष्मीको व्रत गर्नाले मनुष्य दरिद्री दुःखी कहिले पनि हुँदैन औ विधिपूर्वक यो कथा सुन्नाले मात्र पनि व्रत गरेको फल पाइन्छ भनी बालखिल्य ऋषिहरूले शौनकादि ऋषिहरूलाई बताएको कथा यहाँ पनि यथामति विस्तार भयो ॥६४॥

इति सनत्कुमारसंहितायां कोजागरव्रतकथा समाप्ता समाप्तम् ।

## शिवरात्रि-पूजाविधिः

फाल्गुनस्याऽसिते पक्षे कृष्णा चैव चतुर्दशी। निशार्धव्यापिनी ग्राह्या हत्या कोटिविनाशिनी॥ ज्ञान सं०

सङ्कल्पः—ॐ तत्सत् ३ विष्णुः ३ अद्येहेत्यादि०। दीप-कलश-गणेश पूजां विधाय ताम्रपात्रेऽष्टदलं क्रमेण—

पूर्वे—ॐ भो इन्द्र! इहागच्छेति, इन्द्रं पूजयामि। आग्नेये-ॐ अग्ने! इहागच्छेति अग्निं पूजयामि। दक्षिणे—ॐ यम! इहागच्छेति० यमं पूजयामि। नैर्ऋत्ये-ॐ निऋते! इहागच्छेति निर्ऋतिं पूजयामि। पश्चिमे—ॐ वरुण! इहागच्छेति वरुणं पूजयामि। वायव्ये—ॐ वायो! इहागच्छेति वायुं पूजयामि। उत्तरे—ॐ धनद! इहागच्छेति धनदं पूजयामि। ईशाने—ॐ रुद्र! इहागच्छेति रुद्रं पूजयामि। पूर्वेशानयोर्मध्ये—ॐ ब्रह्मन्! इहागच्छेति ब्रह्माणं पू०। नैऋत्यवरुणयोर्मध्ये—अनन्त! इहागच्छेति अनन्तं पू०

तत्स्थाल्यां मध्ये सुवर्णमयीं वा रौप्यमयीं मूर्तिं संस्थाप्य, ध्यायेत्—

ध्यायेन्नित्यं महेशं रजतगिरिनिभं चारुचन्द्रावतंसं रत्नाकल्पोज्ज्वलाङ्गं परशुमृगवराभीतिहस्तं प्रसन्नम्।
पद्मासीनं समन्तात्स्तुतममरगणैर्व्याघ्रकृत्तिं वसानं विश्वाद्यं विश्ववन्द्यं निखिलभयहरं पञ्चवक्त्रं त्रिनेत्रम्॥

ॐ नमस्तेरुद्रमन्न्यवऽउतोतऽइषवेनमः ॥ बाहुभ्यामुततेनमः ॥१॥

आवाहनम्–ॐ सहस्रशीर्षापुरुषः सहस्राक्षः सहस्रपात् । सभूमिꣳ सर्वतस्पृत्वात्यतिष्ठद्दशाङ्गुलम् ॥
आगच्छ देवदेवेश ! मर्त्यलोकहितेच्छया । पूजयामि विधानेन प्रसन्नः सुमुखो भव ॥

आसनम्–पुरुषऽएवेदꣳ सर्वंयद्भूतंयच्चभाव्यम् । उतामृतत्वस्येशानोयदन्नेनातिरोहति ॥
पादासनं कुरु देव निर्मलं स्वर्णनिर्मितम् । भूषितं विविधै रत्नैः कुरु त्वं पादुकासनम् ॥

पाद्यम्–ॐ एतावानस्यमहिमातोज्यायाँश्चपूरुषः । पादोस्यविश्वाभूतानित्रिपादस्यामृतन्दिवि ॥
गङ्गादि सर्वतीर्थेभ्यो मया प्रार्थनयाहृतम् । तोयमेतत्सुखस्पर्शं पाद्यार्थं प्रतिगृह्यताम् ॥

अर्घ्यम्–ॐ त्रिपादूर्ध्वऽउदैत्पुरुषः पादोस्येहाभवत्पुनः । ततोविष्वङ्व्यक्रामत्साशनानसनेऽअभि ॥
गन्धोदकेन पुष्पेण चन्दनेन सुगन्धिना । अर्घ्यं गृहाण देवेश ! भक्तिं मय्यचलां कुरु ॥

आचमनीयम्–ॐ ततोविराडजायतविराजोऽअधिपूरुषः । सजातोऽअत्यरिच्यतपश्चाद्भूमिमथोपुरः ॥
कर्पूरोशीरसुरभिः शीतलं विमलं जलम् । गङ्गायास्तु समानीतं गृहाणाचमनीयकम् ॥

स्नानम्–ॐ तस्माद्यज्ञात्सर्वहुतः सम्भृतम्पृषदाज्यम् । पशूंस्ताँश्चक्रेवायव्यानारण्याग्राम्याश्चये ॥

मन्दाकिन्याः समानीतं हेमाम्भोरुहवासितम् । स्नानाय ते मया भक्त्या नीरं स्वीक्रियतां विभो ॥

मधुपर्कम्—ॐ मधुपर्कं महादेव ब्रह्माद्यैः परिकल्पितम् । मया निवेदितं भक्त्या गृहाण परमेश्वर ॥

पुनराचमनीयम्—ॐ आपोऽअस्मान्मातरः शुन्धयन्तुघृतेननोघृतप्वः पुनन्तु । विश्वᳪंहिरिप्रम्प्रवहन्तिदेवी०

पयसा—ॐ पयः पृथिव्याम्पयऽओषधीषुपयोदिव्यन्तरिक्षेपयोधाः पयस्वतीः प्रदिशः सन्तु मह्यम् ॥

कामधेनुसमुद्भूतं सर्वेषां जीवनं परम् । पावनं यज्ञहेतुश्च पयः स्नानार्थमर्पितम् ॥ शुद्धोदकम्

दध्ना—ॐ दधिक्राव्णोऽअकारिषञ्जिष्णोरश्वस्यव्वाजिनः । सुरभिनोमुखाकरत्प्रणऽआयूᳪंषितारिषत् ॥

पयसस्तु समुद्भूतं मधुराम्लं शशिप्रभम् । दध्यानीतं मया देव स्नानार्थं प्रतिगृह्यताम् ॥ शुद्धोदकम्

घृतेन—ॐ घृतम्मिमिक्षेघृतमस्ययोनिर्घृतेश्रितोघृतम्वस्यधाम । अनुष्वधमावहमादयस्वस्वाहाकृतंवृषभ०

नवनीतसमुत्पन्नं सर्वसन्तोषकारकम् । घृतं तुभ्यं प्रदास्यामि स्नानार्थं प्रतिगृह्यताम् ॥ शुद्धोदकम्

मधुना—ॐ मधुव्वाताऽऋतायतेमधुक्षरन्तिसिन्धवः । माध्वीर्नः सन्त्वोषधीः ॥ मधु नक्तमुतोषसोमधुमत्पार्थिवᳪंरजः ॥ मधुद्यौरस्तुनः पिता ॥ मधुमान्नोव्वनस्पतिर्म्मधुमांऽअस्तुसूर्यः माध्वीर्गावोभवन्तुनः ॥

तरुपुष्पसमुद्भूतं सुस्वादु मधुरं मधु । तेजः पुष्टिकरं दिव्यं स्नानार्थं प्रतिगृह्यताम् ॥ शुद्धोदकम्

शर्करया–ॐ अपाᳪंरसमुद्वयसᳪंसूर्येसन्तᳪंसमाहितम् ॥ अपाᳪंरसस्ययोरसस्तम्वोगृह्णाम्युत्तममुपयाम-
गृहीतोसीन्द्रायत्त्वाजुष्टंगृह्णाम्येषतेयोनिरिन्द्रायत्त्वाजुष्टतमम् ॥

इक्षुसारसमुद्भूता शर्करा पुष्टिकारिका । मलापहारिका दिव्या स्नानार्थंप्रतिगृह्यताम् ॥ शुद्धोदकम्

गन्धोदकेन–ॐ गन्धद्वारां दुराधर्षां नित्यपुष्टां करीषिणीम् । ईश्वरीं सर्वभूतानां तामिहोपह्वये श्रियम् ॥

ॐ मलयाचलसम्भूतं चन्दनागुरुमिश्रितम् । चन्दनं देवदेवेश स्नानार्थं प्रतिगृह्यताम् ॥

उद्वर्तनम्–ॐ नानासुगन्धिद्रव्यं च चन्दनं रजनीयुतम् । उद्वर्तनं मया दत्तं स्नानार्थं प्रतिगृह्यताम् ॥

ततो दुग्धेन शिवोपरि शतरुद्रीयमन्त्रेणाथर्वशीर्षेण वा शिवमन्त्रेण वा अभिषेकं कुर्यात् । अथोत्तराङ्गपूजा—

वस्त्रम्–ॐ तस्माद्यज्ञात्सर्वहुतऽऋचः सामानियज्ञिरे । छन्दाᳪंसिजज्ञिरेतस्माद्यजुस्तस्मादजायत ॥

वस्त्रं सूक्ष्मं दुकूलं च देवानामपिदुर्लभम् । गृहाण त्वमुमाकान्त! प्रसन्नो भव सर्वदा ॥

यज्ञोपवीतम्–ॐ तस्मादश्वाऽअजायन्तयेकेचोभयादतः ॥ गावोहजज्ञिरेतस्मात्तस्माज्जाताऽअजावयः ॥

अलङ्करणम्–ॐ दिव्यरत्नसमायुक्ता वह्निभानुसमप्रभाः । गात्राणि शोभयिष्यन्ति अलङ्काराः सुरेश्वर ॥

चन्दनम्–ॐ तं यज्ञं बर्हिषिप्रौक्षन्पुरुषञ्जातमग्रतः ॥ तेनदेवाऽअयजन्तसाध्याऽऋषयश्चये ॥

श्रीखण्डचन्दनं दिव्यं गन्धाढ्यं सुमनोहरम् । विलेपनं सुरश्रेष्ठ ! गृहाण परमेश्वर ॥
अक्षतान्—ॐ अक्षन्नमीमदन्तह्यवप्रियाऽअधूषत ॥ अस्तोषतस्वभानवोविप्रानविष्ठयामतीयोजान्विन्द्रतेहरी॥
श्वेताः कुंकुमसंयुक्ता उत्तमाः शालितण्डुलाः । मया निवेदितं भक्त्या गृहाण परमेश्वर ॥
पुष्पाणि—यत्पुरुषंव्यदधुः कतिधाव्यकल्पयन् । मुखङ्किमस्यासीत्किम्बाहूकिमूरूपादाऽउच्येते ॥
माल्यादीनि सुगन्धीनि मालत्यादीनि वै प्रभो । मयानीतानि पुष्पाणि गृह्याण परमेश्वर ॥
बिल्वपत्रम्—त्रिपत्रं त्रिगुणाकारं त्रिनेत्रं च शिवप्रियम् । त्रिजन्मोत्थं हरेत्पापं बिल्वपत्रं शिवार्पणम् ॥
धूपम्—ॐ ब्राह्मणोस्यमुखमासीद्बाहूराजन्यःकृतः । ऊरूतदस्यवद्वैश्यःपद्भ्याᳪशूद्रोऽअजायत ॥
वनस्पतिरसो दिव्यो गन्धाढ्यो गन्ध उत्तमः । आघ्रेयः सर्वदेवानां धूपोऽयं प्रतिगृह्यताम् ॥
दीपम्—ॐ चन्द्रमामनसोजातश्चक्षोः सूर्योऽअजायत ॥ श्रोत्राद्वायुश्चप्राणश्चमुखादग्निरजायत ॥
आज्यं च वर्तिसंयुक्तं वह्निना योजितं मया । दीपं गृहाण देवेश त्रैलोक्यतिमिरापहम् ॥
नैवेद्यम्—नाभ्याऽआसीदन्तरिक्षᳪशीर्ष्णोद्यौःसमवर्तत । पद्भ्याम्भूमिर्दिशःश्रोत्रात्तथालोकाँ२ऽअकल्पयन्
अन्नं चतुर्विधं स्वादु रसैः षड्भिः समन्वितम् । भूतानां जीवनं चैव नैवेद्यं प्रतिगृह्यताम् ॥

अमृतै रचितं दिव्यं नानारूपविनिर्मितम्। पिष्टकं विविधं देव! गृहाण मम भावतः॥
मोदकं स्वादु संयुक्तं शर्करादिविमिश्रितम्। सुरम्यं भोजनं दिव्यं मया दत्तं च गृह्यताम्॥
जलम्—जलं च शीतलं स्वच्छं सुगन्धि सुमनोहरम्। मया निवेदितं भक्त्या गृहाण परमेश्वर॥
करोद्वर्तनम्—गन्धकर्पूरसंयुक्तं कस्तूर्यादिविमिश्रितम्। करोद्वर्तनकं दिव्यं गृहाण जगदीश्वर॥
ताम्बूलम्—ॐ यत्पुरुषेणहविषादेवायज्ञमतन्वत। वसन्तं स्यासीदाज्यङ्ग्रीष्मऽइध्मः शरद्धविः॥
पूगीफलं महद्दिव्यं नागवल्लीदलैर्युतम्। एलाचूर्णादिसंयुक्तं ताम्बूलं प्रतिगृह्यताम्॥
फलम्—ॐ याः फलिनीर्याऽअफलाऽअपुष्पायाश्चपुष्पिणीः। बृहस्पतिप्रसूतास्तानोमुञ्चन्त्वꣳहसः॥
इदं फलं मया देव! स्थापितं पुरतस्तव। तेन मे सफलावाप्तिर्भवेऽज्जन्मनि जन्मनि॥
दक्षिणा—ॐ हिरण्यगर्भगर्भस्थं हेमवीजं विभावसो। अनन्तपुण्यफलदमतः शान्तिं प्रयच्छ मे॥
पुष्पमाला—नानासुगन्धसंयुक्ता नानापुष्पविनिर्मिता। मया निवेदिता माला ग्राह्या तव महेश्वर॥
बिल्वमाला—सूत्रेण ग्रथितं माल्यं नानापुष्पविमिश्रितम्। श्रीयुक्तं बिल्वमाल्यं च गृहाण परमेश्वर॥
पुष्पाञ्जलिः—नमः शिवाय शान्ताय कारणत्रयहेतवे। निवेदयामि चात्मानं त्वं गतिः परमेश्वर॥

अपराधसहस्राणि क्रीयन्तेऽहर्निशं मया। दासोयऽमिति मां मत्वा प्रसीद परमेश्वर॥
नीराजनम्—पञ्चवर्तिसमायुक्तं गोघृतेन च पूरितम्। नीराजनं मया दत्तं गृहाण भगवन् हर॥
कर्पूरार्तिक्यम्—कदलीगर्भसम्भूतं घनसारं शशिप्रभम्। आरार्तिक्यमहं कुर्व पश्य मे वरदो भव॥
प्रदक्षिणा—ॐ सप्तास्यासन्परिधयस्त्रिः सप्तसमिधः कृताः। देवायद्यज्ञन्तन्वानाऽअबध्नन्पुरुषम्पशुम्॥
यानि कानि च पापानि ब्रह्महत्यासमानि च। तानि तानि प्रणश्यन्तु प्रदक्षिण पदे पदे॥
मन्त्रपुष्पाञ्जलिः—ॐ यज्ञेनयज्ञमयजन्तदेवास्तानिधर्माणिप्रथमान्यासन्।
तेहनाकम्महिमानः सचन्तयत्रपूर्वसाध्याः सन्तिदेवाः॥
श्रूयतां धर्मसर्वस्वं शिवरात्रौ शिवार्चनम्। व्रतयज्ञविधानेन स्वर्गपुण्येन कर्मणा॥
कृत्वा स्नानं शुचिर्भूत्वा धौतवस्त्रसमन्वितः। स्थापयेद्देवदेवेशं मन्त्रैर्वेदसमुद्भवैः॥
ततः पूजा प्रकर्तव्या पूर्वोक्तविधिना ततः। नमो यज्ञ जगन्नाथ! नमस्त्रिभुवनेश्वरः॥
पूजां गृहाण मद्दत्तां महेश! प्रथमे पदे॥
अनेकबिल्वयुक्तं विशेषार्घ्यं दद्यात् इति प्रथमप्रहरे। द्वितीयप्रहरेऽपि षोडशोपचारैः पूजयेत्॥ अनेनैव विधिना—

पूर्वे नन्दिमहाकालौ शृङ्गिभृङ्गी च दक्षिणे । वृषस्कन्दौ पश्चिमे च देशकालौ तथोत्तरे ॥
गङ्गा च यमुना चैव पार्श्वे चैव व्यवस्थिते । पूजान्ते बीजपूरेण अर्घ्यं दद्यादनेन मन्त्रेण—
नमो व्यक्ताय सूक्ष्माय नमस्ते त्रिपुरान्तक ! पूजां गृहाण देवेश यथाशक्त्योपपादितम् ॥

तृतीयप्रहरे रम्भाफलेन—

बद्धोऽहं विविधैः पाशैः संसारभवबन्धनैः । पतितं मोहजाले मां त्वं समुद्धर शङ्कर ॥

चतुर्थप्रहरे आद्यवत् पूजां कुर्यात्—

नमः शिवाय शान्ताय सर्वपापहराय च । शिवरात्रौ मया दत्तं गृहाणार्घ्यं नमोऽस्तु ते ॥

ततः प्रभाते स्नात्वा विधिवत् पूजां कुर्यात्, ततो विशेषार्घ्यं दद्यात् अनेन मन्त्रेण—

दुःखदारिद्र्यभावैश्च दग्धोऽहं पार्वतीपते ! मां वै त्राहि महादेव ! किं न जानासि शंकर ॥
किं न जानासि देवेश तावद्भक्तिं प्रयच्छ मे । स्वपादाग्रतले देव ! दास्यं देहि जगत्पते ॥
इत्यर्घ्यं दत्वा पूजां समाप्य दक्षिणां दद्यात्, ब्राह्मणान् भोजयेत् इति ॥

# शिवरात्रि-व्रतकथा

सूत उवाच–सकारणमशेषस्य जगतः सर्वदा शिवः । गोब्राह्मणनृपाणां च शिवं भवतु सर्वदा ॥१॥
कैलाशशिखरासीनं देवदेवं जगद्गुरुम् । पञ्चवक्त्रं दशभुजं त्रिनेत्रं शूलपाणिनम् ॥२॥
पिनाकशोभितकरं खड्गखेटकधारिणम् । कपालखट्वाङ्गधरं शशाङ्ककृतशेखरम् ॥३॥
कपालधारिणं भीमं वरदं चाभयप्रदम् । भस्माङ्गं व्यालशोभाढ्यमस्थिमालाविभूषितम् ॥४॥
नीलजीमूतसंकाशं सूर्यकोटिसमप्रभम् । क्रीडन्तं च शिवं तत्र गणैश्च परिवारितम् ॥५॥

श्रीशिवरात्रि व्रत-कथा प्रारम्भः ॥ कोही कालमा नैमिषारण्य क्षेत्रमा ८८ हजार शौनकादि ऋषिहरूले प्रश्न गरिएका सूत नामा पौराणिक भन्दछन्–सर्वदा सम्पूर्ण जगत्का कारण भएका जो परमेश्वर सदाशिव छन् उनै गौ ब्राह्मण र राजाहरूको कल्याण गरून् ॥ १ ॥ कैलाश पर्वतका शिखरमा विराजमान ब्रह्मा विष्णु गरिएका जो देवताहरू छन् तिनका पनि देव औ जगत्का गुरु पञ्चवक्त्र, दश बाहु, त्रिनेत्र भएका, त्रिशूल हातमा लिएका ॥२॥ फेरि पिनाक नाम धनुले शोभित हात भएका यस्ता खड्ग, खेटक, कपाल खट्वाङ्ग इत्यादि शस्त्र लिने भएका, मुकुटमा चन्द्रमा धारण गरेका ॥ ३ ॥ भयङ्कर स्वरूप वर अभय दिने भस्मले र सर्पका गहनाले शोभायमान भएका फेरि हाडको माला लगाएका ॥४॥ नील मेघका जस्तो वर्ण र कोटि सूर्यको जस्तो तेज भएका फेरि आफना सकल गणहरूले युक्त भएर क्रीडा गर्ने भएका

विसृज्य देवताः सर्वास्तिष्ठन्तं परमेश्वरम् । तं दृष्ट्वा देवदेवेशं प्रहस्योत्फुल्ललोचना ॥६॥
पार्वती परिपप्रच्छ विनयावनता स्थिता । गौरी पप्रच्छ भर्तारं विस्मयोत्फुल्ललोचना ॥७॥
पार्वत्युवाच-कथयस्व प्रसादेन तद्गोप्यं व्रतमुत्तमम् । श्रुतास्त्वयोक्ता देवेश व्रतानां निर्णयाः शुभाः ॥८॥
तथा वै दानधर्माश्च तीर्थधर्मास्त्वयोदिताः । नास्ति मे निश्चयो देव भ्रान्ताऽहं तु पुनःपुनः ॥९॥
तस्माद्वदस्व मे देव एकं निःसंशयं प्रभो ! व्रतानामुत्तमं देव ! भुक्तिमुक्तिप्रदायकम् ॥१०॥
तदहं श्रोतुमिच्छामि कथयस्व मम प्रभो ॥११॥ ईश्वर उवाच—

॥५॥ फेरि सम्पूर्ण देवताहरूलाई त्याग गरेर बस्ने भएका देवताहरूका जो देवता छन् तिनका पनि मालिक भएका यस्ता परमेश्वर महादेवलाई देखी हर्षले युक्त भएर ॥६॥ आफ्ना पति भएका महादेवसँग नम्रतापूर्वक पार्वतीले यो प्रश्न गर्दिभइन् ॥ ७ ॥ हे देवेश ! जुन गोप्य व्रत छ दया राखी मलाई आज्ञा गरिबक्सनुहवस् । हुनता हजूरबाट आज्ञा भएका उत्तम व्रत र व्रतका निर्णय धेरै सुनेकी छु ॥ ८ ॥ त्यस्तै दान-धर्मादिहरू भए हजुरबाट आज्ञा भएका सुनें, तथापि हे भगवन् ! मलाई निश्चय भएन यसै कारण मेरो चित्त बराबर भ्रमण गर्दछ कि कुन धर्म गर्ने हो ॥९॥ तस्मात् एक सन्देह नभएको व्रतहरूमा उत्तम व्रत भुक्ति-मुक्ति दुवै दिने यस्तो निश्चय गरेर आज्ञा गर्नुहवस् ॥१०॥ यस्ता प्रकारको व्रत श्रवण गर्न इच्छा गर्दछु, हे प्रभो ! ॥ ११ ॥ यस्ता प्रकारको पार्वतीको बिन्ती सुनेर भगवान् शंकर आज्ञा गर्नुहुन्छ—हे देवी !

श्रृणु देवि परं गुह्यं व्रतानामुत्तमं व्रतम् । यन्न कस्यचिदाख्यातं रहस्यं मुक्तिदायकम् ॥१२॥
येनैव कथ्यमानेन यमो विलयतां व्रजेत् । तदहं कीर्तयिष्यामि श्रृणुष्वाग्रमना प्रिये ॥१३॥
माघान्ते कृष्णपक्षे तु अविद्धा या चतुर्दशी । शिवरात्रिसमाज्ञेया सर्वयज्ञोत्तमोत्तमा ॥१४॥
दानैर्यज्ञैस्तपोभिश्च व्रतैश्च विविधैरपि । न तीर्थैर्यद्भवेत् पुण्यं तत्पुण्यं शिवरात्रितः॥१५॥
शिवरात्रिसमं नास्ति व्रतानामुत्तमं व्रतम् । अज्ञानाज्ज्ञानतो वापि कृत्वा मोक्षमवाप्नुयात्॥१६॥
मृतास्ते निरये त्यक्त्वा गतास्ते शिवसन्निधौ । सर्वमङ्गलशीला च सर्वामङ्गलनाशिनी ॥१७॥

भुक्ति-मुक्ति दिने गोप्यमा पनि परमगोप्य आजसम्म मैले कसैलाई पनि बताएको थिइन ॥१२॥ जुन व्रतको स्मरण गर्नाले मात्र पनि यमराज डराउँछन्, सोही व्रत जो छ तिमीलाई म भन्दछु; हे प्रिये ! एकाग्र मनले सुन ॥१३॥ फाल्गुन मैह्नाको कृष्णपक्षको अविद्धा जो चतुर्दशी छ शिवरात्रि भनी तिनैलाई जान । ती कस्ती छन् भने सम्पूर्ण उत्तम यज्ञहरू र राजसूय अश्वमेधादिहरूमा उत्तम छन् ॥ १४ ॥ दान, यज्ञ, तपस्या, व्रत, तीर्थ गरिएका अनेक प्रकारका जो धर्म छन् ; यी सब गर्नाले जो पुण्य पाइन्छ सो पुण्य केवल एक शिवरात्रिको व्रत गर्नाले मात्र पाइन्छ ॥१५॥ शिवरात्रि समान उत्तम व्रत अर्को छैन; अज्ञानपूर्वक गरे पनि शिवरात्रिको व्रत गर्नाले मोक्ष पाइन्छ ॥ १६ ॥ हे देवि ! यही शिवरात्रिका व्रतका प्रभावले नरकमा परेका मनुष्यहरू त्यो नरक छोडेर साक्षात् शिवलोकमा गएका छन् । यस्ती सम्पूर्ण मङ्गल दिने

भुक्तिमुक्तिप्रदा चैषा सत्यं सत्यं वरानने ॥१८॥ देव्युवाच—
कथं यमपुरीमार्गं त्यक्त्वा दैवं व्रजेन्नरः। एतन्मे महदाश्चर्यं प्रत्यक्षं कुरु शंकर ॥१९॥
शंकर उवाच—शृणु देवि यथावृत्तं कथां पौराणिकीं शुभाम्। यमशासनहन्त्रीं च शिवशासनदायिकाम्॥२०॥
कश्चिदासीत् पुरा देवि! निषादस्त्वामिषप्रियः। प्रत्यन्तदेशवासी च भूधरासन्निकेतनः ॥२१॥
सीमान्ते स तदा तिष्ठेत् कुटुम्बपरिपालक। तन्वा पीनो धनुर्धारी श्यामाङ्गः कृष्णकञ्चुकः ॥२२॥

र अमङ्गल नाश गर्ने, भुक्ति-मुक्ति दिने यी शिवरात्रि हुन्। हे वरानने! यो सत्य हो यसमा केही सन्देह छैन ॥१७॥ यस्तो भगवान् शंकरको आज्ञा सुनी पार्वती फेरि बिन्ती गर्दछिन्–हे भगवन्! शिवरात्रिको व्रत गरेको प्रभावले नरकमा परेका मनुष्यहरू पनि स्वर्ग गएका छन् भन्ने आज्ञा गरिबक्सनु भयो; यो बडो आश्चर्यदायक वार्ता छ। यस्तो पार्वतीको बिन्ती सुनी महादेव आज्ञा गर्नुहुन्छ ॥ १८ ॥ हे देवि! सुन–एक इतिहास तिमीलाई विस्तार गर्दछु। कस्तो कथा भने यमराजको दण्डलाई नाश गर्ने, शिवशासन दिने र शिवलोक प्राप्त गराउने छ ॥१९॥ सोही कथा म भन्दछु—कोही एक म्लेच्छ देशको पर्वतका निकट बस्ने कालो वर्ण भएको हृष्ट-पुष्ट बलवान् व्याधा थियो ॥ २० ॥ त्यो कस्तो थियो भने नित्य हातमा धनुर्बाण लिएर नाना प्रकारका मृग पशु-पक्षीहरू मारेर आफ्ना कुटुम्बको प्रतिपालन गर्दथ्यो ॥ २१ ॥ यस्ता प्रकारको त्यो व्याधा यस्तै प्रकारले सर्वदा शिकार खेल्नमा रत भई एक दिन सोही फाल्गुन महीनाको कृष्ण-चतुर्दशी ( शिवरात्रि )

व्यवहारैश्च द्रव्यार्थं देवागारे प्ररुन्धितः। तेनापि देवता दृष्ट्वा जनानां वचनं श्रुतम् ॥२३॥
उतवासो व्रतीनाञ्च शिवशिवशिवेति च। दिनान्ते तैस्तदा मुक्तः प्रातर्द्रव्यम्प्रदीयताम् ॥२४॥
ततोऽसौ धनुरादाय दक्षिणेन गतस्स्वयम्। आगच्छन् स वनोद्देशे जनहासञ्चकार सः ॥२५॥
शिवशिवः किमेतद्वै कुर्वन्ति नगरे जनाः। वनेचरान् निरीक्षँस्तु चतुर्दिक्षु इतस्ततः ॥२६॥
पदं च पदमार्गं च आश्रमे शूकरान् मृगान्। इतश्चेतश्च धावन् स आमिषे लुब्धमानसः ॥२७॥
वनं च पर्वतान् सर्वान् भ्रमतस्तद्दिनङ्गतम्। सम्प्राप्तं तेन नो किञ्चिन् मृगशूकरतित्तिराः॥२८॥

का दिन ॥२२॥ शिकार खेल्नका निम्ति निस्केको थियो, सोही बखतमा साहुहरूले पक्रेर शिवालयमा लैजाँदा त्यो व्याधाले पनि शिवजीको दर्शन गर्‍यो अरू त्यहाँ दर्शन गर्न आउनेहरूले शिव-शिव-शिव-शिव भनेको पनि सुन्यो; फेरि जो दिनु पर्ने धन थियो म भोलि दिउँला अहिले मलाई छोडिदिनुहवस् भन्यो र साहुहरूले हुन्छ भनी त्यो व्याधालाई छोडिदिए ॥२३॥२४॥ तहाँउप्रान्त त्यो व्याधा जब छुटेथ्यो त्यो धनु हातमा लिएर दक्षिणतर्फको जङ्गलमा जानलागेको थियो; बीचमा गाउँले मानिसहरू देखेर हाँस्यो ॥२५॥ अहो आज के आश्चर्य ! के दिन रहेछ सबै शिव-शिव भन्दछन् भनी शिकारको खोजमा जङ्गलतर्फ लाग्यो ॥ २६ ॥ त्यहाँ मृग बँदेल पक्षीहरू पाइन्छन् कि भनी यताउति हेर्दै मासुमा लुब्ध भएर चारैतिर घुम्नलाग्यो ॥२७॥ यस्तै प्रकारले वन पर्वत प्रायः सबै घुम्यो तथापि एक पनि मृग पर्‍यो त्यसको

निराशो लुब्धको जातस्तदा चास्तं गतो रविः। चिन्तयित्वा जलौघान्ते जागरं जीवघातनम् ॥२९॥
संविधास्यामहं रात्रौ निश्चितं मम जीवनम्। गतोऽसौ जलसामीप्यं तीरस्थो जालिमध्यतः ॥३०॥
उटजं कर्तुमारेभे आत्मनो गुप्तिकारणात्। जालिमध्ये महालिङ्गमस्ति स्वायम्भुवं शुभम् ॥३१॥
बिल्ववृक्षो महादिव्यो जालिमध्येन संस्थितः। गृहीत्वा तस्य पत्राणि मार्गशुध्यर्थमक्षिपत् ॥३२॥
क्षिप्तानि दक्षिणे भागे गतानि लिङ्गमूर्द्धनि। न दिवाभोजनं तस्य आमिषे लोलुपस्य वै ॥३३॥
ततः सञ्चिन्त्यमानस्य न निद्रा समजायत। तस्य गन्धं समासाद्य लुब्धकस्य वरानने ॥३४॥

हातलागेन ॥२८॥ सूर्य पनि अस्ताए, शिकार पनि केही हात नलाग्दा त्यो व्याधा निराश भएर चिन्ता गर्न लाग्यो—घर जाउँ भने एक शिकार पनि पाइन; के लिएर जाउँ! सबै जहान बचाहरू भोकले व्याकुल हुनन् र आउनेछन् भन्ने हिसाबले मेरो बाटो हेर्दाहुन्। यसै घर जान ता मलाई उचित भएन किन जाउँ? बरु यहाँ जल पनि रहेछ रात्रीमा मृगहरू पनि अवश्य पानी खान आउनेछन्। यहीं बस्तछु भनेर त्यहाँ जलका तीरमा लहरा र साना वृक्षहरूको झाड थियो त्यहीं गएर ॥२९॥३०॥ लुक्ना निमित्त छाप्रो तयार गर्नलाग्यो। त्यो झाडका बीचमा एक शिवलिङ्ग पनि थियो ॥३१॥ सोही लिङ्गनिर एक बिल्व-वृक्ष थियो र बिल्व-पत्र तोडेर बाटो साफ गर्ना निमित्त मिल्काउँदो भयो ॥ ३२ ॥ त्यो फ्याँकेको बिल्वपत्र जो छ त्यो व्याधाका दाहिनेतर्फ रहेका तिनै शिवलिङ्गमाथि पर्नगयो। शिकारैको ध्यान हुनाले दिनभर जलमात्र पनि खाएको थिएन ॥३३॥ शिकारैको अत्यन्त चिन्ता हुनाले थाकेको थियो तापनि त्यो व्याधालाई निद्रा भोक र थकाईको स्मरण मात्र पनि

न तिष्ठन्ति मृगाः सर्वे शरघातभयात्तदा। मृगान्निरीक्षतस्तस्य निद्रानाशोऽप्यजायत ॥३५॥
बिल्वजालिं गतस्यास्य प्रथमः प्रहरो गतः। ततो जलार्थमायाता हरिणी गर्भसंयुता ॥३६॥
यौवनस्था सुरूपा च स्तनपीना सुशोभना। निरीक्षन्ती दिशः सर्वा भृशमुत्फुल्ललोचना ॥३७॥
लुब्धकेनापि सा दृष्टा बाणगोचरमागता। बाणश्च सन्धितस्तेन एकदृष्टेन चेतसा ॥३८॥
त्रोटयित्वाथ पत्राणि प्रक्षिप्तानि शिवोपरि। शिवं देवं सदा ध्यायन् शीतेन परिपीडितः ॥३९॥
एतस्मिन्नन्तरे दृष्टो हरिण्या लुब्धकस्तदा। लुब्धकस्तु स्वरूपेण कृतान्त इव तिष्ठति ॥४०॥

थिएन ॥ हे पार्वति ! त्यो व्याधाका गन्धले ॥ ३४ ॥ मार्ला भन्ने डरले नित्य मृग पशु-पक्षीहरूको पानी पिउने ठाउँ थियो तापनि एक जनावर या पची त्यहाँ आएनन्। कोही जन्तु आउला र मारुँला भन्ने आशा गर्दागर्दै रात पर्‍यो तर व्याधालाई निद्रा परेन ॥ ३५ ॥ यस्ता हिसावले त्यो जाल अथवा झाडमा बसेर जब एक प्रहर रात्री बितेको थियो; तहाँ उप्रान्त जल पान गर्नाका निमित्त फुकेका नयनले चारैदिशा हेर्दै-हेर्दै एक गर्भिणी हरिणी त्यहाँ आई ॥ ३६ ॥ ३७ ॥ आफ्ना समीपमा आएकी त्यस्ता प्रकारकी मृगिणीलाई व्याधाले जब देखेथ्यो तब अत्यन्त खुशी भई धनु हातमा लिएर बाण चढायो ॥ ३८ ॥ जाडाले अत्यन्त पीडित भई शिवको ध्यान गरेर सोही बिल्वपत्र तोडी शिवलिङ्गको पूजा गर्दोभयो ॥३९॥ आफूउपर बाण त्याग गर्नाका निमित्त हातले धनु खिचेर खडा भएको त्यो व्याधालाई यमराज-

दृष्ट्वा तु तस्य सन्धानं यमदंष्ट्रसमप्रभम् । सा मृगी दिव्ययावाचा लुब्धकं वाक्यमब्रवीत् ॥४१॥
स्थिरोभव महाव्याध सर्वजीवनिकृन्तन ! । किमर्थं हन्तुमुद्युक्तः कथयस्व मम प्रभो ! ॥४२॥
लुब्धक उवाच-कुटुम्बपीडितं मेऽद्य क्षुधया च मया सह । धनं च मद्गृहे नास्ति तेन त्वां हन्मि शोभने ! ॥
सूत उवाच—जातपूजाप्रभावेण जागरं पोषणेन च । चतुर्थांशेन पापानां विमुक्तो लुब्धकस्तदा ॥४४॥
लुब्धकस्तु ततो दृष्ट्वा मृगीं मानुषभाषिणीम् । आश्चर्यमपरं मत्वा किञ्चिद्धर्मसमन्वितः ॥४५॥

तुल्य देखी त्यो बाणलाई यमराजका दाँत तुल्य देखेर अत्यन्त डरले युक्त भएकी त्यो हरिणीले दिव्य वचनले त्यो व्याधासँग यो वचन बोल्दीभई ॥४०॥४१॥ हे व्याध ! सम्पूर्ण जीवको नाश गर्ने ! एक क्षणमात्र पर्ख; किन तिमी मलाई मार्न तयार भयौ सो मलाई भन॥४२॥ यस्ता हरिणीका वचन सुनेर त्यो व्याधा बोल्दछ—हे मृगी ! मेरो धन सम्पति केही छैन; मेरो जीवनवृत्ति नै यही हो; मेरा जहान बाल-बचा भोकै छन् र आफू पनि भोकै छु यसै कारण तँलाई मार्दछु ॥ ४३ ॥ सूतजी भन्नुहुन्छ—हे ऋषीवर हो ! आज शिवरात्रि हुन् भन्ने अज्ञान थियो तापनि दिनभरको व्रत औ रात्रीको आगरण बिल्वपत्रले शिवको पूजन इत्यादि जो धर्म छ त्यो धर्मका प्रभावले त्यो व्याधा जो छ चतुर्थांश पापले मोक्ष हुँदोभयो ॥४४॥ तब मनुष्यका जस्तो सुन्दर स्पष्ट वचनले बोल्ने भएकी त्यो हरिणीलाई देखेर आश्चर्य मान्दै शिवका पूजाको प्रभावले केही धर्मले युक्त भएको हुनाले व्याधाले त्यो वखतमा यी वचन बोल्यो ॥ ४५ ॥ हे मृगी ! मैले अनेक तरहका

लुब्धक उवाच—मया हि पातिता जीवा उत्तमाधममध्यमा। न श्रुता ईदृशी वाणी श्वापदानां कदाचन॥४६॥
कस्मिन् देशे त्वमुत्पन्ना कस्मात्स्थानादिहाऽगता। कथयस्व प्रयत्नेन परं कौतूहलं हि मे ॥४७॥
मृग्युवाच-शृणु त्वं लुब्धकश्रेष्ठ कथयामि तवाखिलम्। आसं पूर्वमहारम्या स्वर्गे शक्रस्य चाप्सरा ॥४८॥
अनन्त रूपलावण्या सौभाग्येन विगर्विता। सौभाग्यमदपुष्टाङ्गो दानवो मदगर्वितः ॥४९॥
मयैव स कृतो भर्ता हिरण्याक्षो महासुरः। तेन सार्द्धं मया भुक्तं चिरकालं यथेप्सितम् ॥५०॥
अन्यस्मिन्दिवसे व्याध! क्रीडन्त्या मेऽसुरेण च। प्रत्यहं प्रेक्षते नित्यं शङ्करश्च ततस्तदा ॥५१॥

साना ठूला जन्तुहरू मारें तर आजसम्म पशुहरूको मनुष्यको समान बोली कहीं सुनेको थिएन ॥ ४६ ॥ कुन देशमा तेरो जन्म हो कहाँबाट आइस् ? यो सबै मलाई यथार्थ भन् भन्दोभयो। मृगी भन्दछे—॥४७॥ हे व्याध! सम्पूर्ण मेरो वृत्तान्त भन्दछु सुन–पहिले म स्वर्गकी अप्सरा थिएँ ॥४८॥ अत्यन्त सुन्दरी छु भन्ने मलाई ठूलो घमण्ड थियो र त्यस्तै सुन्दर हृष्ट-पुष्ट शरीर भएको मदले गर्वित एक हिरण्याक्ष नामक दानव मेरो गुप्त-पति थियो। त्यसका साथमा अनेक कालपर्यन्त सुखभोग गरें ॥ ४९ ॥ ५० ॥ यस्तै प्रकारले आफ्ना पतिका साथमा सुखभोग गर्दथें फेरि नित्य महादेवजी मेरो नाच हेर्नुहुन्थ्यो तसर्थ मैले नित्य कैलासमा जानुपर्दथ्यो, जान्थें पनि। सोही पतिसँग सुख-भोग गर्दा काल व्यतीत भएको मलाई थाहा रहेन, जब थाहा भयो तब डरले युक्त भएर ॥ ५१ ॥ महादेवका हजूरमा गएँ र मलाई देख्ना-

यावद्गच्छाम्यहं तत्र तावन्मां शङ्करोऽब्रवीत् । क्व गता त्वं वरारोहे केन वा सङ्गता शुभे ॥५२॥
किं वा सौभाग्यगर्वेण नायाता मम मन्दिरम् । सत्यं कथय शीघ्रं त्वं नो वा शापं ददामि ते ॥५३॥
शापभीत्या मया तत्र इत्युक्तं शंकराऽग्रतः । शृणु देव ! प्रवक्ष्यामि शापानुग्रहकारक ! ॥५४॥
ममास्ति भर्ता विश्वेश ! दानवेन्द्रो महाबलः । तेन सार्द्धं मया देव ! क्रीडितं निजमन्दिरे ॥५५॥
तेनाऽहं नागता शीघ्रं सृष्टिसंहारकारक । रुद्रस्तद्वचनं श्रुत्वा सकोपो वाक्यमब्रवीत् ॥५६॥
मृगः कामातुरो नित्यं हिरण्याक्षो भविष्यति । त्वं मृगी तस्य भार्या वै भविष्यसि न संशयः ॥५७॥

साथ–तँ यतिका दिन कहाँ गएकी थिइस् ? कोसँग तेरो मित्रता छ ? ॥ ५२ ॥ कि म बडी सुन्दरी छु मभन्दा राम्रा अरु कोही छैनन् भन्ने शेखीले हो ! यतिका दिन कहाँ गएकी थिइस् ? यो सत्य-सत्य बता नत्र तलाई श्राप दिन्छु भन्ने शंकरले आज्ञा गर्नुभयो ॥ ५३ ॥ यस्तो शङ्करको आज्ञा सुनेर श्रापका डरले युक्त भएर यो बिन्ती गरें–हे भगवन् ! सुनिबक्सियोस् कारण बिन्ती गर्दछु ॥ ५४ ॥ हिरण्याक्ष नाउँ गरेका दानव मेरा पति छन्; तिनका साथमा आफ्नै गृहमा क्रीडा गर्दा धेरै काल व्यतीत भयो ॥५५॥ हे भगवन् ! हे सृष्टिसंहारकारक ! हे प्रभो ! यही कारणले म हाजिर हुन नसकेकी हुँ क्षमा राखिबक्सियोस् भनी मैले बिन्ती गरें । तहाँ उप्रान्त मेरो बिन्ती सुनी अत्यन्त क्रोधित भएर शङ्करले यस्तो श्राप बक्सनुभयो ॥५६॥ नित्य कामातुर भएको त्यो हिरण्याक्ष मृग होला र तँ पनि मृगी भएर त्यसैकी स्त्री

त्यक्त्वा स्वर्गं तथा देवान् दानवं भोक्तुमिच्छसि। द्वादशाब्दानि भो भद्रे! भविता शाप एव ते ।५८॥
परस्परस्य शोकेन शापान्तोऽपि भविष्यति। अनुग्रहः पुनस्त्वेष शंकरेण कृतः स्वयम् ॥५९॥
कदाचिद् व्याध प्रवरस्तव सान्निध्यमाश्रितः। वधार्थं तत्र सम्प्राप्तः पूर्वं जन्मं स्मरिष्यसि॥६०॥
अत ऊर्ध्वं तदा रुद्रं दृष्ट्वा मोक्षमवाप्स्यसि। शंकरो न मया दृष्टो वसत्यस्मिन्महावने ।६१॥
ततो दुःखमनुप्राप्ता मांसमेदोविवर्जिता। गर्भाक्रान्ता विशेषेण न बध्या चेति निश्चितम्॥६२॥
त्वत्कुटुम्बस्य ते नूनं भोजनं न भविष्यति। आयास्यति मृगी त्वन्या मार्गणानेन लुब्धक॥६३॥

होलिस् यसमा केही सन्देह छैन ॥ ५७ ॥ किनकि स्वर्गकी अप्सरा भैकन पनि देवताहरूलाई त्याग गरी त्यो दानवसँग भोगको इच्छा गर्ने तँलाई बाह्र वर्षसम्म यो श्रापको भोग गर्नुपर्ला ॥५८॥ पहिले यस्ता प्रकारको श्राप दिएर फेरि मउपर शङ्करले अनुग्रह गर्नुभयो कि तिमी-हरूका शोकले गर्दा श्रापको अन्त्यहोस् ।।५९॥ पहिले यति आज्ञा गरेर यो वर पनि मलाई बक्सनुभयो–हे व्याध! कोही बखत तँलाई मार्नाका निमित्त तेरा समीपमा कोही आउला; सोही बखतमा आफ्नो पूर्वजन्मको वृत्तान्त तैंले सम्झलिस् ॥ ६० ॥ तहाँ उप्रान्त शङ्करको दर्शन पाएर मोक्ष होलिस् भन्ने वर पनि पाएकी थिएँ। यहाँ बसेको यति भयो हे व्याध! आजसम्म शङ्करको दर्शन पाएकी छैन ॥ ६१ ॥ त्यसै कारणले म भन्दछु हे व्याध! दुःखी, मांस बोसो नभएकी दुब्ली छु; फेरि गर्भवती पनि छु। गर्भवतीलाई नमार्नु भन्ने शास्त्रमा पनि लेखिएको छ ॥६२॥ पुष्ट युवती धेरै मांस-मेद भएकी त्यसलाई मार्‍यौ भने तिम्रा कुटुम्बहरू पनि तृप्त होलान् ॥ ६३ ॥ ठूलो स्तन र मदले

पीना यौवनसम्पन्ना बहुमांसा मदोद्धता । भोजनं सकुटुम्बस्य तव सद्यो भविष्यति ॥६४॥
अथवाऽन्यो मृगो व्याध! पानार्थं तु जलाशये । आगमिष्यति प्रत्यूषे क्षुधार्तस्य न संशयः ॥६५॥
गर्भं त्यक्त्वा पुनः प्रातर्बालान् सन्दिश्य बन्धुषु । शपथैरागमिष्यामि सन्दिश्य च सखीजनम् ॥६६॥
तस्यास्तद्वचनं श्रुत्वा व्याधो विस्मयमागतः । क्षणमेकं तथा स्थित्वा व्याधो वचनमब्रवीत् ॥६७॥
नागमिष्यति चेदन्यो जीवस्त्वमपि गच्छसि । क्षुधया पीडितोऽहं वै कुटुम्बाश्च विशेषतः ॥६८॥
प्रातस्त्वया मम गृहमागन्तव्यं यथातथम् । शपथं च व्रज त्वं हि यथा मे प्रत्ययो भवेत् ॥६९॥

युक्त भएकी षोडशी मांस-मेद धेरै भएकी आर्की मृगी मजस्तै आउनेछ, त्यसलाई मार्‍यौ भने तिम्रो जहान बचाको यथेष्ट भोजन हुनेछ॥६४॥ अथवा प्रातःकाल भएपछि जल पानका इच्छाले अर्को मृग आउला त्यसैले तिम्रो भोजन सिद्ध होला, मलाई नमार ॥६५॥ अथवा मलाई नै मार्दछौ भने पनि हे व्याध ! हेर म घर गएर यो गर्भ त्याग गरेर आफ्ना बन्धुहरूलाई सुम्पन्छु र सखीहरूसँग पनि भेटघाट गरेर म भोलि बिहान आउँला, यसमा म शपथ प्रतिज्ञा गरेर जान्छु, तिमी विश्वास गर भन्दिभई र ॥६६॥ त्यो व्याधा जो छ मृगीका यस्ता वचन सुनेर आश्चर्यमा प्राप्त भयो। एक क्षण ता बोल्न पनि सकेन, फेरि केही बेरपछि बोल्दोभयो कि ॥६७॥ हे मृगी ! तँ पनि जान्छेस् अरू मृगहरू पनि कोही आएनन् भने कसो गरूँला ? मेरा जहान-बचाहरू सबै क्षुधा (भोक) ले पीडित भएका छन् ॥६८॥ प्रातःकालमा अवश्य आउँछु भन्दछेस् , तँ आउनामा जुन बातले मलाई प्रत्यक्ष विश्वास हुन्छ सो बमोजिम गर, नत्र ता कसरी छाडौं ! हात परेको गुमाएर सान गरेर

पृथिवी वायुरादित्यसत्ये तिष्ठन्ति देवताः । तस्मात् सत्येन गन्तव्यं भवत्या स्वगृहंप्रति ॥७०॥
तस्य तद्वचनं श्रुत्वा गर्भार्ता सा मृगी तदा । चक्रे सत्यप्रतिज्ञां वै व्याधस्याग्रे पुनः पुनः ॥७१॥
मृग्युवाच–द्विजो भूत्वा तु यो व्याध वेदभ्रष्टोऽभिजायते । स्वाध्यायसन्ध्यारहितः सत्यशौचविवर्जितः। ७२॥
अविक्रयाणां विक्रेता अयाज्यानां च याजकः । तस्य पापेन लिप्स्यामि यद्यहं नागमं पुनः ॥७३॥
दुष्टबुद्धौ तु यत्पापं धूर्ते वा ग्रामकण्टके । नास्तिके च विशीले च परदाररते तथा ॥७४॥

पाइन्छ र ? भनेजस्तो मात्र होला तँ आउँछेस् कि आउन्नस् ॥६९॥ पृथ्वी, वायु, सूर्य आदि देवताहरू सबै सत्यमा रहेका छन्, तस्मात् तँ पनि सत्य गरेर जा भन्यो र ॥ ७० ॥ यस्तो त्यो व्याधाको वचन सुनी मृगी गर्भले पीडित भएर यस्ता प्रकारका अनेक सत्य (शपथ) प्रतिज्ञा गर्दिभई ॥७१॥ त्यो मृगी भन्दछे–हे व्याध ! सुन म सत्य प्रतिज्ञा गर्दछु–ब्राह्मण भएर वेदभ्रष्ट औ स्वाध्याय सन्ध्या शौचले रहित भएका ॥७२॥ (अयाज्य याजक) शूद्रको यज्ञ गराउने ब्राह्मण, (अविक्रयादि विक्रय) गाई, सुवर्ण, लवण, रक्तवस्त्र, पकान्न, दही, दूध, गुड, तिल, मासु, फल, रस, (गन्धद्रव्य) कस्तूरी, अत्तर इत्यादि ब्राह्मणहरूले बिक्री गर्न नहुने चीज बिक्री गर्ने यस्ता ब्राह्मणलाई जो पाप लाग्छ सो पाप यदि प्रातःकालमा तिम्रा घरमा आइनँ भने मलाई लागोस् ॥ ७३ ॥ दुष्ट बुद्धि भएको (धूर्त) ठग (नास्तिक) स्वर्ग छैन, मरेपछि पाप धर्म भोग गर्नुपर्दैन, यहीं बसुञ्जेल भोग गर्नु तेत्तिकै हो भन्ने शील नभएको परस्त्रीमा आसक्त ॥ ७४ ॥ वेदको पुस्तक बेच्ने र मानिस

वेदविक्रयिणे चैव शवसूतकभोजने। मृतशैयाप्रतिग्राहे मातापित्रोरपालके ॥७५॥
दानं दातुं प्रवृत्तस्य ह्यन्तराय करो नरः। तस्य पापेन लिप्स्यामि यद्यहं नागमं पुनः ॥७६॥
देवद्रव्यं गुरुद्रव्यं ब्रह्मद्रव्यं हरेत् तु यः। तस्य पापेन लिप्स्यामि यद्यहं नागमं पुनः ॥७७।
दीपं दीपेन यः कुर्यात् पादं पादेन धावयेत्। तस्य पापेन लिप्स्यामि यद्यहं नागमं पुनः ॥७८॥
भर्तारं स्वामिनं मित्रमात्मानं बालमेव च। गां विप्रं च गुरुं नारीं यो मारयति दुर्मतिः॥
तस्य पापेन लिप्स्यामि यद्यहं नागमं पुनः ॥७९॥
अवैष्णवे च यत्पापं यत्पापं दाम्भिके जने। अजितेन्द्रियधूर्ते च परदोषाऽनुकीर्तने ॥८०॥

मरेको ११ दिनका दिन खाने, एकादशाहको दान (शय्या) लिने, माता-पिताको पालन नगर्ने त्यस्तालाई जो पाप लाग्दछ यदि प्रातःकालमा आइनँ भने सो पाप मलाई लागोस् ॥७५॥ दान दिनलागेका वेलामा जो मनुष्य विघ्न गर्दछ त्यो विघ्न गर्नेलाई जो पाप लाग्दछ यदि प्रातःकालमा म आइनँ भने सो० ॥ ७६ ॥ देवद्रव्य हरण गर्नेलाई जो पाप लाग्दछ यदि प्रातःकालमा आइनँ भने सो० ॥ ७७ ॥ बलेका बत्ती जोरेर बाल्ने र आफ्ना गोड़ामा गोडैले दली गोडा धुने त्यसलाई लाग्ने पाप प्रातःकालमा आइनँ भने सो० ॥ ७८ ॥ (पति) लोग्ने, स्वामी, मित्र, आफू, बालक, गाई, ब्राह्मण र स्त्री मार्नेलाई जो पाप लाग्छ यदि प्रातःकालमा आइन भने सो० ॥७९॥ विष्णुको निन्दा गर्ने (दाम्भिक)

कृतघ्ने च कदर्ये च परदाररते तथा। सदाचारविहीने च परपीडाप्रदायके ॥८१॥
परपैशुन्ययुक्ते च कन्याविक्रयकारके। परापवादसन्तुष्टे सर्वधर्मविवर्जिते ॥८२॥
वृषलिंगे वार्धुषिके पित्रोरन्तरदायके। हैतुके वकवृत्तौ च कूटसाक्षिप्रदे तथा॥
एतेषां पातकं मह्यं यदि नायामि ते गृहम् ॥८३॥
यत्पापं ब्रह्महत्यायां पितृ-मातृवधे तथा। तस्य पापेन लिप्स्यामियदि नायामि ते गृहम् ॥८४॥
यत्पापं लुब्धकानां च यत्पापं गरदायिनाम्। तस्य पापेन लिप्स्यामि यदि नायामि ते गृहम् ॥८५॥

घमण्डी, अर्काको दोष बताउने ॥८०॥ (अजितेन्द्रिय) इन्द्रिय नजितेको मनपरि गर्ने धूर्त, कृतघ्न (सदाचाररहित) सन्ध्या-स्नान, पाठ-पूजा, श्राद्ध-तर्पण इत्यादि गर्नुपर्ने आफ्नू आचार नगर्ने र अर्कालाई पीडा गर्नेलाई जो पाप लाग्छ यदि प्रातःकालमा आइन भने सो० ॥८१॥ अर्काको चुक्ली गर्ने, कन्या बेच्ने, अर्काको अपवादमा सन्तुष्ट हुने, सम्पूर्ण धर्म-कर्मले विवर्जित हुनेलाई जो पाप लाग्छ यदि प्रातःकालमा आइन भने सो० ॥८२॥ (वृषलीपति) शूद्र स्वास्नी राख्ने, (वार्धुषिक) ब्याज लगाएर खाने, माता-पिताको भेद गराउने, मतलबी, बकवृत्तिवाला, झूठो साक्षी बक्ने यस्तालाई जो पाप लाग्छ यदि प्रातःकालमा आइन भने सो० ॥८३॥ ब्रह्महत्या गर्दा, माता-पिता वध गर्दा र लोभीहरूलाई पनि जो पाप लाग्छ यदि प्रातःकालमा आइन भने सो० ॥८४॥८५॥ दुइ विवाह गरेको दुवै आफ्ना स्त्रीहरूलाई बराबर नगरी

द्विभार्य्यः पुरुषो यस्तु समदृष्ट्या न पश्यति । तस्य पापेन लिप्स्यामि यदि नायामि ते गृहम् ॥८६॥
सकृद्दत्वा ततः कन्या द्वितीयाय प्रयच्छति । तस्य पापेन लिप्स्यामि यदि नायामि ते गृहम् ॥८७॥
कथायां कथ्यमानायमन्तरं कुरुते नरः । तस्य पापेन लिप्स्यामि यदि नायामि ते गृहम् ॥८८॥
परनिन्दापरो नित्यं वेदनिन्दापरो हि यः । तस्य पापेन लिप्स्यामि यदि नायामि ते गृहम् ॥८९॥
यस्य संग्रहणी भार्या ब्राह्मणी च विशेषतः । तस्य पापेन लिप्स्यामि यदि नायामि ते गृहम् ॥९०॥
प्रेतश्राद्धं तु यो भुङ्क्ते पतिते बहुयाजके । असच्छास्त्रार्थनिरते पुराणाच्च विवर्जिते ॥९१॥

एउटीलाई हेलाँ गर्ने यस्तालाई जो पाप लाग्छ यदि प्रातःकालमा आइन भने सो० ॥८६॥ एउटालाई दिएकी कन्या फेरि दोस्रालाई दिने मनुष्यलाई जो पाप लाग्छ यदि प्रातःकालमा आइन भने सो० ॥८७॥ व्यासासनमा बसेर पुराण बाँच्न लागेका बखतमा 'स्यस्तो अर्थ हो !' भनी विघ्न गर्नेलाई जो पाप लाग्छ यदि प्रातःकालमा आइन भने सो० ॥ ८८ ॥ स्वामीको र वेदको निन्दा गर्नेलाई जो पाप लाग्छ यदि प्रातःकालमा आइन भने सो० ॥८९॥ जसको घरमा ल्याएकी स्त्री हवस् त्यो मन् ब्राह्मणी हवस् यस्तालाई जो पाप लाग्छ यदि प्रातः-कालमा आइन भने सो० ॥ ९० ॥ प्रेत-श्राद्धमा भोजन गर्ने पतित यजमानी गर्ने र असत् शास्त्र प्रिय मान्ने पुराणको निन्दा गर्ने यस्तालाई जो पाप लाग्छ यदि प्रातःकालमा आइन भने सो० ॥९१॥ ब्राह्मण भएर मूर्ख र पाखण्ड मार्गमा लागेका यस्तालाई जो पाप लाग्छ यदि

मूर्खे पाखण्डनिरते क्रयविक्रयके द्विजे । एतेषां पातकं मह्यं यदि नायामि ते गृहम् ॥९२॥
एकाकी मिष्ठमश्नाति भार्यापुत्रविवर्जितः । आत्मजां गुणसम्पन्नां समानसदृशे वरे ॥९३॥
न प्रयच्छति यः कन्यां नरो वै ज्ञानदुर्बलः । तस्य पापेन लिप्स्यामि यदि नायामि ते गृहम् ॥९४॥
मृगी वाक्यं ततः श्रुत्वा लुब्धको हृष्टमानसः । संहृत्य बाणं संन्यस्य मुमोच हरिणीं तदा ॥९५॥
तस्या भक्तिप्रभावेण लिङ्गस्याऽपि प्रपूजनात् । तस्मिन्नेव क्षणे प्राप्तेऽपरा प्राप्ता मृगी तदा ॥९६॥
संत्रस्ता भयसंमग्ना पतिमन्वेष्यती मुहुः । जालिमध्ये स्थितेनाऽथ दृष्टा सा लुब्धकेन तु ॥९७॥
पुनर्वृक्षस्य पत्राणि त्रोटयित्वा करेण तु । क्षिप्तानि दक्षिणे भागे लिङ्गोपरि दिदृक्षया ॥९८॥

प्रातःकालमा आइन भने सो० ॥९१॥ ब्राह्मण भएर मूर्ख औ पाखण्ड मार्गमा लागेका यस्तालाई जो पाप लाग्छ यदि प्रातःकालमा आइन भने सो० ॥९२॥ आफ्नी पत्नी पुत्र परिवारहरूलाई नदिई एक्लै मीठो खाने र विवाह गर्नामा योग्य भएकी छोरीको विवाह नगरिदिने यस्ता अज्ञानीलाई जो पाप लाग्छ यदि प्रातःकालमा आइन भने सो० ॥९३॥९४॥ यस्ता त्यो हरिणीका वचन सुनी प्रसन्न भएको व्याधा जो छ सो धनुदेखि बाण झिकेर त्यस हरिणीलाई छोडिदियो ॥९५॥ त्यो मृगीका भक्तिले र शिव-पूजाका प्रभावले सोही बखतमा अर्की मृगी आइपुगी ॥९६॥ अति डरले युक्त भएकी आफ्ना पतिलाई खोज्ने त्यस मृगीलाई सोही बसेका ठाउँबाट व्याधाले पनि देख्यो ॥ ९७ ॥ फेरि पनि राम्रो हिसावले हेर्नाका निमित्त बिल्वपत्र तोडेर फ्याँक्यो । फ्याँकिएको बिल्वपत्र उनै शिवलिङ्गमाथि पऱ्यो ॥ ९८ ॥ कुटुम्बको पोषण

तस्या वधार्थं तेनाथ बाणो-धनुषि संहितः। तिष्ठँस्तत्रैकचित्तेन कुटुम्बार्थं जिघांसया ॥९९॥
निरीक्ष्य लुब्धको यावद्बाणं तस्यां विमुञ्चति। तावन्मृग्या च सो दृष्टो भीता च विह्वलाऽभवत् ॥१००॥
अद्यैव भगिनी मेऽपि लुब्धकेन विनाशिता। मम किं जीवितव्येन तस्या दुःखेन पीडिता ॥१०१॥
वरं मृत्युर्न शोको वै दृष्टं व्याधं विशेषतः। एवं सञ्चिन्त्य हरिणी लुब्धकं वाक्यमब्रवीत् ॥१०२॥
धनुर्धर ! वरव्याध ! सर्वजीवविकृन्तन! देहि मे वचनं चैकं पश्चात् त्वं मां निपातय ॥१०३॥
आयाता हरिणी चैका मार्गेणानेन लुब्धक ! समायाताऽथवा नैव सत्यं कथय सुव्रत ॥१०४॥

गर्नामा एकचित्त भएर त्यस मृगीलाई हान्नका निम्ति धनुमा त्यसले फेरि बाण चढायो ॥९९॥ त्यो मृगीलाई देखेर व्याधा जब बाण हान्न तयार भएथ्यो उसै बखतमा त्यस मृगीले पनि व्याधालाई देखेर अत्यन्त विह्वल भई ॥ १०० ॥ आफ्ना मनमनैमा भन्दछे—मेरी बहिनीलाई पनि यो व्याधाले अवश्य मान्यो। अब मलाई पनि छोड्नेछैन, यो निश्चय छ ! मैले बाँचेर पो के गर्नु छ र ॥ १०१ ॥ किनकि शोकले युक्त भएर बाँच्नुभन्दा त मर्नु असल छ भन्ने विचार गरेर यो वचन बोल्दीभई ॥ १०२ ॥ हे व्याध ! सम्पूर्ण जीवको नाश गर्ने ! पैल्हे एउटा कुरो सोद्धछु त्यसको जवाफ देऊ र तदनन्तर मलाई मारौला ॥१०३॥ के भने, एउटी हरिणी यही मार्गले आइथी या आइन ? यो यथार्थ भन ॥१०४॥ यस्तो हरिणीको वचन सुनी त्यो व्याधा भन्दछ—अहो के आश्चर्यदायक ! मनुष्यको जस्तो बोली अघिको- मृगीको पनि थियो

तच्छ्रुत्वा लुब्धकस्तत्र विस्मितेक्षणमैक्षत । तस्यास्तु तादृशी वाणी अस्याश्चैव तु यादृशी ॥१०५॥
सा चैषा चागता नूनं प्रतिज्ञापालनाय च । अथवाऽन्या समायाता तया या कथिता पुरा ॥१०६॥
लुब्धक उवाच-अहोरात्रकृतं कष्टं कुटुम्बार्थे मया मृगी ! अधुना त्वां हनिष्यामि देवानां स्मरणं कुरु ॥१०७॥
व्याधोक्तं वचनं श्रुत्वा हरिणी दुःखिता भृशम् । व्याधं प्राह रुदित्वा वै भो मां व्याध निपातय ॥१०८॥
तेजो बलं तथा सर्वं निर्दग्धं विरहाग्निना । अहं प्राणान् प्रमोक्ष्यामि भोजनं च न जायते ॥१०९॥
बलवांश्च महातेजो मेदमांससमन्वितः । अन्यश्च पीनगौराङ्गो मृगो ह्यत्रागमिष्यति ॥११०॥

उस्तै यसको पनि छ ॥१०५॥ भनेर फेरि तर्कना गर्दछ—यो उही अघिल्ली ता होइन ! म फेरि आउँला भन्ने प्रतिज्ञा गरेर गइथी, सो प्रतिज्ञा सत्य गर्नाका निम्ति आई कि अथवा उसैले अर्की मृगी आउनेछ भन्दथी आर्कै हो कि जोसुकै होस् अब ता मार्दछु भन्ने ॥ १०६ ॥ मनमा यस्ता प्रकारको कल्पना गरेर त्यो व्याधा हरिणीलाई भन्दछ—हे हरिणी ! कुटुम्बहरूलाई पालना गर्नाको निम्ति यै आशले यहां बसेको थिएँ । दिनभरदेखि यस बखतसम्म दुःख पनि गरें, अब तँलाई मार्दछु, देवताको ध्यान स्मरण गर, तेरो काल आइपुग्यो ॥ १०७ ॥ यस्ता व्याधाको वचन सुनेर त्यो मृगी भयले युक्त भएर रुँदै व्याधालाई भन्न लागी—हे व्याध ! मलाई मार ॥ १०८ ॥ विरहरूपी अग्निले मेरो प्राण स्वतः दग्ध भैसकेको छ तसर्थ प्राणत्याग गर्नामा खुशी छु तर म तिमीलाई यो अर्को बात पनि भन्दछु—मलाई मारेर तिम्रो प्रयोजन पनि सिद्ध हुनसक्ने छैन ॥१०९॥ किनकि हेर म दुब्ली छु, मांस मेद छैन, मेरो मासुले तिम्रा जहान-बचालाई भोजन थोरै पुग्दछ र ! मेरो

अहं च दुर्बला नूनं मेदोमांसविवर्जिता। केवलं पापभाक् त्वं हि मम प्राणविमोचकः ॥१११॥
मार्गेणानेन भो व्याध! आगमिष्यति संस्फुटम्। तं हत्वा तव भो व्याध! तृप्तिर्नूनं भविष्यति ॥११२॥
तयोक्तं लुब्धकः श्रुत्वा किं करोमीति चिन्त्य च। मृगीं प्राह स युक्तार्थं एष मे निश्चयो हृदि ॥११३॥
सञ्चिन्त्य लुब्धकः प्राह मृगीं शोकातुरां कृशीम्। सत्यं वद महाभागे प्रत्ययो मे यथा भवेत् ॥११४॥
तस्य तद्वचनं श्रुत्वा हरिणी दुःखकर्षिता। चक्रे सत्यप्रतिज्ञां तु व्याधस्याग्रे पुनः पुनः ॥११५॥
मृग्युवाच-क्षत्रियस्तु रणं श्रुत्वा संग्रामे यो न जायते। तस्य पापेन लिप्स्यामि यदि नायामि ते गृहम् ॥११६॥

प्राण वियोग गर्नाले खालि पापको भागीमात्र हुन्छौ; व्यर्थ पाप बोक्नु ता मनुष्यको धर्म होइन ॥११०॥ हे व्याधा! यो तलाउ मृगपची-हरूको पानी खाने तलाउ हो। प्रायः मृगहरू आउँछन् हृष्टपुष्ट मोटो मांस मेदले परिपूर्ण भएको अर्को मृग आउला त्यसलाई मार्‍यौ भने तिम्रो मनोरथ पूर्ण होला; मलाई मारेर व्यर्थमा पाप नबोक ॥१११॥११२॥ त्यस हरिणीका यस्ता वचन सुनेर अब मैले के गर्ने हो? भन्ने विचार गरेर यै भन्नामा योग्य छ यै भन्दछु भन्ने हृदयमा निश्चय गरेर शोकले आतुर भएकी त्यो हरिणीसँग व्याधाले यो वचन भन्दो-भयो—हे हरिणी! सत्य भन जसमा मलाई विश्वास परोस्; तँलाई छोडिदिन्छु ॥११३॥११४॥ यस्ता प्रकारको व्याधाको वचन सुनेर हरिणी चिन्ताले युक्त भई त्यो व्याधाका अगाडि यस्ता प्रकारको 'म आउँला' भन्ने प्रतिज्ञा गर्दी भई ॥११५॥ हरिणी भन्दछे—हे व्याधा!

भेदयन्ति तडागानि वापीनां च गवामपि। मार्गस्थानञ्च ये घ्नन्ति सर्वसत्वभयङ्कराः ॥११७॥
तेषां वै पातकं मह्यं यदि नायामि ते गृहम्। एतच्छ्रुत्वा तु व्याधेन सापि मुक्ता मृगी तदा ॥११८॥
जलं पीत्वा तु बहुशो गता सद्यो यथागतम्। जालिमध्ये स्थितस्यास्य द्वितीयः प्रहरो गतः॥११९॥
त्रुटित्वा विल्वपत्राणि पुनर्देवे न्ययोजयद्। पीडितोऽतीव शीतेन क्षुधया गृहचिन्तया ॥१२०॥
शिवशिवेति जल्पन् वै न निद्रामुपलब्धवान्। कृतं सुरार्चनं तेन प्रहरे प्रहरे गते ॥१२१॥

क्षत्रिय भएर संग्राम (रण) मा नजानेलाई जो पाप लाग्दछ यदि प्रातःकालमा आइन भने त्यो सम्पूर्ण पाप मलाई लागोस् ॥ ११६ ॥ गौचर इनार तलाउ भङ्ग गर्ने सम्पूर्ण प्राणीलाई भय दिने र मार्ग स्थान बिगार्ने यस्ता मनुष्यलाई जो पाप लाग्दछ यदि प्रातःकालमा आइन भने त्यो पाप मलाई लागोस् भन्ने प्रतिज्ञा गरी। व्याधाले यस्तो प्रतिज्ञा सुनेर त्यो हरिणीलाई पनि छोडिदिंदो भयो ॥ ११७॥ ११८॥ व्याधाले छोडिएकी मृगी जल पान गरेर तत्काल उसै मार्गबाट जाँदीभई ॥ हे पार्वति ! यस्तै तरहले त्यो जालिका मध्यमा बस्तावस्तै दुइ प्रहर पनि वित्यो ॥११९॥ ( शीत क्षुधा तृषा ) जाडो भोक तिर्खाले युक्त भएको फेरि घरको सुर्ता इत्यादिले युक्त भएको त्यो व्याधाले बिल्वपत्र टिपेर सोही शिवलिङ्गका उपर छोड्दो भयो ॥ १२० ॥ शोकले व्याकुल भएर 'शिव ! शिव !' पनि भन्दोभयो र निद्रा पनि लागेन; यस्तै प्रकारले शङ्कर भगवान्को दोस्रो प्रहरको पूजा पनि व्याधाले पूरा गर्‍यो ॥ १२१ ॥ तहाँ उप्रान्त त्यो व्याधालाई ता शिकारको मात्र ध्यान

वीक्ष्य चैव दिशं सर्वां सत्वमार्गं निरीक्षयन् । लुब्धकेनाथ दृष्टोऽसौ हरिणस्फुरितेक्षणः ॥१२२॥
विलोकयन् दिशः सर्वा मार्गमाणो मृगीपदान् । सौभाग्यबलदर्पाढ्यो मदनोन्मत्तपीवरः ॥१२३॥
तं दृष्ट्वा बाणमुद्यम्य आकर्णं तुष्टचेतसा । बाणं मुञ्चति यावद् वै तावद्दृष्टो मृगेण तु ॥१२४॥
कालरूपं तु तं दृष्ट्वा मृगश्चिन्तितवान् भृशम् । निश्चयो भविता मृत्युर्गोचरोऽस्य गतो यतः ॥१२५॥
भार्या प्राणसमामद्य व्याधेन हि निपातिता । तया विरहितस्याद्य नूनं मृत्युर्भविष्यति ॥१२६॥
हा हा ! कालकृतं पापं यद्भार्यादुःखमागतम् । भार्यया न समं सौख्यं गृहेपि च वनेपि च ॥१२७॥

थियो त्यस कारण कुनै जन्तु आउला र मारुँला भनेर चारैतिर हेर्दो भयो; उसै बखतमा एक हरिण आएको देख्यो ॥ १२२ ॥ कस्तो भने आफ्ना मृगीहरूलाई खोज्ने भएको र चारैतिर हेर्दो बलवान् पुष्ट ( मदन ) कामदेवले उन्मत्त भएको ॥१२३॥ यस्तो मृगलाई देखेर हर्षले युक्त भएको व्याधाले हातमा धनु लिएर बाण धनुमा चढाई फेरि पनि हात्रलाई जसै तयार भएथ्यो सोही बखतमा त्यो मृगले पनि व्याधालाई ॥१२४॥ साक्षात् कालतुल्य हातले धनु खैँचेर आफूलाई मार्न खडा भएको देख्यो ॥ तहाँ उप्रान्त मृगले पनि आफ्नो शरीरको आशा मारी चिन्ताले युक्त हुँदै मनमनैमा भन्दछ कि अब म यसको बाणका मार्गमा प्राप्त भएँ, अब मेरो अवश्य मृत्यु हुन्छ ॥१२५॥ प्राण तुल्य भएकी मेरी स्त्रीलाई पनि अहिल्यै यसै व्याधाले माऱ्यो, उसकै विरहले युक्त भएको मलाई पनि अवश्य मार्दछ ॥१२६॥ हा हा ! पूर्वजन्ममा गरेका पापका प्रभावले स्त्री-वियोगको दुःख आज मलाई प्राप्त भयो । अहो ! पत्नीले तुल्य सौख्य गृह या वन कहीं पनि छैन ॥ १२७ ॥ आफ्नो

तया विना न धर्मोऽस्ति नार्थकामौ विशेषतः। वृक्षमूलेऽपि दयिता तत्र तिष्ठति तद्गृहम् ॥१२८॥
प्रासादोऽपि तया हीनः कान्तारादतिरिच्यते। धर्मकामार्थकार्ये च भार्या पुंसः सहायिनी ॥१२९॥
विदेशे च गते वापि सा वै विश्वासकारिणी। नास्ति भार्यासमो बन्धुर्नास्ति भार्यासमं सुखम् ॥१३०॥
नास्ति भार्यासमा लोके नरस्यार्त्तस्य भेषजम्। यस्य भार्या गृहे नास्ति मापि च प्रियवादिनी ॥
अरण्यं तेन गन्तव्यं यथाऽरण्यं तथा गृहम्। एका प्राणसमा मेऽभूद् द्वितीया प्राणदा मम ॥१३२॥
इत्येवं चिन्तयित्वा तु लुब्धकं वाक्यमब्रवीत् ॥१३३॥ मृग उवाच—

प्राणप्यारी स्त्रीले विना विशेष गरीकन धर्म-कर्म पनि केही छैन ॥ वृक्षका छायामा बसे पनि स्त्री सँगमा छ भने त्यो गृह तुल्य हुन्छ॥१२८॥ बडा-बडा अटाली भएका महल छन् तापनि स्त्रीले हीन छ भने त्यो अघोर जङ्गलै तुल्य छ ॥ धर्म, काम, अर्थ यिनीहरूका कार्यमा पनि पुरुषको स्त्री नै सहायिका हुन्छे ॥१२९॥ यदि मनुष्य परदेश गयो भने पनि स्त्रीकै विश्वासमा घरको सम्पूर्ण श्रीसम्पत्ति छोडेर जान्छ ॥ तस्मात् पत्नीतुल्य पुरुषको अर्को बन्धु छैन। पत्नी समान सुख पनि पुरुषलाई अर्को छैन ॥ १३० ॥ लोकमा दुःखी मनुष्यको औषधि पनि पत्नी छोडेर अर्को छैन। जसको घरमा मीठो बोल्ने पत्नी छैन ॥१३१॥ त्यो मनुष्य वनमा जाई जाओस् किनकि ( यथाऽरण्यं तथा गृहम्) जस्तो वन हो त्यस्तै घर हो। त्यसको घर र जङ्गलमा केही फरक छैन। हेर मेरी एउटी प्राणतुल्य थिई, दोस्री प्राणदायक थिई; ती दुवैसँग आज-वियोग भयो, अब मैले के गर्ने हो? ॥१३२॥ यस्ता प्रकारले विलाप गरेर त्यो मृगले व्याधालाई भन्दोभयो ॥ १३३ ॥ हे व्याध!

श्रृणु व्याध ! नरश्रेष्ठ आमिषाहारभोजन । यत्ते पृच्छाम्यहं वीर ! तद्युक्तं वद मे प्रभो ॥१३४॥
आगतं हरिणीयुग्मं केन मार्गेण तद्गतम् । त्वया विनाशितं वाऽद्य सत्यं कथय मेऽधुना ॥१३५॥
तस्य तद्वचनं श्रुत्वा लुब्धको विस्मयं गतः । असावपि न सामान्यो देवता कोऽप्यनुत्तमः ॥१३६॥
उवाच लुब्धकः सत्यं तस्याग्रे वाक्यमुत्तमम् । ते गते तेन मार्गेण कृत्वा तु शपथं मम ॥१३७॥
ताभ्यां दत्तोऽसि भुक्त्यर्थं मम त्वमधुनाऽनघ । संप्रति त्वां हनिष्यामि नैव मोक्ष्यामि कर्हिचित् ॥१३८॥
मृग उवाच—तत्सत्यं कीदृशं ताभ्यां वाक्यमुक्तं तवाऽग्रतः ॥१३९॥

सर्वदा मासुको मात्र आहार गर्ने ! तिमीसँग एक बात सोद्धछु सो मलाई बताउ ॥ १३४ ॥ यै मार्गले दुइ हरिणी आएथे, ती यस बखतमा फेरि कतातिर गए अथवा तिमीले मार्‍यौ कि मलाई भन ॥१३५॥ यस्ता प्रकारका त्यो मृगको वचन सुनेर अत्यन्त आश्चर्यमा प्राप्त भएको त्यो व्याधा—यो मृग पनि सामान्य होइन, कोही देवता नै हो भन्ने विचार गरेर मृगसँग भन्दछ ॥१३६॥ हे मृग ! दुइ मृगीहरू आएथे, मेरा अगाडि अवश्य आउँला भन्ने प्रतिज्ञा गरेर यै मार्गले गए ॥१३७॥ तिनीहरूले मेरा निमित्त तँलाई पठाएका हुन् । अब यस बखतमा तँलाई छोड्दिन मार्दछु ॥१३८॥ यस्ता व्याधाको वचन सुनेर मृग फेरि भन्दछ—हे व्याध ! तिमीले भनेको सबै सत्य हो तर तिम्रो अगाडि ती मृगीहरूले कस्तो प्रतिज्ञा गरे ? जसमा तिमीलाई विश्वास परेर ती दुवै हरिणीलाई छाडिदियौ ॥१३९॥ औ तिमीले छोडिदिएका ती

येन ते प्रत्ययो जातो मुक्तं तद्धरिणीद्वयम् । ते गते केन मार्गेण ये मुक्ता व्याध तेऽधुना ॥१४०॥
व्याध उवाच-ते गते तेन मार्गेण स्वमाश्रमपदं प्रति । व्याधेन कथितास्ताभ्यां शपथा ये कृतास्तदा ॥१४१॥
तच्छ्रुत्वा वचनं तस्य हरिणो हृष्टमानसः ॥१४२॥ मृग उवाच—
ताभ्यां व्याध ! यदुक्तं च तत्करोमि न चान्यथा । प्रभाते त्वद्गृहं नूनमागमिष्यामि निश्चितम् ॥१४३॥
भार्या ऋतुमती जाता कामार्ताऽप्यधुना भृशम् । गत्वा गृहेषु भुक्त्वा च समापृच्छ्य सुहृज्जनान् ॥१४४॥
शपथैरागमिष्यामि गृहं ते नात्र संशयः । मद्देहं स्वगृहानद्य नेतुं शक्तः कथञ्चन ॥१४५॥

मृगीहरू कुन मार्गले गए, सो भन ॥१४०॥ यस्ता त्यो मृगको वचन सुनेर 'यही मार्गले आफ्ना आश्रममा गए' भनी व्याधाले देखाइदियो औ ती मृगीहरूले गरेका प्रतिज्ञा पनि सुनाइदियो ॥१४१॥ व्याधाको मुखदेखि यस्ता प्रकारको बात सुनेर अत्यन्त हर्षले युक्त भएको सो मृगले फेरि यो वचन बोल्यो ॥१४२॥ हे व्याध ! ती मृगीहरूले जो भनेका छन्, त्यस्तै म पनि अन्यथा गर्नेछैन, प्रातःकाल भएपछि अवश्य आउँला ॥१४३॥ तँ किन जान्छस् ? भनौला; मेरी स्त्री ऋतुमती भएकी छ; त्यसै कारणले कामार्त्ता छ। घरमा गएर त्यसका साथ सुख भोग गरी औ इष्ट-मित्रहरूसँग पनि भेटघाट गरेर ॥ १४४ ॥ शपथद्वारा म अवश्य आउँला, यसमा तिमी सन्देह नमान, फेरि हेर अहिल्यै यहीं मलाई मारी बोकेर लैजान थोडै सक्दछौ ? ॥ १४५ ॥ तसर्थ अहिले मलाई मार्नु त व्यर्थ छ; भोलि बिहान म आफैं तिम्रा

लुब्धक उवाच-असत्यं भाषसे धूर्त प्रतारयसि मां वृथा। ज्ञात्वा मृत्युं स्थितं तत्र तदाऽऽगच्छति कोऽल्पधीः॥
व्याधस्य वचनं श्रुत्वा हरिणो वाक्यमब्रवीत्। शपथैरागमिष्यामि यथा ते प्रत्ययो भवेत्॥१४७॥
व्याध उवाच-मृग त्वं शपथान् ब्रूहि विश्वासो मे भवेद्यथा। यथा त्वां प्रेषयिष्यामि स्वगृहं प्रति कामुकम्॥
मृग उवाच–भर्तारं वञ्चयेद्या स्त्री स्वामिनं वञ्चते नरः। मित्रं च वञ्चयेद्यस्तु गुरुद्रोहं करोति यः॥१४९॥
विरसं तु रसं दद्यात् प्रेमभङ्गं करोति यः। भेदयेद्यस्तडागानि प्रासादं पातयेत् तु यः॥१५०॥
प्रवादशीलो यो विप्रः क्रयविक्रयकारकः। सन्ध्यास्नानविहीनश्च वेदशास्त्रविवर्जितः॥१५१॥

घरमा आउँला ॥१४६॥ यस्ता मृगका वचन सुनेर व्याधा भन्दछ—हे धूर्त! मलाई ठगुँला भनेर किन बहकाउँछस्? मृत्युलाई खडा भएको देखेर को अल्पबुद्धि अगाडि आउँछ! तँ मेरा अगाडि किन आइस्? अब तँ बाँच्दैनस् ॥१४७॥ यस्ता व्याधाका वचन सुनेर फेरि मृग भन्दछ–हे व्याध! त्यसो नभन म अवश्य आउँछु; तिमीलाई कुन प्रतिज्ञा गर्नाले विश्वास लाग्दछ सो भन; म सोही बमोजिम विश्वास पारेर जान्छु भन्यो र व्याधा भन्दछ—हे मृग! उसो भए तँ यस्तो प्रतिज्ञा गरेर घर जा कि जसमा मलाई तेरो प्रतिज्ञाको विश्वास परोस् ॥१४८॥ व्याधाका यस्ता वचन सुनेर मृगले निम्नलिखित प्रतिज्ञा गर्नलाग्यो–मृग भन्दछ–हे व्याध! स्त्री भएर आफ्नू लोग्नेलाई ठग्ने, मित्र र गुरुको द्रोह गर्ने ॥१४९॥ अर्काको प्रेम भङ्ग गर्ने, असल चीजलाई खराब बनाएर दिने, तलाऊ बिगार्ने र घर भत्काउने ॥१५०॥ ब्राह्मण भएर प्रवादशील हुने औ व्यापार गर्ने, सन्ध्या-स्नान र वेद-शास्त्रहरूले रहित ॥ १५१ ॥ रक्सी खाने, परस्त्रीमा लम्पट हुने, अर्काको

मद्यपाः स्त्रीषु रक्ता ये परनिन्दारताश्च ये। परस्त्रीसेवका विप्राः परपैशुन्यसूचकाः ॥१५२॥
शूद्रान्नभोजिनो ये च भार्यापुत्रान् त्यजन्ति ये। वेदनिन्दापरा ये च वेदशास्त्रार्थनिन्दकाः ॥
तेषां वै पातकं मह्यं यदि नायामि ते गृहम् ॥१५३॥
भार्या संग्रहणी यस्य वृत्तशौचविवर्जिताः। सर्वाशी सर्वविक्रेता द्विजानामपि निन्दकाः ॥१५४॥
त्रिषु वर्णेषु शुश्रूषां यः शूद्रो न करोति वै। विप्रवाक्यं परित्यज्य पाखण्डाभिरताः सदा॥१५५॥
ब्रह्मचर्यरता शूद्रा ये च पाखण्डसंश्रिताः। तेषां वै पातकं मह्यं यदि नायामि ते गृहम्॥१५६॥

निन्दा गर्नमा कुशल चुक्ली गर्नमा तत्पर भएको ॥१५२॥ शूद्रान्नभोजी, आफ्ना स्त्री-पुत्रलाई त्याग्ने, वेद-शास्त्रको निन्दा गर्ने ॥ यस्ता ब्राह्मणलाई जो पाप लाग्छ यदि तिम्रा घरमा प्रातःकाल भएपछि आइन भने सो पाप मलाई लागोस् ॥ १५३ ॥ जसका स्याइते स्वास्नी घरमा हउन् सदाचारले रहित सम्पूर्ण चीज खाने बिक्री गर्ने र ब्राह्मणको निन्दा गर्ने ॥ १५४ ॥ शूद्र भएर ब्राह्मण, क्षत्रिय, वैश्यको सुसार नगर्ने, ब्राह्मणको वचन नमान्ने, पाखण्डमात्र गरेर हिंड्ने ॥१५५॥ पाखण्ड भनेको यस्तो कि जस्तै शूद्र भएर ब्रह्मचारी हुने यस्तालाई जो पाप लाग्छ यदि तिम्रो घर आइन० ॥१५६॥ तिल, तेल, घृत, मह, लवण, गुँड़, लोहा, लाहा अरू नाना प्रकारका रँगाउने रङ्ग यति चीज

तिलारतैलं घृतं क्षौद्रं लवणं सगुडं तथा। लौहं लाक्षादिकं सर्वं रङ्गान्नानाविधानपि ॥१५७।
विक्रेयानीति शूद्रेण तत्र दोषो न विद्यते। मद्यं मासं विषं दुग्धं नीलञ्च वृषभं तथा ॥१५८॥
मीनं क्षीरं सर्वकूटं चिन्तानक फलानि च। मद्यादिविक्रयेभ्यस्तु शूद्रोऽपि मदमोहितः ॥१५९॥
आदित्यं विष्णुमीशानं गणाध्यक्षं तु पार्वतीम्। एतांस्त्यक्त्वा गृहे मूढो यो न पूजयते नरः ॥१६०॥
यो गाः स्पृशति पादेन उदितेऽर्के च सुप्यति। एकाकी मिष्टमश्नाति तस्य पापं चराम्यहम् ॥१६१॥
मातापित्रोरपोष्टा च क्रियामुद्दिश्य याचकः। कन्याशुल्कोपजीवी च देवब्राह्मणनिन्दकः ॥१६२॥

बेच्नाले शूद्रलाई दोष छैन; मद्य, मांस, विष, दुग्ध, नील बयल, माछा, सर्वकूट र चिन्तानक फल इत्यादि मदले मोहित भएर शूद्रले बिक्री गरोस् ॥१५७॥१५८॥१५९॥ सूर्य विष्णु महादेव गणेश पार्वतीलाई त्याग गर्ने र यी देवताहरूको घरमा पूजा नगर्ने यस्तालाई जो पाप लाग्छ यदि प्रातःकालमा आइन० ॥१६०॥ औ जो गाईलाई लात्तले हान्दछ र सूर्य उदाएपछि पनि जो सुतिरहन्छ; एक्लै मीठो जो खान्छ यस्तालाई जो पाप लाग्छ यदि प्रातःकालमा आइन० ॥१६१॥ माता-पिताको पालन नगर्ने; झूठै छोराको व्रतबन्ध गर्नु छ अथवा छोरीको विवाह गर्नु छ भनेर माग्ने (दस हजार) द्रव्य दिएमात्र छोरी दिउँला भनेर राख्ने; जसले द्रव्य दियो उसलाई छोरी दिने त्यो धन आफूले खाने र देवता ब्राह्मणको निन्दा गर्ने ॥ १६१ ॥ गृहस्थ भएर बलि-वैश्वदेव नगर्ने; अतिथिको सम्मान नगर्ने यस्तालाई जो

गोग्रासं हन्तकारं च अतिथीनां च पूजनम्। ये न कुर्वन्ति गृहिणस्तेषां पापं भवेन् मम ॥१६३॥
वृन्ताकानि पटोलानि कालिङ्गं तुम्बकानि च। मूलकं लशुनं कन्दं कुसुम्भं कनशाककम् ॥१६४॥
एतानि भक्षयेद्यस्तु नरो वै ज्ञानदुर्बलः। यस्य वै जायते शुद्धिश्चान्द्रायणशतैरपि ॥१६५॥
एतेषां पातकं मह्यं यदि नायामि ते गृहम्। यः पठेत् स्वरहीनं च लक्षणेन विवर्जितम् ॥१६६॥
रथ्यासु सञ्चरन् विप्रो वेदानुद्गारयेत् तु यः। विप्रस्य पठतः क्वापि श्रृणोति यदि वान्त्यजः॥
वेदोपजीविको विप्रोऽतिलोभाच्छूद्र-भोजनः। तस्य पापेनलिप्स्यामि यदि नायामि ते गृहम् ॥१६७॥
सन्ध्याहीने व्रतभ्रष्टे विप्रे वेदविवर्जिते। तेन पापेन लिप्स्यामि यदि नायामि ते गृहम् ॥१६८॥

पाप लाग्छ यदि प्रातःकालमा आइन भने सो० ॥१६३॥ श्वेत भण्टा, रक्त परवर, रक्त मूला, तुम्बी, लहसन, कलिङ्गकन्द, कुसुम्भ कनशाक ॥१६४॥ ज्ञानले रहित भएको पुरुषले यति चीज खायो भने त्यसका शुद्धिका निमित्त चान्द्रायण व्रत गर्नुपर्छ ॥ १६५ ॥ यदि म आइन भने त्यो खानेलाई जो पाप लाग्छ सो पाप मलाई लागोस्। स्वर लक्षणले रहित भएर वेद-पाठ गर्ने ब्राह्मण ॥१६६॥ फेरि शूद्रले सुन्ने गरेर वेदपाठ गर्ने अथवा वेदपाठ गरेर जीविका गर्ने अथवा शूद्रको अन्न खाने औ वेद-पाठ गर्दै हिंड्ने यस्तालाई जो पाप लाग्छ यदि प्रातःकालमा म आइन भने सो० ॥१६७॥ सन्ध्या वेद-व्रतदेखि भ्रष्ट हुने ब्राह्मणलाई जो पाप लाग्छ यदि प्रातःकालमा आइन भने सो० ॥१६८॥ शूद्रको अन्न

शूद्रान्नेषु च ये शक्ताः शूद्रसम्पर्कदूषिताः। तेषां पापेन लिप्स्यामि यदि नायामि ते गृहम् ॥१६९॥
लेखकश्चित्रकर्ता च वैद्यो नक्षत्रसूचकः। कूटकर्ता द्विजो यश्च तस्य पापस्य भाग्यहम् ॥१७०॥
कूटसाक्षी मृषावादी परद्रव्यस्य तस्करः। परदाराभिगामी च ते च विश्वासघातकाः ॥१७१॥
द्रव्ये द्रव्यं विनिक्षिप्य पानंकूटसमाश्रिताः। वेश्यारताः सदा ये च दानं दातुर्निवारकः ॥१७२॥
भर्तारमर्थहीनं च कुरूपं व्याधिपीडितम्। या न पूजयते नारी रूपयौवनगर्विता ॥१७३॥
एकादशी तथा माघे या सा शिवचतुर्दशी। पूर्वविद्धा न कुर्वन्ति तेषां पापस्य भाग्यहम् ॥१७४॥

खाने सर्वदा शूद्रसँग सहवास गर्ने ब्राह्मणलाई जो पाप लाग्छ यदि प्रातःकालमा आइन भने सो० ॥ १६९ ॥ ब्राह्मण भएर लेखक वृत्ति गर्ने, चित्रकारी गर्ने तथा ज्योतिष नपढीकन ज्योतिषी भएर वृत्ति गर्ने यस्तालाई जो पाप लाग्छ यदि प्रातःकालमा आइन भने सो० ॥१७०॥ झूठा साक्षी बस्ने र सर्वदा झूठो बोल्ने, अर्काको धनको डाँका गर्ने, परस्त्रीगामी र विश्वासघात गर्ने ॥ १७१ ॥ द्रव्यमा द्रव्य राखेर छल्ने, मद्यपान गर्ने र सर्वदा वेश्यामा लम्पट, अर्काले दान दिनलागेको बेलामा रोक्ने ॥ १७२ ॥ कुरूपी, निर्धनी, रोगी भयो भनेर म बडी राम्री छु भन्ने घमण्डले आफ्ना पतिको शुश्रूषा नगर्ने यस्ती स्त्रीलाई जो पाप लाग्छ यदि प्रातःकालमा आइन भने सो० ॥ १७३ ॥ एकादशी माघकी ( शिव-चतुर्दशी ) शिवरात्रि पूर्वविद्धा नगर्ने यस्तालाई जो पाप लाग्छ यदि प्रातःकालमा आइन भने त्यो पाप० ॥ १७४॥ पहिले यति भनेर त्यो

अथ किं बहुनोक्तेन भो लुब्धक! तवाग्रतः। यदि नायामि ते गेहं मम सत्यं भवेद्धि तत् ॥१७५॥
तेन वाक्येन सन्तुष्टो व्याधो वै वीतकल्मषः। संहृत्य धनुषा बाणं मृगो मुक्तो गृहं प्रति ॥१७६॥
जलं पीत्वा तु हरिणः प्रविष्टो गहनं वनम्। गतोऽसौ तेन मार्गेण यातं येन मृगीद्वयम् ॥१७७॥
लुब्धकेन तदा तत्र जालिमध्ये स्थितेन हि। प्रत्यूषे बिल्वपत्राणि त्रोटयित्वा प्रतर्प्य च ॥१७८॥
शिवशिवेति जल्पन् वै आशु यातो निजाश्रमम्। अथोदिते सूर्यबिम्बे अकामाज्जागरे कृते ॥
पापान्मुक्तोऽन्यसौ सद्यः शिवपूजाप्रभावतः ॥१७९॥

मृग जो छ फेरि व्याधासँग भन्दछ—हे व्याध! धेरै कति भनूँ यदि तिम्रा घरमा प्रातःकाल भएपछि म आइन भने मैले यो जति-जति गर्नाले पाप लाग्ने कुरा भनें त्यो सम्पूर्ण पाप मलाई लागोस् ॥ १७५ ॥ यस्ता प्रकारको त्यस मृगको वचन सुनेर सन्तुष्ट भएको व्याधाले धनुषबाट बाण उतारेर त्यस मृगलाई जा भनेर छाडिदियो ॥ १७६ ॥ व्याधादेखि छुटेको त्यो हरिण पनि सोही तलाउको जल यथेष्ट पान गरेर जुन मार्ग हरिणीहरू गएथे सोही मार्गले वनमा जाँदो भयो ॥१७७॥ तहाँ उप्रान्त त्यस व्याधाले पनि सोही जालिका बीचमा बसेर बिल्वपत्र टिपी शिवका ऊपर चढायो ॥ १७८ ॥ शिव शिव भन्दै घरतिर जान आँट्यो। सूर्य उदय भएपछि जागरण गरेको र शिवको पूजा गरेको प्रभावले त्यो व्याधा जो छ सो तत्काल सम्पूर्ण पातकदेखि मुक्त भएको हुँदोभयो ॥१७९॥ भोजनमा निराश भएको थियो तैपनि केही पाउँछु कि भनी

यावद्दिशो निरीक्षेत निराशो भोजनं प्रति । तावच्छिशुवृता चान्या मृगी तत्र समागता ॥१८०॥
दृष्ट्वा मृगी तदा व्याधो बाणं धनुषि योजयन् । यावन्मुञ्चत्यसौ बाणं तावदुक्तं तया तदा ॥१८१॥
मा बाणं मुञ्च धर्मात्मन् धर्मं मा मुञ्च सुव्रत ! अहं न वध्या सर्वेषामिति शास्त्रे विनिश्चयः ॥१८२॥
राजभिर्मिथुनासक्तः सबालो व्याधिपीडितः । न हन्तव्यो मृगो सत्यं मृगी च शिशुना वृता ॥१८३॥
अथवा धर्ममुत्सृज्य मां हनिष्यसि मानव ! बालकं स्वगृहं मुक्त्वा सखीनां च निवेद्य वै ॥१८४॥
शपथैरागमिष्यामि व्याध ! शृणु वचो मम । या स्वभर्तारमुत्सृज्य परपुंसि रता सदा ॥

चारैतर्फ हेर्दथ्यो सोही बखतमा बचाहरू साथमा लिएकी एक अर्की हरिणी त्यहाँ आई ॥ १८० ॥ जसै त्यो हरिणीलाई देखेथ्यो धनुमा बाण चढाएर त्यो व्याधा हान्न तयार भयो । हे पार्वती ! जसै व्याधा हान्न तयार भएथ्यो त्यो हरिणीले आफुलाई बाण हान्न तयार भएको व्याधालाई देखेर भन्दछे ॥ १८१ ॥ हे व्याध ! मउपर तिमी बाण नछाड; मलाई छाडिदेऊ म सम्पूर्णदेखि अवध्य छु किनकि यो शास्त्रमा निश्चय छ ॥१८२॥ मैथुनमा आसक्त भएका बेलामा र बालकहरूले युक्त भएका तथा रोगले पीडा गरेका यस्ता मृग-मृगीहरूलाई मार्दैनन्, हेर म यस बखतमा बालकहरूले युक्त भएकी छु तसर्थ मलाई तिमी कसरी मार्दछौ ? ॥१८३॥ अथवा यो धर्मलाई त्याग गरेर तिमी मलाई मार्छौ भने यी बालकहरूलाई घरमा लगेर सखीहरूलाई दिई ॥ १८४ ॥ प्रतिज्ञापूर्वक म आउँछु; हे व्याध ! मेरो वचन सुन–जुन नारी आफ्ना

तस्याः पापेन लिप्स्यामि यदि नायामि ते गृहम् ॥१८५॥
मद्यं मांसं विषं दुग्धं नीलं कुम्भफलानि च । एतानि विक्रयेद्यस्तु नरो मोहसमन्वितः ॥१८६॥
तस्यास्तद्वचनं श्रुत्वा व्याधो विस्मयमागतः । ततो व्याधेन सा मुक्ता गता वै निजमन्दिरम् ॥१८७॥
व्याधोऽपि तत्सरस्त्यक्त्वा जगाम स्वगृहं प्रति । सर्वेषां वचनं न्याय्यं मृगाणां सत्यवादिनाम् ॥१८८॥
एतेषां घातको नित्यमहं गच्छामि कां गतिम् । क्रमाद्गृहं समायातो बालकाः क्षुधया वृताः ॥१८९॥
नान्नं मांसं गृहे तस्य भोजनं येन जायते । निशामिषं तु तं दृष्ट्वा निराशास्तेऽभवँस्तदा ॥१९०॥

पतिलाई त्याग गरेर अर्को पतिमा रत हुन्छे यदि तिम्रा घरमा आइन भने त्यसको पाप मलाई लागोस् ॥१८५॥ मद्य, मांस, विष, दूध, नीर, र कुम्भफल जो अज्ञानी बेच्तछन् यदि म आइन भने तिनलाई लाग्ने पाप मलाई लागोस् ॥ १८६ ॥ मृगीका यस्ता वचन सुनेर आश्चर्यले युक्त हुँदै व्याधाले त्यस मृगीलाई पनि छाडिदियो । त्यो मृगी जल पान गरी बालकहरूले सहित भएर जाँदी भई ॥१८७॥ जब त्यो हरिणी पनि गइथी तहाँ उप्रान्त तिनै सत्यवादी मृगहरूले जो प्रतिज्ञा गरेर गएथे सोही वचनको स्मरण गर्दै तलाउ त्याग गरी घर जान भनी निस्क्यो ॥१८८॥ अहो ! नित्य म यिनीहरूको घातक बनी मरे उप्रान्त कुन गतिमा प्राप्त हूँला भन्ने बाटामा विचार गर्दै आयो । भोकले युक्त भएका आफ्ना बालकहरूलाई देख्यो ॥१८९॥ त्यस व्याधाका घरमा अन्नहरू केही थिएन, सधैं मासु ल्याएर कुटुम्बहरूलाई खुवाउँथ्यो

व्याधोऽपि च तदा तत्र तेषां वाक्यानि संस्मरन् । न भोजनं न निद्रां च लभते विस्मयान्वितः ॥१९१॥
आगमिष्यन्ति ते नूनं शपथैरपि यन्त्रिताः । न तानहं वधिष्यामि सतां व्रतमनुस्मरन् ॥१९२॥
लुब्धकेन तदा मुक्तो हरिणः शपथैर्गतः । स्वमाश्रमं तु संप्राप्तो यत्र तद्हरिणीद्वयम् ॥१९३॥
सद्यः प्रसूता सा चैका द्वितीया रतिलालसा । तृतीयापि समायाता बालकैर्बहुभिर्वृता ॥१९४॥
सर्वाः समेता एकत्र मरणे कृतनिश्चयः । परस्परं प्रजल्पन्तो लुब्धकस्य विचेष्टितम् ॥१९५॥
आयातां हरिणीं भुक्त्वा रूपाढ्यां रतिलालसाम् । कृतकृत्योऽभवत्तत्र ताभ्यां वाक्यमथाब्रवीत् ॥१९६॥

कहिले आउला र खाउँला भनेर आशा गरिरहेका थिए, खाली आएको देखेर सम्पूर्ण निराश भए ॥ १९० ॥ त्यो व्याधा पनि मृगहरूका वचन सुनी आश्चर्य मानी त्यसलाई निद्रा थकाई केही लागेन ॥१९१॥ फेरि आफैं मनमा यो भन्दछ कि प्रतिज्ञा गरेर गएका ती मृगहरू अवश्य आउँछन् तर सज्जनको व्रत सम्झेर ती मृगहरूलाई म मार्दिन ॥१९२॥ तहाँ उप्रान्त व्याधाले छाडिदिएको मृगचाहिं जो हो प्रतिज्ञा गरेर गएका जहाँ ती दुइ हरिणीहरू बसेका थिए सोही आफ्ना आश्रममा जाँदोभयो ॥ १९३ ॥ तहाँ पुगेर देख्तछ ता एउटी भरखर सुत्केरी भएकी, अर्की रतिमा इच्छा भएकी देख्यो । त्यसै बखत अर्की पनि बालकहरूले सहित भएर आइपुगी ॥ १९४ ॥ ती सबैले व्याधाको हाल परस्परमा कहेर मरणमा निश्चय गरी बारम्बार त्यो व्याधाको चेष्टा भन्नलागे ॥१९५॥ मृगले पनि जो त्यो रतिको इच्छा गर्ने भएकी सुन्दरी

युष्माभिरिह संस्थेयं कर्त्तव्यं प्राणरक्षणम् । व्याघ्रादिभ्यो लुब्धकेभ्यो बालकानि प्रयत्नतः॥१९७॥
अहंमत्यानुगो भार्यां यो न भोक्ष्यति सद्व्रतः । भ्रूणहा स तु विज्ञेयस्तस्य जन्म निरर्थकम् ॥१९८॥
सन्तानात् स्वर्गमाप्नोति इह कीर्तिं च शाश्वतीम्। सन्ततिर्यत्नतः पाल्या स्वर्गसौख्यप्रदायिका। १९९॥
अपुत्रस्य गतिर्नास्ति इहलोके परत्र च। येन केनाप्युपायेन पुत्रमुत्पादयेत् पुमान् ॥२००॥
मया च तत्र गन्तव्यं यत्र व्याधस्य मन्दिरम् । सत्यं तु पालनीयं स्यात्सत्ये धर्मः प्रतिष्ठितः॥२०१॥
एतच्छ्रुत्वा तु ता नार्य्यो वाक्यमूचुः सदुःखिताः। वयमप्यागमिष्यामस्त्वया सार्द्धं मृगोत्तम ! ॥२०२॥

मृगी थिई त्यससँग भोग गरेर कृतकृत्य भई यो वचन बोल्दो भयो ॥१९६॥ यहाँ बसेर तिमीहरुले आफ्नू र बालकहरूको व्याघ्रादिहरू र व्याधादेखि यत्नपूर्वक रक्षा गरे ॥१९७॥ ऋतुमती पत्नीसँग जो अहङ्कारले भोग गर्दैन त्यसलाई भ्रूणहत्या लाग्दछ। त्यसको जन्म पनि निरर्थक छ ॥१९८॥ सन्तानले स्वर्ग मिल्दछ, यस लोकमा पनि कीर्ति स्थिर रहन्छ, तस्मात् सन्तानलाई यत्नपूर्वक पालना गर्नुपर्दछ किनकि त्यसले स्वर्ग र सौख्य दुवै पदार्थ मिल्दछ ॥१९९॥ अपुत्रको गति स्वर्ग र यस लोकमा कहीं पनि छैन तस्मात् पुरुषले कौनै प्रकारले पनि पुत्रको रचा गर्नुपर्दछ र गरोस् भनेको छ ॥ २०० ॥ हेर, मैले ता व्याधासित सत्य प्रतिज्ञा गरेर आएको छु, त्यो सत्यको प्रतिपालन अवश्य गर्नुपर्दछ किनकि सम्पूर्ण धर्म सत्यका बलमा रहेको छ, तस्मात् म व्याधाका घरमा जान्छु ॥ २०१ ॥ यस्ता त्यो मृगको वचन सुनेर ती मृगीहरूले

तथा ते विप्रियं कान्त ! न स्मरामः कदाचन । पुष्पितेषु वनान्तेषु नदीनां सङ्गमेषु च ॥२०३॥
कन्दरासु च शैलानां युष्माभी रक्षिता वयम् । न कार्यमद्य चास्माकं पीडितेन त्वया विना ॥२०४॥
नारीणां पतिहीनानां जीवितैः किं प्रयोजनम् ? मितं ददाति हि पिता मितं भ्राता मितं सुतः॥
अमितस्य च दातारं भर्तारं का न पूजयेत् ॥२०५॥
अपि द्रव्ययुता नारी बहुपुत्र-सुहृद्वृता । सा शोच्या बन्धुवर्गस्य पतिहीना कुलाङ्गना ॥२०६॥
अपि गन्धमाल्यः स्त्रियो नित्यं प्रीयन्ते भर्तुरग्रतः। नातन्त्री वाद्यते वीणा नचक्रो भ्रमते रथः ॥२०७॥

यो वचन बोले–हे मृगोत्तम ! हामीहरू पनि तिम्रा साथमा जान्छौं ॥ २०२ ॥ किनकि तिम्रो अप्रिय हामीहरू चाँहदैनौं । असल फलफूलका वन नदी ॥२०३॥ बडा-बडा पर्वत इत्यादि रमणीय सुन्दर जो विहार छन् तिनमा विहार गर्दा र खाँदा-पिउँदा, सुख-भोग गर्दा आजसम्म तिमीले हाम्रो रचा गर्‍यौ, अब सोहीं तिमी बिना हामीहरू क्षणमात्र पनि रहन सक्तैनौं ॥ २०४ ॥ फेरि हेर, पतिविना नारीहरूको जीवन धिक्कार छ, क्यै प्रयोजन छैन, हे कान्त ! पिता-माता, भाई-बन्धु यो सब प्रमाण अड्कल गरेर दिन्छन्, बाबुसँग बस्ता पनि अड्कलेर दिएकै मात्र खानुपर्छ, अप्रमाण अड्कल नगरीकन दिने ता केवल पति मात्र स्त्रीजातिको छ, तसर्थ यस्ता पतिको कुन नारी पूजा गर्दैनन् ॥२०५॥ फेरि धन दौलत, सुहृद् बन्धु पुत्रहरूले परिपूर्ण भएकी छ तापनि पतिले हीन भएकी छ भने त्यो कुलाङ्गना छ तापनि अत्यन्त निन्द्य हुन्छे ॥२०६॥ आफ्नू पति छ भने केवल गन्ध-मालाहरूले मात्र पनि शोभा पाउँछे । पति छैन भने अमूल्य रत्नहरूले जडित भएका

नापतिः सुखमाप्नोति नारी पुत्रशतैर्वृता । नास्ति भर्त्रा समो धर्मो नास्ति भर्त्रा समः सुहृत् ॥२०८॥
नास्ति भर्त्रा समो नाथः स्त्रीणां भर्ता परा गतिः ॥२०९॥
एवं विलप्य ताः सर्वा मरणे कृतनिश्चयाः । बालकैस्तैः समायुक्ता भर्तृशोकेन दुःखिता ॥२१०॥
मृगस्तासां वचः श्रुत्वा हृदि चिन्तापरोऽभवत् । गन्तव्यं किन्न गन्तव्यं मया व्याधस्य मन्दिरम् ॥२११॥
एकतः सुकृतं रक्षन् कुटुम्बस्य क्षयो भवेत् । तदन्तिकं न चेद्यामि मम सत्यं क्षयं व्रजेत् ॥२१२॥
वरं पुत्रस्य मरणं भार्य्याया आत्मनस्तथा । सत्ये कृते क्षये नित्यमाकल्पं रौरवं व्रजेत् ॥२१३॥

आभूषण लगाएको छ तापनि त्यो केही शोभा पाउन्न; जस्तै तार विना सितार बज्दैन औ जस्तै चक्र (पाङ्ग्रो) विना रथ चल्दैन त्यस्तै हे कान्त! तिमीविना हामीलाई केही सुख छैन ॥२०७॥ चाहे सयौं पुत्रले युक्त छ तापनि पतिविना स्त्रीलाई केही सुख छैन; पतिसमान धर्म, बन्धु, नाथ पनि स्त्रीको केही छैन; स्त्रीको परम गति नै पति छ ॥२०८॥२०९॥ तहाँ उभ्रान्त यस्ता हिसावले विलाप गरेर सम्पूर्ण ती मृगीहरूले मरणमा निश्चय गरी बालकहरूले युक्त भएका आफ्ना पतिसँगको वियोग हुन आँटेको जो शोक छ त्यसले अत्यन्त दुःखी भएका ॥२१०॥ ती मृगीहरूका वचन सुनेर अब व्याधाका घरमा जाउँ कि नजाउँ भन्ने चिन्ताले त्यो मृग अत्यन्त व्याकुल हुँदोभयो ॥२११॥ अब कसो गरौं–धर्मको रक्षा गरौं भने कुटुम्बको नाश हुने यदि नगरौं भने सत्यको नाश हुने ॥२१२॥ भनेर फेरि मन्दछ—बरू पुत्र, स्त्री र आफ्नूसमेत नाश हवस्, सत्यको नाश गर्नाले आकल्प रौरव नाउँ गरेको अघोर नरकमा पर्नुपर्दछ ॥२१३॥ तस्मात् श्रेयको

तस्मात् सत्यं पालनीयं नरैः श्रेयोऽर्थिभिः सदा। एवं सञ्चिन्त्य हरिणो धर्मान् हृदि मनोरमान् ॥२१४॥
ताभिः सहैव शनकैः क्षणात्तस्याऽऽश्रमं ययौ। तस्मिन् सरसि संस्नात्वा कर्मन्यासं चकार ह ॥२१५॥
तल्लिङ्गं प्रणिपत्याऽऽशु हृदि ध्यायन् सदाशिवम्। मानं पानं परित्यज्य मैथुनं भोगमेव च ॥२१६॥
कामं क्रोधं तथा लोभं मायां मोक्षविनाशिनीम्। वन्दयित्वा तु तं देवं लुब्धकाभिमुखं ययौ ॥२१७॥
तस्य भार्याश्च पुत्राश्च मरणे कृतनिश्चयाः। अनशनं व्रतं गृह्य पृष्ठलग्नाः समा ययुः ॥२१८॥
भार्या पुत्रैः परिवृतो मृगस्तद्देशमागतः। क्षुधितैर्बालकैर्युक्तः लुब्धको यत्र तिष्ठति ॥२१९॥
अथ तं देशमागत्य कुटुम्बेन समन्वितः। पालयन् सत्यवाक्यानि लुब्धकं वाक्यमब्रवीत् ॥२२०॥

इच्छा गर्ने पुरुषले सत्यको पालन गर्नु सर्वदा योग्य छ भन्ने यस्तो हिसावको हृदयमा शुद्ध विचार गरी त्यो मृग ॥ २१४ ॥ ती मृगीहरूले सहित व्याधाका आश्रममा प्राप्त भई सोही तलाऊमा स्नान गरेर ( कर्मन्यास ) मरणमा निश्चय गर्दो भयो ॥ २१५ ॥ फेरि तिनै जालीमा रहेका शिवलिङ्गको दर्शन दण्डवत् गरी आफ्ना हृदयमा शिवको ध्यान गरेर मान-अपमान, भोग-मैथुन ॥२१६॥ काम, क्रोध, लोभ, मोह-रूपी, मोक्षलाई नाश गर्ने मायालाई त्याग गरेर तिनै शिवलाई नमस्कार गरी सोही व्याधाका सम्मुखमा त्यो मृग प्राप्त भयो ॥ २१७ ॥ त्यो मृगका स्त्री पुत्रहरू पनि पछि लागेर गए ॥२१८॥ स्त्री-पुत्रले सहित भएर त्यो मृग क्षुधाले युक्त भएका स्त्री बालकहरूले सहित भई

मृग उवाच–हन्या मां प्रथमं व्याध, पश्चादेता क्रमेण तु। बालकानि ततः पश्चाद्धन्यतां मा विलम्बय ॥
लुब्धकैस्तु मृगा भक्ष्या नास्ति दोषः कदाचन। वयं यास्याम स्वर्लोकं सत्यपूता न संशयः ॥२२२॥
तथा ते सकुटुम्बस्य प्राणपुष्टिर्भविष्यति। एतच्छ्रुत्वा तु वचनं मृगेशपरिभाषितम् ॥
आत्मानं निन्दयित्वा तु लुब्धको वाक्यमब्रवीत् ॥२२३॥ व्याध उवाच—
अहो मृग महासत्व! गच्छ गच्छ स्वमाश्रमम्। आमिषेण न मे कार्यं यद् भाव्यं तद् भविष्यति ॥२२४॥
जीवानां घातने पापं बन्धने तर्जने तथा। नैव पापं करिष्यामि कुटुम्बार्थं कदाचन ॥२२५॥

जहाँ त्यो व्याधा बसेको थियो ॥२१९॥ सोही ठाउँमा गएर सत्यको पालन गर्दै त्यो व्याधासँग यस्ता प्रकारले बोल्दो भयो ॥ २२० ॥ हे व्याध! पहिले मलाई मार, तहाँ उप्रान्त मृगीहरूलाई मार, अनिपछि यी बालकहरूलाई मार, यसमा बिलम्ब नगर ॥ २२१ ॥ व्याधालाई मृगहरू मार्नाले दोष छैन, किनकि भक्ष्य हो; हामीहरू पनि सत्यले पवित्र भएर स्वर्ग जान्छौं, यसमा केही सन्देह छैन ॥ २२२ ॥ फेरि तिम्रा कुटुम्बको प्राण पनि बच्ने हुन्छ। यस्ता त्यो मृगका वचन सुनी आफ्नू आत्मालाई आफैं निन्दा गरेर त्यो व्याधा भन्दछ–॥२२३॥ अहो! हे मृग! तिमी आफ्नू घर जाऊ, मांसको मलाई कार्य केही छैन, हुने कुरो जो हो अवश्य हुन्यैछ, कदापि पनि टर्नेछैन ॥ २२४ ॥ कुटुम्बहरूको निमित्त यत्रो पाप उठाउन्न, जीवहरूको नाश हुने काम गर्दिन ॥ २२५ ॥ हे मृग! मेरा धर्मको गुरु आजदेखि तिमी भयौ;

त्वं गुरुर्मम धर्माणामुपदेष्टा मृगोत्तम ! गच्छ-गच्छ मृगश्रेष्ठ ! कुटुम्बेन समन्वितः ॥२२६॥
मया त्यक्तानि शस्त्राणि सत्यधर्मसमाश्रितः ॥२२७॥ मृग उवाच—
कर्मन्यासमहं कृत्वा त्वत्सकाशमिहागतः । हन्यतां हन्यतां शीघ्रं न ते पापं भविष्यति ॥२२८॥
मया दत्ता पुरा वाक् ते तया बद्धो न याम्यहम् । एतच्छ्रुत्वा तु वचनं लुब्धको वाक्यमब्रवीत् ॥२२९॥
लुब्धक उवाच-त्वं बन्धुस्त्वं गुरुस्त्राता त्वं मे माता पिता सुहृत् । मया त्यक्तानि शस्त्राणि त्यक्तं मायादिकं बलम् ॥
कस्य भार्या सुताः कस्य कुटुम्बश्च महामृग ! तैः स्वकर्म्म च भोक्तव्यं मृग, गच्छ यथासुखम् ॥२३१॥

कुटुम्ब सहित घर जाऊ; मैले छाडिदिएँ ॥२२६॥ सत्य धर्मको आश्रय गरेर आजदेखि शस्त्रहरू पनि सबै त्याग गरिदिएँ ॥२२७॥ यस्तो त्यस व्याधाको वचन सुनेर मृग भन्दछ—हे व्याध ! कर्मन्यास गरेर म तिमी भएका ठाउँमा आएँ, तस्मात् मार मार, तिमीलाइ पाप लाग्दैन ॥२२८॥ हेर मैले अवश्य आउँला भन्ने वचन दिएको थिएँ सोही सत्यले बद्ध भएर म आएको छु, अब फर्केर म घर जान्न। यस्ता मृगका वचन सुनेर त्यो व्याधा फेरि भन्दछ ॥२२९॥ हे मृग ! बन्धु, गुरु, माता, पिता औ रक्षा गर्ने सब मेरा तिमी नै हो, शस्त्र औ मायादि बलको सब त्याग गरिदिएँ ॥२३०॥ हे मृग ! म विरक्त छु, कसको को भार्या ? को पुत्र ? को कुटुम्ब ? तिनीहरू पनि आ ना कर्मको भोग गर्दछन् तस्मात् तिमी सुखपूर्वक आफ्ना घर जाऊ ॥२३१॥ यति त्यो मृगसँग भनेर झट धनुर्वाण उसै बखतमा त्यो मृगका

इत्युक्त्वा स तदा तूर्णं बभञ्ज सशरं धनुः। मृगं प्रदक्षिणीकृत्य नमस्कृत्य क्षमापयत् ॥२३२॥
एतस्मिन्नन्तरे नेदुर्देवदुन्दुभयो दिवि। आकाशात् पुष्पवृष्टिस्तु पापस्य सुमनोहरा ॥२३३॥
तदा दूताः समायाता सविमानं सुशोभनम् ॥२३४॥ देवदूत उवाच—
अहो व्याध ! महासत्व ! सर्वसत्वक्षयङ्कर। विमानमिदमारुह्य सदेहः स्वर्गमाविश ॥२३५॥
शिवरात्रिप्रभावेण पातकं ते क्षयं गतम्। उपवासस्तु संजातो निशि जागरणं कृतम् ॥२३६॥
यामे यामे कृता पूजाऽज्ञानेन श्रीशिवस्य च। सर्वपापविनिर्मुक्तो गच्छ त्वं भद्र ! मन्दिरम् ॥२३७॥

अगाडि भाँच्यो, तहाँ उप्रान्त त्यो मृगलाई प्रदक्षिणा गरेर दण्डवत् गरी–हे मृग ! तिमी धन्य रहेछौ भन्ने प्रार्थना गर्दोभयो ॥ २३३ ॥ जब त्यो व्याधाले धनुर्बाण तोडी त्यो मृगलाई नमस्कार गरेर क्षमा मागेथ्यो सोही बखत स्वर्गमा बाजा बजे, आकाशबाट त्यो व्याधा उपर पुष्पवृष्टि भयो ॥२३४॥ तहाँ उप्रान्त त्यो व्याधालाई लैजानका निमित्त विमान लिई देवदूत आए र व्याधालाई भन्दागए ॥२३५॥ हे व्याध ! सम्पूर्ण जीवको नाश गर्ने ! तिमी धन्य रहेछौ, यो विमानमा बसेर सदेह स्वर्ग हिड ॥ २३६ ॥ शिवरात्रिको व्रत औ जागरण गर्‍यौ र त्यसैका प्रभावले सब पापले रहित भएका भयौ ॥२३७॥ प्रहर प्रहरमा शिवको पूजा पनि गर्‍यौ, हे व्याध ! अज्ञानले शिवरात्रिको व्रत गर्‍यौ तापनि यसै व्रतका प्रभावले पाप मुक्त भएका तिमी जो छौ सो उत्तम स्थानमा जाऊ ॥-२३८ ॥ यति त्यो व्याधालाई भनेर ती देवदूतहरू

विमानं च समारुह्य सत्याच्चित्रपदं व्रज। मृगराज! महासत्व! भार्यापुत्रसमन्वितः ॥२३८॥
भार्यात्रितयसंयुक्तो नक्षत्रपदमाप्नु हि। तव नाम्ना तु नक्षत्रं लोके ख्यातं भविष्यति ॥२३९॥
एतच्छ्रुत्वा तु वचनं लुब्धकेन समन्वितम्। विमानं तु तदारुह्य नक्षत्रपदमागतः ॥२४०॥
हरिणीद्वयमन्वेनं पृष्ठतो मृगमेव च। तारात्रितयसंयुक्तं मृगशीर्षं तदुच्यते ॥२४१॥
बालकद्वितयं चाग्रे तृतीया पृष्ठतो मृगी। पृष्ठतस्तस्य सम्प्राप्ता मृगशीर्षस्य सन्निधौ ॥२४२॥
ऋक्षराड् दृश्यतेऽद्यापि ऋक्षव्योम्नि ह्यनुत्तमम्। उपवासं करिष्यन्ति जागरेण समन्वितम् ॥२४३॥

जो छन् मृगलाई भन्दछन्—हे मृगराज! महासत्व! तिमी पनि धन्य रहेछौ! स्त्री-पुत्रले सहित भएर विमानमा चढेर सत्यले विचित्र भएका स्थानमा जाऊ ॥२३८॥ झन स्थान भने तीनै स्त्रीले सहित नक्षत्रपदमा जाऊ, तिम्रो नाउँले युक्त भएको नक्षत्रलोकमा प्रख्यात होला ॥२४०॥ यस्ता ती देवदूतहरूको वचन सुनेर व्याधाले सहित विमानमा चढेर त्यो मृग नक्षत्रपदमा प्राप्त भयो ॥२४१॥ दुइ हरिणीहरू अगाडि-पछाडि मृग यी तीन जना तारा भए जसको नाउँ संस्कृतमा 'मृगशिरा' कहिन्छ ॥ भाषामा तीन तारे र पर्वतमा ६ आँख्ले पनि भन्दछन्, तराई मदेशतिर दण्डी-तराजु भन्दछन् ॥२४२॥ तेस्री मृगी जो हो दुइ बालक पछाडि मृगी अगाडि छ, साना दुइ तारा दुइ बचा हुन्, अगाडिकी मृगी हो, ती तीन तारा पनि अगाडि एक ठूलो तारा, पछाडि दुइ सोही मृगशिराका समीपमा देखिन्छन् ॥ २४३ ॥ यी नक्षत्रराजहरू अहै-

यथोक्तं शास्त्रमार्गेण तेषां मोक्षो न संशयः। शिवरात्रिसमं नास्ति व्रतं पापक्षयापहम् ॥२४४॥
यत्कृत्वा सर्वपापेभ्यो मुच्यते नात्र संशयः ॥२४५॥
अश्वमेधसहस्राणि वाजपेय शतानि च। प्राप्नोति तत्फलं सर्वं नात्र कार्या विचारणा ॥२४६॥

इति श्रीलिङ्गपुराणे उमामहेश्वरसंवादे शिवरात्रिव्रतकथा समाप्ता ॥

सम्म पनि आकाशमा छँदैछन्, कहिएको विधिले शिवरात्रिको व्रत जागरण प्रहर-प्रहरमा पूजा जो गर्दछन् हे पार्वति! ती अवश्य मोक्ष हुन्छन् यसमा सन्देह छैन ॥२४४॥ शिवरात्रि समान पाप नाश गर्ने अर्को व्रत छैन, जुन व्रत गर्नाले सम्पूर्ण पापदेखि मोक्ष हुन्छ ॥२४५॥ खालि यो शिवरात्रिको व्रत गर्नाले हजारौं अश्वमेध यज्ञ र सयौं वाजपेय यज्ञ गरेको फल प्राप्त हुन्छ, यसमा विचार गर्नु पर्दैन ॥ २४६ ॥ हे पार्वति! भनेर पार्वतीलाई महादेवले आज्ञा गर्नु भएको कथा नैमिषारण्य क्षेत्रविषे शौनकादि ८८ हजार ऋषिहरूलाई सूतनामका पौराणिकले विस्तार गर्दा भए, सोही कथा यहाँ पनि यथामति विस्तार गरियो ॥

इति श्रीलिङ्गपुराणे उमामहेश्वरसंवादे शिवरात्रि-व्रतभाषा कथा समाप्ता।

# अनन्त-पूजाविधिः

प्रातर्नद्यादिके स्नात्वा नित्यकर्मसमाप्य च। अनन्तं हृदये कृत्वा शुचिस्तत्र समाहितः॥
अव्रणं कलशं चैव वस्त्रयुग्मेन वेष्टितम्। मुष्टिमात्रेण दर्भैस्तु फणिराजं च कारयेत्॥
स्थापयेत् कलशस्याग्रे जगदाधारमव्ययम्। आराधयेदनन्तं च तस्मिन् कुम्भे विशेषतः॥
गोचर्ममात्रमालिप्य गोमयेन विचक्षणः। तन्मध्ये स्थण्डिलं कृत्वा पद्मष्टदलं लिखेत्॥
तस्योपरि न्यसेत् कुम्भं चूतपल्लवसंयुतम्। प्राणायामं ततः कृत्वा तीर्थ्यादि परिकीर्तयेत्॥

सङ्कल्पः—मम सकुटुम्बस्य क्षेमस्थैर्यायुरारोग्यचतुर्विधपुरुषार्थसिद्ध्यर्थं श्रीमदनन्त देवता प्रीत्यर्थं यथा ज्ञानेन ध्यानावाहनादिषोडशोपचारैः श्रीमदनन्तपूजां करिष्ये॥ तथा च आसनादिकं च करिष्ये।

आसनम्—पृथ्वित्वया धृता लोका देवि त्वं विष्णुना धृता। त्वं च धारय मां देवि पवित्रं कुरुचासनम्॥

कलशस्थापनम्—सर्वे समुद्राः सरितस्तीर्थानि जलदा नदाः। आयान्तु यजमानस्य दुरितक्षयकारकाः॥

सितासिते इति कलशे वरुणं च सम्पूज्य। ततः शंखं घण्टां च पूजयेत्।

मार्जनम्—अपवित्रः पवित्रो वा सर्वावस्थां गतोऽपि वा। यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः॥

इति पूजाद्रव्याणि आत्मानं च प्रोक्ष्य यमुनापूजनं करिष्ये।

ध्यानम्—लोकपालस्तु तां देवीमिन्द्रनीलसमुद्भवाम्। यमुने! त्वामहं ध्याये सर्वकामार्थसिद्धये।

आवाहनम्—सरस्वति! नमस्तुभ्यं सर्वकाम प्रदायिनि! आगच्छ देवि! यमुने! व्रतसम्पूर्तिहेतवे।

आसनम्—सिंहासनसमारूढे! देवशक्तिसमन्विते! सर्वलक्षणसम्पूर्णे! यमुनायै नमोऽस्तु ते॥

पाद्यम्—रुद्रपादे! नमस्तुभ्यं सर्वलोकहितप्रिये! सर्वपापप्रशमनि तरङ्गिण्यै नमोऽस्तु ते॥

अर्घ्यम्—तार्क्ष्यपादे नमस्तुभ्यं शङ्करप्रियभामिनि! सर्वकामप्रदे! देवि! यमुने! ते नमो नमः॥

आचमनम्—विष्णुपादोद्भवे देवि! सर्वाभरणभूषिते। कृष्णमूर्ते! महादेवि! कृष्णावेण्यै नमो नमः॥

मधुपर्कम्—सर्वपापहरे देवि! विश्वप्रिय प्रदर्शिनि। सौभाग्यं यमुने! देहि यमुनायै नमोऽस्तु ते॥

पञ्चामृतम्—नदीपादे! महादेवि! शङ्करार्धशरीरिणि! सर्वलोकहिते देवि! भीमरथ्ये! नमोऽस्तु ते॥

शुद्धोदकस्नानम्—सिंहपादोत्तमे! देवि नारसिंहसमप्रभे। सर्वलक्षणसम्पूर्णे भवनाशिनि ते नमः॥

श्वेतवस्त्रम्—विष्णुपादाब्जसम्भूते गंगे! त्रिपथगामिनि। सर्वपापहरे देवि भागीरथ्यै नमोऽस्तु ते॥

कञ्चुकीम्–शंकरस्य जटोद्भूते गौतमस्याघनाशिनि। सप्तधासागरं याति गोदावरि नमोऽस्तु ते ॥
आभरणम्–माणिक्यमुक्तावलिकौस्तुभैश्च गोमेदवैदूर्यसुपुष्परागैः।
वज्रैश्च नीलैश्च सुशोभितानि गृहाण सर्वाभरणानि देवि ॥
गन्धम्–चन्दनागरुकस्तूरीरोचनं कुंकुमं तथा। कर्पूरेण समायुक्तं गन्धं दद्मि च भक्तितः ॥
अक्षतान्–श्वेतांश्च चन्द्रवर्णाभान् हरिद्रा-रागरञ्जितान्। अक्षतांश्च सुरश्रेष्ठ! ददामि यमुने शुभे ॥
पुष्पाणि—मन्दारमालतीजातीकेतकीपाटलैः शुभैः। पूजयामि च देवेशि यमुने भक्तवत्सले ॥
अङ्गपूजा–चञ्चलायै नमः पादौ पूजयामि। चपलायै नमः जानुनी पूजयामि। भक्तवत्सलायै न० कटीं पू०।
हरायै नमः नाभिं पूज०। मन्मथवासिन्यै न० गुह्यं पूज०। अज्ञातवासिन्यै न० हृदयं पूज०।
भद्रायै न० स्तनौ पूज०। अघहन्त्र्यै न० भुजौ पूज०। रक्तकण्ठ्यै न० कण्ठं पूज०।
भवहन्त्र्यै न० मुखं पूज०। गौर्यै न० नेत्रे पूज०। भागीरथ्यै न० ललाटं पूज०।
यमुनायै न० शिरः पूज०। सरस्वत्यै न० सर्वाङ्गं पूज०।
नामपूजा–यमुनायै नमः। सितायै०। कमलायै०। उत्पलायै०। अभीष्टप्रदायै०। धात्र्यै०।